# कवि रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभूवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह

दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि

प्रस्तूत

## शोधपत्र


शोधार्थी

**दूर्गा दवाडी**

नेपाली केन्द्रीय विभाग

त्रिभूवन विश्वविद्यालय

कीर्तिपूर, काठमाडौँ


२०६६

शोधनिर्देशक
उप–प्राध्यापक डा. दूर्गाबहादूर घर्ती

# कवि रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभूवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तूत

## शोधपत्र

शोधार्थी

**दूर्गा दवाडी**
नेपाली केन्द्रीय विभाग
त्रिभूवन विश्वविद्यालय
कीर्तिपूर, काठमाडौँ
२०६६

# शोधनिर्देशकको मन्तव्य

त्रिभूवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा श्री दूर्गा दवाडीले **कवि रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व तथा कृतित्वको अध्ययन** शीर्षकको प्रस्तूत शोधपत्र मेरा निर्देशनमा तयार पार्नूभएको हो । उहाँले परिश्रमपुर्वक तयार पार्नूभएको यस शोधकार्यबाट म सन्तूष्ट छू र शोधपत्रको आवश्यक मुल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछू ।

मिति : २०६६ / १२ / १३

.............................................

**उप-प्रा. डा. दूर्गाबहादूर घर्ती**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभूवन विश्वविद्यालय**
**कीर्तिपूर, काठमाडौं ।**

# त्रिभूवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र सङ्काय
# नेपाली केन्द्रीय विभाग
# कीर्तिपूर, काठमाडौं

## स्वीकृतिपत्र

त्रिभूवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा श्री दूर्गा दवाडीले स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनको लागि तयार पार्नूभएको **कवि रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

## शोधपत्र मुल्याङ्कन समिति

| क्र.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा. राजेन्द्र सूवेदी<br>विभागीय प्रमूख | ............................... |
| २. | उप-प्रा. डा. दूर्गाबहादूर घर्ती<br>शोधनिर्देशक | ............................... |
| ३. | सह-प्रा. तूलसीमान श्रेष्ठ<br>बाह्य परीक्षक<br>रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं | ............................... |

मिति : २०६६ / १२ / १८

# कृतज्ञता-ज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभूवन विश्वविद्यालय, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका लागि आदरणीय गूरु डा. दूर्गाबहादूर घर्तीज्युको निर्देशनमा तयार पारेकी हूँ । आफ्नो अति व्यस्त जीवनमा पनि अमुल्य समय दिई मलाई सल्लाह, समूचित सूझाव र मार्ग-निर्देशनसमेत दिएर यस शोधकार्यको लेखनमा अभिप्रेरित गर्नूहूने मेरा शोधनिर्देशक श्रद्धेय गूरुज्युप्रति म हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछू ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधकार्य गर्ने सूअवसर प्रदान गर्नूहूने विभागीय प्रमूखज्युप्रति कृतज्ञ छु । त्यसैगरी शोधपत्रको तयारीका क्रममा सहयोग गर्दै शीघ्रताका निम्ति प्रेरणा दिनूहूने नेपाली केन्द्रीय विभागका गूरुहरूप्रति शब्दश्रद्धा व्यक्त गर्दछू ।

प्रस्तुत शोधपत्र तयार गर्ने सिलसिलामा आवश्यक सामग्री उपलब्ध गराई आफ्नो जीवनका विविध पक्षको लिखित तथा मौखिक जानकारी दिएर सहयोग सल्लाह र मार्गनिर्देशन समेत गर्ने मेरा शोधनायक आदरणीय श्री रमेशप्रसाद गौतमज्युप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछू ।

यो शोधकार्यको तयारीका क्रममा विविध पक्षबाट सहयोग गरी उचित सल्लाह र हौसला प्रदान गर्ने सहृदयी मित्रहरू नारायणी शर्मा, बीना कार्की र दया खड्गी (बेचैन) लाई धन्यवाद दिन चाहन्छू । यस शोधपत्र तयार गर्न विभिन्न पक्षबाट अभिप्रेरित गर्ने दाजूहरू शिवराम दवाडी र उत्तम दवाडीका साथै विशेषत: मेरा श्रीमान् उदयप्रसाद काफ्लेप्रति हार्दिक आभार प्रकट गर्दछू । शोधपत्र तयारी पार्दा आवश्यक पूस्तकहरू उपलब्ध गराइदिने केन्द्रीय पूस्तकालयलाई धन्यवाद दिन चाहन्छू ।

अन्तमा म प्रस्तूत शोधपत्रको समूचित मुल्याङ्कनका लागि त्रिभूवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपूरसमक्ष प्रस्तूत गर्दछू ।

मिति : २०६६ / १२ / १३

**शोधार्थी**

**दूर्गा दवाडी**<br>
**स्नातकोत्तर तह दोस्रो वर्ष**<br>
**समूह २०६१-२०६२**<br>
**नेपाली केन्द्रीय विभाग**<br>
**त्रिभूवन विश्वविद्यालय**<br>
**कीर्तिपूर, काठमाडौं ।**<br>
**२०६६**

# विषय-सुची


**परिच्छेद एक - शोधपत्रको परिचय** १-५

| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधकार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | १ |
| १.५ | शोधकार्यको उद्देश्य | २ |
| १.६ | पुर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य र महत्त्व | ४ |
| १.८ | शोधकार्यका सीमाङ्कन | ४ |
| १.९ | शोधविधि | ४ |
| १.१० | शोधपत्रको रूपरेखा | ५ |

**परिच्छेद दूई - रमेशप्रसाद गौतमको जीवनी** ६-१६

| | | |
|---|---|---|
| २.१ | जन्म र जन्मस्थान | ६ |
| २.२ | वंशपरम्परा | ६ |
| २.३ | बाल्यावस्था | ८ |
| २.४ | उपनयन | ८ |
| २.५ | शिक्षा-दीक्षा | ९ |
| २.५.१ | अक्षारारम्भ | ९ |
| २.५.२ | विद्यालयीय शिक्षा र उच्च शिक्षा | ९ |
| २.६ | जागिरे जीवन | १० |
| २.७ | पारिवारिक आर्थिक अवस्था | ११ |
| २.८ | दाम्पत्य जीवन र सन्तान | १२ |
| २.९ | रुचि तथा स्वभाव | १२ |
| २.१० | सिर्जनात्मकता | १३ |
| २.१०.१ | साहित्य सिर्जनामा प्रेरणा र प्रभाव | १३ |
| २.१०.२ | लेखनकार्य र प्रकाशित कृतिहरू | १३ |
| २.११ | सम्मान तथा पूरस्कार | १४ |
| २.१२ | संलग्नता | १५ |
| २.१३ | भ्रमण | १६ |
| २.१४ | निष्कर्ष | १६ |

**परिच्छेद तीन - रमेशप्रसाद गौतमको व्यक्तित्व** **१७-२५**

३.१ विषयप्रवेश १७
३.२ व्यक्तित्वका विभिन्न पक्षहरू १७
३.३ निजी व्यक्तित्व १८
३.३.१ बाह्य व्यक्तित्व १८
३.३.२ आन्तरिक व्यक्तित्व १९
३.४ सार्वजनिक व्यक्तित्व १९
३.४.१ साहित्यिक व्यक्तित्व १९
(क) कवि व्यक्तित्व २०
(ख) नाटककार व्यक्तित्व २१
३.४.२ साहित्येतर व्यक्तित्व २१
(क) लेख रचना लेखक व्यक्तित्व २१
(ख) सम्पादक व्यक्तित्व २२
(ग) जागिरे व्यक्तित्व २२
(घ) राजनैतिक तथा सामाजिक व्यक्तित्व २३
(ङ) धार्मिक व्यक्तित्व २४
(च) बहुभाषी व्यक्तित्व २४
३.५ जीवनी व्यक्तित्व र लेखनका बीच अन्त: सम्बन्ध २४
३.६ निष्कर्ष २५

**परिच्छेद चार - रमेशप्रसाद गौतमको कृतित्वको अध्ययन** **२७-१२०**

४.१ विषयप्रवेश २७
४.२ **भावनाको बगरमा** कवितासङ्ग्रहको अध्ययन २७
४.२.१ सङ्ग्रहको नामकरण २७
४.२.२ संरचना २८
४.२.३ विषयवस्तू ३०
४.२.३.१ प्रकृति चित्रण ३१
४.२.३.२ राष्ट्रियता / देशप्रेम ३२
४.२.३.३ विसङ्गत जीवनको चित्रण ३३
४.२.३.४ सामाजिक यथार्थ ३५
४.२.३.५ प्रगतिशील दृष्टिकाण ३६
४.२.३.६ निरङ्कूश प्रवृत्तिको चित्रण ३८

| | | |
|---|---|---|
| ४.२.३.७ | जीवन दृष्टि | ३९ |
| ४.२.३.८ | यूद्ध र निराशा | ४० |
| ४.२.३.९ | अतीतको स्मरण | ४१ |
| ४.२.३.१० | श्रमिकप्रति गर्व | ४२ |
| ४.२.४ | लयविधान | ४३ |
| ४.२.४.१ | अनूप्रास | ४३ |
| ४.२.४.२ | द्वित्व | ४४ |
| ४.२.४.३ | समानान्तरता | ४५ |
| ४.२.५ | भाषाशैली | ४६ |
| ४.२.६ | रसविधान | ४९ |
| ४.२.७ | अलङ्कार | ५० |
| ४.२.८ | बिम्ब तथा प्रतीक | ५१ |
| ४.२.९ | निष्कर्ष | ५३ |
| ४.३ | **वसन्तका बोटहरू** कवितासङ्ग्रहको अध्ययन | ५३ |
| ४.३.१ | सङ्ग्रहको नामकरण | ५३ |
| ४.३.२ | संरचना | ५४ |
| ४.३.३ | विषयवस्तू | ५७ |
| ४.३.३.१ | प्रकृति प्रेम | ५७ |
| ४.३.३.२ | देशभक्ति / राष्ट्रियता | ५९ |
| ४.३.३.३ | श्रृङ्गारिक भावना | ६० |
| ४.३.३.४ | राजनीति व्यङ्ग्य | ६४ |
| ४.३.३.५ | प्रगतिशील चेतना | ६५ |
| ४.३.३.६ | श्रमिकप्रति दृष्टिकोण | ६७ |
| ४.३.३.७ | यूगीन यथार्थ | ६८ |
| ४.३.३.८ | जीवनप्रति दृष्टिकोण | ७० |
| ४.३.३.९ | निराशाजनक भाव | ७२ |
| ४.३.३.१० | अन्यौलता | ७३ |
| ४.३.४ | लयविधान | ७४ |
| ४.३.४.१ | अनूप्रास | ७४ |
| ४.३.४.२ | द्वित्व | ७५ |
| ४.३.४.३ | समानान्तरता | ७६ |
| ४.३.५ | भाषाशैली | ७७ |
| ४.३.६ | रसविधान | ८० |
| ४.३.७ | अलङ्कार | ८० |

४.३.८ बिम्ब तथा प्रतीक ८१
४.३.९ निष्कर्ष ८४

४.४ **उजाड वसन्त** कवितासङ्ग्रहको अध्ययन **८५**

४.४.१ सङ्ग्रहको नामकरण ८५
४.४.२ संरचना ८५
४.४.३ विषयवस्तू ८९
४.४.३.१ द्वन्द्व र निराशा ८९
४.४.३.२ राष्ट्रप्रेम / राष्ट्रियता ९२
४.४.३.३ प्रकृति प्रेम ९४
४.४.३.४ यथार्थ प्रस्तूति ९६
४.४.३.५ प्रेमप्रणय मूलकता ९८
४.४.३.६ शान्तिको कामना ९९
४.४.३.७ शिक्षा १०२
४.४.३.८ राजनीतिक दृष्टिकोण १०३
४.४.३.९ सामाजिक विसङ्गति १०६
४.४.३.१० आमाप्रति गर्व १०८
४.४.३.११ ईश्वरप्रति दृष्टिकोण १०८
४.४.४ लयविधान १०९
४.४.४.१ अनूप्रास ११०
४.४.४.२ द्वित्व १११
४.४.४.३ समानान्तरता १११
४.४.५ भाषाशैली ११२
४.४.६ रसविधान ११५
४.४.७ अलङ्कार ११६
४.४.८ बिम्ब तथा प्रतीक ११७
४.४.९ निष्कर्ष १२०

४.५ ***देशको दूर्दशा*** फूटकर कविताको अध्ययन १२०

**परिच्छेद पाँच - उपसंहार** **१२३-१२८**

सन्दर्भग्रन्थसुची १२९

परिशिष्ट १३१

# सङ्क्षिप्त शब्दसुची

| | | |
|---|---|---|
| वि.सं. | - | विक्रम संवत् |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.शि.अ. | - | जिल्ला शिक्षा अधिकारी |
| पृ. | - | पृष्ठ |
| मा.वि. | - | माध्यामिक विद्यालय |
| एस.एल.सी. | - | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| आई.ए. | - | इन्टरमिडियट अफ आर्टस् |
| बी.ए | - | व्याचलर अफ आर्टस् |
| बी.एड. | - | व्याचलर अफ एजूकेसन |
| ल.पू. | - | ललितपूर |
| नं. | - | नम्बर |

# परिच्छेद - एक

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कवि रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभूवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषयपरिचय

रमेशप्रसाद गौतम वि.सं. २००६ साल फागून ११ गते काठमाडौं जिल्लाको स्यूचाटार गा.वि.स. वडा नं. ८ मा जन्मेका हून् । शिक्षा नै जीवनको अपरिहार्य पक्ष ठान्ने र शिक्षा क्षेत्रलाई सधैं माया गरेर पठनपाठन र अध्यापनका साथै कविता सिर्जनामा लागेका रमेशप्रसाद गौतमको विभिन्न पत्रपत्रिकामा साहित्यिक रचना र शैक्षिक लेखहरू प्रकाशित भएका छन् । शैक्षिक क्षेत्रमा छूट्टै पहिचान बनाउन सफल स्रष्टा गौतमले साहित्यिक क्षेत्रमा समेत आफुलाई स्थापित गरेका छन् । उनी सामाजिक परिवेश र आफ्ना जीवनमा भोगेका र भावनामा उर्लेका छालहरूलाई आफ्नो सिर्जनामा व्यक्त गर्न सफल साहित्यकार हून् । हालसम्म प्रकाशित भएका उनका कृतिहरू आठवटा रहेका छन् । साहित्यिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा समर्पित रमेशप्रसाद गौतमले शैक्षिक, सामाजिक संघ संस्थासँग आबद्ध भएर शैक्षिक र साहित्यिक क्षेत्रको उठानमा ठुलो योगदान पूर्‍याएका छन् ।

## १.४ समस्याकथन

रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मुल्याङ्कन गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरू रहेका छन् :

(क) रमेशप्रसाद गौतमको जीवनी यात्रा के कस्तो छ ?

(ख) रमेशप्रसाद गौतमको व्यक्तित्वका मूख्य पक्षहरू के-के हून् ?

(ग) रमेशप्रसाद गौतमको कृत्तित्व के कस्तो छ ?

(घ) साहित्यिक क्षेत्रमा उनले के कस्तो योगदान दिएका छन् ?

यिनै समस्याहरूको केन्द्रीयतामा रहेर प्रस्तूत शोधपत्र तयार गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित भई समस्याकथनमा उठेका समस्याहरूको अध्ययन, विश्लेषण र मुल्याङ्कन गर्न यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) रमेशप्रसाद गौतमको जीवनीयात्राको निरूपण गर्नू ।

(ख) रमेशप्रसाद गौतमको व्यक्तित्वका मूख्य पक्षहरूको पहिचान गरी तिनको समग्र पक्षको विश्लेषण गर्नू ।

(ग) उनका कृतिहरूका आधारमा गौतमको समग्र साहित्यिक पक्षको विश्लेषण र मुल्याङ्कन गर्नू ।

(घ) रमेशप्रसाद गौतमले साहित्यमा पूऱ्याएको योगदानको निरूपण गर्नू ।

## १.६ पुर्वकार्यको समीक्षा

शिक्षासेवी तथा साहित्यकार रमेशप्रसाद गौतमका बारेमा कतिपय विद्वान्हरूले चर्चा परिचर्चा गरेको पाइए तापनि उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वलाई समेट्ने गरी हालसम्म विस्तृत अध्ययन हून सकेको छैन । उनका बारेमा जे जति अध्ययन भएका छन्, तिनलाई यहाँ सङ्क्षेपमा कालक्रमिक ढङ्गमा प्रस्तूत गरिएको छ ।

**(क)** माधवप्रसाद घिमिरेले रमेशप्रसाद गौतमको **भावनाको बगरमा** कवितासङ्ग्रह (२०५०) को *मन्तव्य*मा प्रकृतिको सहज सौन्दर्यमा बसिरहेको प्रेम र करुणाको मुल फूटाउन सक्ने मानवका प्यारा कविका रूपमा चिनाएका छन् । प्रस्तूत अध्ययन कवि गौतम र उनको कवितासङ्ग्रहका कविताको सङ्क्षिप्त परिचयमा सीमित रहेको छ ।

त्यसैगरी उनले रमेशप्रसाद गौतमको **उजाड वसन्त** कवितासङ्ग्रह (२०६२) को *भुमिका*मा गौतम सौन्दर्य र संवेदनाका कवि हून् भनी गौतमका कविताका पहिचान गराएका छन् ।

**(ख)** मोहन हिमांशू थापाले रमेशप्रसाद गौतमको **वसन्तका बोटहरू** कविता- सङ्ग्रह (२०५४) को *भुमिका*मा गौतमलाई प्रणयजन्य भावनाले ओतप्रोत सौन्दर्य र माधूर्यको चैतन्यरूप प्रदान गर्ने र करुणाले भरिएका कविताका माध्यमबाट जीवन

जगत्का विविध पक्षमा सञ्चेतनाको अभिव्यक्ति दिने कविका रूपमा चित्रण गरेका छन् । प्रस्तुत अध्ययन कवि गौतम र उनको कवितासङ्ग्रहका कविताको सामान्य टिप्पणीमा मात्र सीमित रहेको छ ।

(ग) दूर्गाबहादूर घर्तीले **गौतम समाज स्मारिका** (२०५६) को *नेपाली साहित्यमा गौतम-बन्धूहरू* शीर्षकमा प्रणय, करुणा, सौन्दर्य-चेतना, राष्ट्रिय भावना र प्रजातान्त्रिक मुल्यप्रतिको उद्घोष अनि विश्वप्रेम जस्ता भावनाले उनका कविताहरू सिंचित-पल्लवित छन् भनी उल्लेख गरेका छन् । उक्त लेखमा गौतमका कविताहरूमाथि सङ्क्षिप्त टिप्पणी मात्र गरिएको छ ।

(घ) दमननाथ ढूङ्गानाले रमेशप्रसाद गौतमको **शिक्षा सौगात** (२०५८) कृतिको *भुमिका*मा गौतम लामो समयदेखि नेपालको शैक्षिक क्षेत्रमा कर्मनिष्ठ, साधनारत र समर्पित व्यक्तित्वको नाम हो भनी उल्लेख गरेका छन् ।

(ङ) सूरेशराज शर्माले रमेशप्रसाद गौतमको **नागरिक शिक्षा** (२०६१) कृतिको *भुमिका*मा गौतमले आफ्नो व्यावहारिक जीवनमा देखेका, भोगेका तथा गरे गराएका नागरिक शिक्षासम्बन्धी भ्रूल्काभ्रूल्कीको सँगालो हो भनी उल्लेख गरेका छन् ।

(च) रमेश बानियाँले **प्रतिप्रश्न पत्रिका** (२०६२ साउन) को *साक्षात्कार* शीर्षकमा महाकवि देवकोटाको प्रगतिवादी काव्यधाराबाट प्रभावित भएका गौतम शैक्षिक क्षेत्रमा आएका विकृति एवं विसङ्गतिहरूलाई कलमी खबरदारी गर्दै शैक्षिक क्षेत्रलाई व्यवस्थित र मर्यादित गर्न लागिपरेको कूरा उल्लेख गरी गौतमलाई एउटा शिक्षासेवी व्यक्तिका रूपमा चित्रण गरेका छन् ।

(छ) २०६३ साउन २४ गतेको **अजेण्डा** पत्रिकाले *व्यक्तित्व र कृतित्व* शीर्षकमा शिक्षामा रहेको दखखलकै हाराहारीमा गौतमको लेखन क्षेत्र पनि मजबूत रहेको र विभिन्न पत्रपत्रिकामा लेखरचना लेख्ने गौतमको **भावनाको बगरमा**, **वसन्तका बोटहरू**, **उजाड वसन्त** कवितासङ्ग्रह र फूटकर लेखरचनाको सँगालोको रूपमा आधा दर्जनभन्दा बढी कृतिसमेत प्रकाशित भएको कूरा उल्लेख गरिए तापनि यो सामान्य सङ्केतात्मक टिप्पणीका रूपमा मात्र रहेको छ ।

माथि उल्लेख गरिएका अध्ययनहरू नै उनका बारेमा भएका पुर्वकार्य हून् । यस बाहेक उनको विस्तृत अध्ययन अनूसन्धान हून सकेको छैन । हून त रमेशप्रसाद गौतमका बारेमा माथि उल्लिखित पुर्वकार्यहरू भए तापनि उनको समग्र पक्षलाई समेटेर अध्ययन

नभएको हूँदा उनका जीवनी, व्यक्तित्व र कृतिहरूको विस्तृत र व्यवस्थित रूपमा अध्ययन र अनूसन्धानमा यो शोधकार्य केन्द्रित रहेको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

कवि तथा शिक्षाविद् रमेशप्रसाद गौतम नेपाली साहित्यका विशिष्ट प्रतिभा हून् । उनको नेपाली साहित्य र शैक्षिक क्षेत्रमा छूट्टै मुल्य र महत्त्व रहेको छ । समाजमा आफुले भोगेका, देखेका अनूभुति र समस्याहरू आफ्नो कृतिहरूमा व्यक्त गर्ने रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र अनूसन्धान अवश्य नै सान्दर्भिक र उपयोगीपुर्ण देखिन्छ । रमेशप्रसाद गौतमको सम्पुर्ण जीवनी, व्यक्तित्व र कृतिहरू आजसम्म प्रकाशित लेख रचनाहरूले स्पष्ट पारेका छैनन् । उनै रमेशप्रसाद गौतमको बारेमा जान्न चाहने जो कोहीलाई पनि सहयोग पूग्ने हूनाले यो शोधकार्य औचित्यपुर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तूत शोधपत्र कवि तथा शिक्षाविद् रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतिहरूको अध्ययन, विश्लेषण र मुल्याङ्कनमा सीमित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तूत शोधपत्रमा रमेशप्रसाद गौतमको जीवनी, व्यक्तित्व र कृतिहरूको अध्ययन भएकोले यस शोधकार्यमा सामग्री सङ्कलन मुलत: पूस्तकालयीय विधिद्वारा गरिएको छ । यसै क्रममा स्वयं शोधनायकसँग सम्पर्क गरी लिखित तथा मौखिक अन्तर्वार्ताका माध्यमबाट आवश्यक जानकारी लिइएको छ । यस शोधकार्यमा शोधनायकका परिवारका साथै अन्य सम्बन्धित व्यक्तित्वसँग पनि सोधपूछ गरी सामग्री सङ्कलन गरिएको छ । उनका विभिन्न कृतिहरूका भुमिका र मन्तव्यको साथै शोधनायकसँग परिचित विशिष्ट प्राज्ञिक, राजनैतिक र साहितियक व्यक्तिहरूका विचारलाई पनि सहायक सामग्रीका रूपमा प्रयोग गरिएको छ । गौतमको जीवनी र व्यक्तित्वका विवेचनाका क्रममा आवश्यकताअनूसार जीवनीपरक, प्रभावपरक समलोचना प्रणाली तथा कृतित्वको विवेचनाका क्रममा विधा सिद्धान्तलाई आधार मानी वर्णनात्मक र विश्लेषणात्मक अध्ययन पद्धति अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई संगठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

**परिच्छेद एक** – शोधपरिचय

**परिच्छेद दुई** – रमेशप्रसाद गौतमको जीवनीको अध्ययन

**परिच्छेद तीन** – रमेशप्रसाद गौतमको व्यक्तित्वको अध्ययन

**परिच्छेद चार** – रमेशप्रसाद गौतमको कृतिहरूको अध्ययन

**परिच्छेद पाँच** – उपसंहार

**सन्दर्भग्रन्थसुची**

**परिशिष्ट**

प्रस्तुत शोधपत्रमा उपर्यूक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकताअनूरूप विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरिएको छ ।

# परिच्छेद - दुई

# रमेशप्रसाद गौतमको जीवनी

## २.१ जन्म र जन्मस्थान

रमेशप्रसाद गौतमको जन्म बागमती अञ्चल, काठमाडौँ जिल्ला, स्यूचाटार गा.वि.स. वडा नं. ८ किम्सीमा वि.सं. २००६ साल फाल्गुन ११ गते तदनूसार सन् १९५० फेब्रूअरी २६ तारिखका दिन पिता गोविन्दप्रसाद गौतम र माता महकूमारी गौतमका साहिँला सूपूत्रका रूपमा भएको हो । उनको नक्षत्रअनूसार न्वारानको नाम दिनानाथ गौतम हो । साहित्यिक तथा अन्य विभिन्न क्षेत्रमा प्रचलित नाम भने रमेशप्रसाद गौतम हो ।[१]

## २.२ वंशपरम्परा

गौतमहरूका पूर्खा ब्राह्मणहरूको पवित्र स्थल भारतको कान्यकूब्ज प्रदेश (कन्नौज) बाट नेपालको रुकूम जिल्लाको गोताम भन्ने ठाउँमा बसोवास गरेको भन्ने भनाइ वंशावलीहरूमा पाइन्छ । मानव संस्कारको क्रमिक विकास हूँदै वर्तमान समयसम्म आइपूग्न कैयौं हजार वर्ष लागेको पाइन्छ । मानिसको कूल घराना, गोत्र र थरबाट सो मानिसको संस्कार, सभ्यता, मुल्य, मान्यता तथा स्वभाव र सामाजिक हैसियतको ज्ञान पाइन्छ ।[२]

रमेशप्रसाद गौतमको पूर्ख्यौली केलाउँदा अत्रिगोत्रीय गौतमहरू नेपालको रुकूम जिल्लाको गोताम भन्ने ठाउँबाट यत्रतत्र विस्तारित हूँदै बसोवास गरेको र 'गोतामे' भन्ने थर राखेको पाइन्छ । यसै गोत्रमा उत्पन्न स्वनामधन्य प्रकाण्ड विद्वान कूलचन्द्र गौतमले गौतम थरको प्रतिपादन गरिएपछि यही थर प्रख्यात भएको पाइन्छ ।[३] गौतमहरूका पूर्खाको बसोवास अहिले पुर्वदेखि पश्चिमसम्म छरिएर रहेको पाइन्छ । मूख्य-मूख्य स्थलहरूको मुलपूरुषलाई लिंदा गौतमहरूका पूर्खा ऋतूभद्रदेखि पैंतिसौं पूस्ताका गंगारामका चार भाइ छोराहरूमध्ये श्यामसून्दरका वंशहरूको बसोवास काठमाडौँ स्यूचाटार किम्सीतर्फ देखिएको छ । यसै क्रममा रमेशप्रसाद गौतमका बाजे भवनाथ गौतम एकचालिसौं पूस्तामा देखिन्छन् भने बयालिसौं पूस्ताको क्रममा बाबू गोविन्दप्रसाद गौतमको नाम आउँछ, त्यस्तै

१. शोधनायकबाट प्राप्त जानकारी ।
२. **गौतम वंशावली**, (काठमाडौँ: गौतम समाज, २०५८), पृ.छ ।
३. जगदीशचन्द्र गौतम र घनश्याम गौतम, "गौतम समाजको स्थापना र यसको नालीबेली", **गौतम समाज स्मारिका,** (वर्ष १, अङ्क १, २०५६), पृ.५-९ ।

(शोधनायक) रमेशप्रसाद गौतम त्रिचालिसौं पूस्तामा रहेका छन् ।[४]

रमेशप्रसाद गौतम भवनाथ गौतमको नाति गोविन्दप्रसाद गौतमको छोरा हून् । उनको तीनपूस्ते पृष्ठभुमि केलाउँदा बाजे भवनाथका चारजना छोराहरू षडानन्द गौतम, तूलसीराम गौतम, शालिकराम गौतम र गोविन्दप्रसाद गौतमको जन्म भएको पाइन्छ । रमेशप्रसाद गौतमका पिता गोविन्दप्रसाद गौतम कान्छा सूपूत्र हून् । उनी धार्मिक प्रवृत्तिका व्यक्ति थिए ।उनी बिहानै उठ्ने, नित्य पुजागर्ने, धार्मिक किताबहरू र संस्कृत श्लोक पाठ गर्ने गर्दथे । उनले गूरुकूल शिक्षा हासिल गरेका थिए ।[५] कृषि नै मूख्य पेसा भएका गोविन्दप्रसाद गौतम वि.सं. २०२५ साल चैत्र महिनामा देहावसान भएका थिए । आमा महकूमारी गौतमको वि.सं. २०५७ साल वैशाख महिनामा मृत्यू भएको थियो ।[६]

पिता गोविन्दप्रसाद गौतमका पाँच भाइ छोराहरू र एक छोरीको जन्म भए पनि जेठो छोरा बाबूराम गौतमको पहिले नै निधन भइसकेको छ । रमेशप्रसाद गौतमका हाल एकजना दाजू श्रीधर गौतम, दूईजना भाइहरू उमेश गौतम र नरेश गौतम, एकजना दिदी गीता घिमिरे रहेकी छिन् । रमेशप्रसाद गौतम साहिँला सूपूत्र हून् ।[७] मध्यमवर्गीय एवं धार्मिक पारिवारिक पृष्ठभुमि भएका रमेशप्रसाद गौतमका पूर्ख्यौलीहरूको मूख्य पेसा कृषि भए पनि उनका दाजूभाइ सरकारी सेवामा लागेको पाइन्छ । दाजू श्रीधर गौतम हूलाक सेवा निवृत्त कर्मचारी हून् । भाइ उमेश गौतम अर्थ मन्त्रालयमा उप-सचिव पदमा कार्यरत छन् भने अर्का भाइ नरेश गौतम घरेलू समितिमा अधिकृत पदमा रहेर देशको सेवा गरिरहेका छन् । दिदी गीता घिमिरे एक कूशल गृहिणीको रूपमा रहेकी छिन् । स्वयं रमेशप्रसाद गौतम हालसम्म प्रदर्शनी मार्ग स्थित पद्मोदय मा.विको प्रधानाध्यापक पदमा कार्यरत छन् ।[८]

गोविन्दप्रसाद गौतमका सन्तानहरूमा जम्मा ६ जना भएको पाइन्छ । उनको पारिवारिक स्थितिलाई हेर्दा ज्यादै शिष्ट र सभ्य रहेको देखिन्छ । यसरी अगाडि बढेको पारिवारिक पूर्ख्यौलीमा भने यो खोजसम्म रमेशप्रसाद गौतमको श्रीमती सविता गौतम, तीन छोरीहरू सविना गौतम (कोइराला), प्रीति गौतम (अधिकारी) र पुजा गौतम रहेका छन् । गौतमका श्रीमती र तीन छोरीहरू गरी पाँच जनाको परिवार भएको पाइन्छ ।[९]

---

४. **गौतम वंशावली**, पुर्ववत् पृ. २८६ ।
५. शोधनायकबाट प्राप्त जानकारी ।
६. ऐजन ।
७. ऐजन ।
८. ऐजन ।
९. ऐजन ।

## २.३ बाल्यावस्था

रमेशप्रसाद गौतमको बाल्यकाल हरियाली तथा मनोरम वातावरण भएको स्यूचाटार गा.वि.स.मा नै बितेको थियो । मध्यमवर्गीय कृषक परिवारमा जन्मे पनि उनको बाल्यकाल सहज रूपमा नै बितेको पाइन्छ ।[१०] बाल्यकालमा उनी आँगनको धुलिमाटीमा खेल्ने गर्थे । घरमा गाईभैंसी, बाख्रा पालिएकाले गाईका बाच्छा, चूलबूले पाठा र कूकूरका छाउराहरूसँग रमाउँदै खेल्ने गर्दथे । बाबू आमा धार्मिक स्वभावका भएकाले खेल्दा पनि मन्दिर बनाउने, पुजा गर्ने, इनार खनेको भन्दै खाल्डो बनाउने र बाहिरबाट पानी हाँलेर इनारमा पानी आयो भनेर खेल्ने गर्दथे । त्यस्तै गूच्चा र डण्डीबियो उनलाई झन मनपर्ने खेल थियो ।[११]

पढाइमा तीक्ष्ण बूद्धि भएका गौतमले घरमा दाजूहरूले लेखपढ गरेको देखेर सजिलैसँग अक्षरहरू चिनेका थिए । उनको चाहना सानैदेखि पढाइमा भए तापनि त्यसबेला स्यूचाटारमा कूनै स्कुल थिएन । उनले विद्यार्थी जीवनको सूरुआतमा पढ्न निकै कष्ट गर्नू परेको थियो । स्कुल नजिक नहूँदा एक/डेढ घण्टा हिंडेर स्कुल जानू पर्थ्यो । सानो भएकाले स्कुल जानबाट बेलाबेलामा रोकिन्थ्यो । पढाइमा रुचि भएकाले स्कुल जान नपाउँदा उनलाई धेरै समस्या पर्दथ्यो । सानो कक्षामा छँदा धेरै बोल्दैनथे गल्तीको विरोध गर्दथे र साथीहरूको गल्ती औँल्याइदिँदा बेला-बेलामा साथीहरूसँग झगडा पनि पर्दथ्यो ।[१२] पढाइमा तेज भएकाले गूरु, गूरुआमाले माया गर्थे । नपढ्ने विद्यार्थीलाई कान निमोठ्ने काम उनलाई लगाउँथे तर उनी साथीहरूलाई दण्ड दिन चाहँदैनथे । स्कुल टाढा भएकाले केही समय डेरामा पनि बसेका थिए । उनी पौडी खेल्न सिपालू भएकाले गाउँको खोला र पोखरीमा खूब पौडी खेल्थे भने नर्कटघारी र नीलकाँडाघारी छिचोल्दै उनी बालाजूसम्म पौडी खेल्न पूग्थे ।[१३] उनको बाल्यकाल रमाइलो क्षणहरूले बितेको पाइन्छ ।

## २.४ उपनयन

हिन्दु समाजमा गरिने विभिन्न संस्कारमध्ये व्रतबन्ध (उपनयन) संस्कार पनि महत्त्वपुर्ण रहेको छ । प्राय: अध्ययन गर्न सक्षम भएपछि ब्राह्मण, क्षेत्रीय, वैश्यहरूको आ-आफ्नै परम्पराअनूसार उपनयन संस्कार गर्ने प्रचलन छ । तत्कालीन परिवेश र ब्राह्मण संस्कारअनूसार उपनयन संस्कार कलिलो उमेरमा गरिन्थ्यो । रमेशप्रसाद गौतमको

---

१०. ऐजन ।

११. रमेशप्रसाद गौतम, "मनवती खोलामा छलाङ", **कान्तिपूर,** (*कोपिला,* २०६३ माघ ५ गते) पृ.घ ।

१२. रमेश बानियाँ, "साक्षात्कार", **प्रतिप्रश्न,** (२०६२ साउन २८ गते), पृ.३ ।

१३. रमेशप्रसाद गौतम, पुर्ववत्, पृ.घ ।

पनि पाँच वर्षको कलिलो उमेरमा वि.सं. २०११ सालमा कर्मकाण्डीय विधि विधानअनूसारजन्म घर स्यूचाटारमा नै उपनयन संस्कार भएको थियो । उनको उपनयनमा छर-छिमेक, नातागोता, इष्टमित्र तथा अन्य आमन्त्रित पाहूनाहरूलाई यथाशक्य भोज भतेर लगाई हर्सोल्लाससाथ सम्पन्न भएको थियो । दाजूभाइहरूसँगै उनको उपनयन संस्कार सम्पन्न भएको थियो । गौतमले गायत्री-मन्त्र बाबू गोविन्दप्रसाद गौतमबाट लिएका हून् ।[१४]

## २.५ शिक्षा - दीक्षा

### २.५.१ अक्षारारम्भ

प्राय: बालबालिकाहरु दूई वर्षमा बोल्न सक्षम भैसकेका हून्छन् भने चार वर्षको उमेरसम्ममा अक्षारारम्भ गर्न थाल्छन् । रमेशप्रसाद गौतमले पनि ठुलो परिवार भएकाले दाजूहरूले लेखपढ गरेको देखेर सानै उमेरमा नै अक्षरहरू चिन्ने र पढ्ने मौका पाए । बाबूले पनि अक्षरहरू चिनाउन सहयोग गर्दथे । गौतमले छिटोअक्षरहरू चिन्न र पढ्न सकेकोमा बाबू-आमा पनि धेरै खूसी भएका थिए । गौतमले पनि चार वर्षको उमेरमा अक्षरहरू चिनेका भए पनि शूभसाइत हेरेर अक्षारारम्भ गर्ने काम चाहिँ भएन । बाबू-आमा साथमै भएको र दाजूहरूले लेखपढ गरेको देखेर उनी पढ्नका लागि उत्प्रेरित भइरहन्थे ।[१५]

### २.५.२ विद्यालयीय शिक्षा र उच्च शिक्षा

पढाइमा सानैदेखि तेज भएका रमेशप्रसाद गौतमले साधारण लेखपढ दाजूहरूसँग बसेर घरमा नै सूरु गरिसकेका थिए । उनले विद्यालयीय शिक्षाको सूरुआत शान्ति निकूञ्ज विद्यालयबाट गरेका हून् । त्यसबेला विद्यालय जान त्यति सहज थिएन । गाउँमा नजिक विद्यालय नहूँदा एक/डेढ घण्टा हिँडेर विद्यालय जानूपर्दथ्यो । त्यस्तो परिस्थितिमा गौतमले विद्यालयीय शिक्षाको थालनी शान्ति निकून्ज विद्यालयबाट गरे । त्यस विद्यालयमा कक्षा तीनसम्मको पढाइपछि काठमाडौंको जैसीदेवलस्थित सीताराम स्कुलमा वि.सं. २०१६ सालमा चार कक्षामा भर्ना भएका थिए । सीताराम स्कुलमा कक्षा नौ सम्मको अध्ययन गरेका उनले कक्षा नौमा पढ्दा स्कुल यूनियनको चूनावमा अध्यक्षको पदमा जितेका थिए । कक्षा सरसफाई नगरेको निहूँमा र दूई महिनाको फिस नतिर्दा सीताराम स्कुलले हाजिरकापीबाट साथीहरूसहित उनको पनि नाम काटिदियो । त्यसपछि वि.सं. २०२० सालमा कालिमाटीस्थित जनप्रभात मा.वि.मा भर्ना भए । वि.सं. २०२१ सालमा त्यसै

१२. रमेश बानियाँ, "साक्षात्कार", **प्रतिप्रश्न,** (२०६२ साउन २८ गते), पृ.३ ।
१३. रमेशप्रसाद गौतम, पुर्ववत्, पृ.घ ।
१४. शोधनायकबाट प्राप्त जानकारी ।
१५. ऐजन ।

स्कुलबाट एस.एल.सी. उत्तीर्ण गरी आफ्नो विद्यालयीय औपचारिक शिक्षा पुरा गरे ।[१६]

रमेशप्रसाद गौतमले उच्च शिक्षा महेन्द्ररत्न कलेजबाट वि.सं. २०२२ सालमा सूरुआत गरे । तेजस्वी र लगनशील विद्यार्थीका रूपमा रहेका गौतमले त्यसै कलेजबाट आई.ए. पास गरे । आफ्नो अध्यापन पेसा र अन्य परिस्थितिको कारण उनले उच्च शिक्षा कलेज नगइकन प्राइभेटको रूपमा थालनी गरे । उनले स्नातक तह वि.सं. २०२८ सालमा प्राइभेट विद्यार्थीको रूपमा उत्तीर्ण गरे । यसैलाई निरन्तरता दिँदै वि.सं. २०३३ सालमा स्नातकोत्तर तह प्राइभेटकै रूपमा उत्तीर्ण गरे भने वि.सं. २०३४ सालमा आएर बिस्तार क्याम्पसबाट बी.एड. उत्तीर्ण गरी रमेशप्रसाद गौतमले आफ्नो औपचारिक उच्च शिक्षा पुरा गरे ।[१७]

## २.६ जागिरे जीवन

हरेक व्यक्तिले पारिवारिक आधारभुत आवश्यकता परिपुर्ति गर्नका लागि कूनै न कूनै बाटो वा पेसा अँगालेका हून्छन् । कूनै पेसा वा व्यवसाय नगरी जीविकोपार्जन सहज रूपमा चल्न सक्दैन । शोधनायक रमेशप्रसाद गौतमको पिता गोविन्दप्रसाद गौतमको गाउँमा प्रशस्त जग्गा जमीन भएकाले जीविकोपार्जनको माध्यम कृषि नै थियो । यसैबाट पारिवारिक आधारभुत आवश्यकता पुर्ति हूँदै आएको थियो । कृषि पेसा भएका परिवारमा जन्मेका गौतमले भने आफ्नो स्वाध्ययनलाई सदूपयोग गरी शिक्षण क्षेत्रमा लागेको पाइन्छ । उनले शिक्षकबाट जागिरे जीवन सूरुआत गरे तापनि ६ दशक लामो जीवनमा विभिन्न पेसालाई अँगालेको पाइन्छ । उनले वि.सं. २०२१ सालदेखि नै कालिमाटीस्थित जनप्रभात मा.वि.मा प्रौढ शिक्षा पढाउन सूरु गरेका थिए । उनी वि.सं. २०२२ सालमा सीताराम स्कुलमा समेत अध्यापन पेसामा लागे । शिक्षक पेसालाई निरन्तरता दिँदै आएका गौतमले वि.सं. २०३० सालमा आएर मात्र सरकारी जागिरमा नियूक्ति पाएका थिए । सूरुमा परोपकार स्कुलमा नै स्कुल इन्चार्जमा नियूक्ति पाएका गौतम वि.सं. २०३१ सालमा दरबार हाइस्कुलमा सरुवा भए र त्यहाँ उनले दूई वर्ष शिक्षण गरेपछि वि.सं. २०३३ सालमा कीर्तिपूर मा.वि.मा सरुवा भए । त्यसबेला कीर्तिपूर वासीसँग सूमधूर सम्बन्ध बढेकाले गौतमलाई 'किम्सीको हाम्रो मान्छे' भन्थे ।[१८]

रमेशप्रसाद गौतमले वि.सं. २०३५ सालमा आएर जि.शि.अ. पदमा नियूक्ति पाए । सूरुमा सिन्धूलीबाट जि.शि.अ.को कार्यभार सम्हालेका गौतमले त्यस ठाउँमा शैक्षिक जागरण ल्याउन मूख्य भुमिका निर्वाह गरेका थिए । त्यसपछि गौतम वि.सं. २०३८

१६. ऐजन ।
१७. ऐजन ।
१८. रमेश बानियाँ, पुर्ववत्, पृ.३ ।

सालमा मकवानपूरमा जिल्ला शिक्षा अधिकारीमा नियूक्ति भए । त्यस्तै गरेर उनले वि.सं. २०४० सालमा रौतहट, वि.सं. २०४१ सालमा कास्की, वि.सं. २०४२ सालमा पर्सा, वि.सं. २०४४ सालमा भक्तपूर, वि.सं. २०४५ सालमा नूवाकोट हूँदै वि.सं. २०४७ सालमा ललितपूरको जि.शि.अ. भई कार्य गरे । यसरी करिब १२ वर्ष जि.शि.अ. भई कार्यभार सम्हालेका गौतमले जहाँ-जहाँ सरुवा भएर गए त्यहाँ-त्यहाँ शिक्षाका लागि जनचेतना फैलाउने काम गरे । वि.सं. २०४८ सालदेखि हालसम्म पद्मोदय मा.वि.मा अनवरत रूपले प्रधानाध्यापकको कार्यभार सम्हालेका छन् ।[१९]

## २.७ पारिवारिक आर्थिक अवस्था

रमेशप्रसाद गौतम मध्यमवर्गीय परिवारमा जन्मेका व्यक्तित्व हून् । गोविन्दप्रसाद गौतमका तृतीय सूपूत्रका रूपमा जन्मेका गौतमले आफ्ना आमा बाबूको माया ममताका साथै दाजू, भाइ र बहिनीको माया पनि उत्तिकै पाएका थिए । कृषि पेसा भएको परिवारमा जन्मेका गौतमको परिवारको आर्थिक अवस्था भने मध्यमस्तरको देखिन्छ । खेतीपाती र पशूपालनबाट नै उनको परिवारको दैनिक निर्वाह हून्थ्यो । सानै उमेरदेखि कूनै त्यस्तो आर्थिक कठिनाइ भोग्नू नपरे तापनि वि.सं. २०२५ सालमा बाबूको मृत्यूपछि उनलाई पारिवारिक दायित्व बढेको देखिन्छ । रमेशप्रसाद गौतमका दाजूभाइको आर्थिक अवस्था पनि सामान्य रूपमा राम्रै छ । सबै दाजूभाइ अधिकृत तहमा काम गरिसकेका र गर्दै छन् । उनले विद्यार्थी जीवनदेखि नै आफैं शिक्षक भएर आय आर्जनको बाटो अपनाएका थिए ।[२०] उनले दश कक्षा उत्तीर्ण भएदेखि नै सीताराम र जनप्रभात स्कुलमा पढाउन सूरु गरेका थिए । उनले परिवारमाथि आर्थिक बोझ कहिल्यै पनि दिएनन् । विभिन्न शैक्षिक संस्थामा र जि.शि.अ. भएर काम गरिसकेका गौतमको आर्थिक अवस्था राम्रो छ । दाजूभाइहरू पनि सरकारी सेवामा आबद्ध भएकाले आर्थिक स्थिति पनि राम्रै देखिन्छ । बहिनी गीता घिमिरेको परिवार पनि सम्पन्न नै रहेको पाइन्छ । स्यूचाटार गा.वि.स.मा पनि खेतीपाती भएको र हाल बाफलमा पनि आफ्नो निजी घर बनाइ आनन्दपुर्वक जीवनयापन गरिरहेका छन् । छोरीहरूको आर्थिक अवस्था सामान्य रहेको छ।[२१]

यिनको परिवार आर्थिक दृष्टिकोणले हेर्दा मध्यमस्तरको देखिन्छ । धार्मिक दृष्टिकोणले हेर्दा सनातन हिन्दु धर्म मान्दै आएको पाइन्छ भने शैक्षिक दृष्टिकोणले पनि मध्यमस्तरको भएको देखिन्छ ।

---

१९. ऐजन ।
२०. ऐजन ।
२१. ऐजन ।

## २.८ दाम्पत्य जीवन र सन्तान

हिन्दु समाजको विभिन्न संस्कारमध्ये विवाह संस्कार पनि महत्त्वपुर्ण रूपमा रहेको छ । विवाह मानवजीवनको महत्त्वपुर्ण अवसर र उत्सव हूनूकासाथै कर्म पनि हो । विवाहपश्चात् प्रत्येक मानिसलाई आफ्नो जीवनको उत्तरदायित्वबोधको अनूभुति हून्छ । अर्कातिर दू:ख सूखमा तनमन साट्ने हाँसो र आँसू पोख्ने जीवनको अभिन्न अङ्गका रूपमा सहयोगी सहयात्री पनि प्राप्त गर्दछ । दाजूहरूको विवाह भइसकेको र बाबूको पनि मृत्यू भइसकेको हूँदा आमाको इच्छाअनूसार गौतमले मागी विवाह गरेका थिए ।[२२]

रमेशप्रसाद गौतमको शूभविवाह बागमती अञ्चल, काठमाडौं जिल्ला, कूपण्डोल निवासी उपेन्द्रपूरुष ढकाल र इन्द्रराज्यलक्ष्मी ढकालकी कान्छी सूपूत्री सविता ढकालसँग २२ वर्षको उमेरमा वि.सं. २०२८ सालमा वैढ्किक विधिअनूसार सूसम्पन्न भएको थियो । आइ.ए. सम्म अध्ययन गरेकी सविता गौतमले घरायसी जिम्मेवारीलाई कूशलतापुर्वक निर्वाह गरेकी छन् । श्रीमान्को सहयोगी र भरोसायूक्त साथबाट उनी पुर्णत: खूसी देखिन्छिन् ।[२३]

वि.सं. २०२८ सालमा वैवाहिक बन्धनमा बाँधिएका गौतम दम्पतीका सन्तानहरूमा तीनजना छोरीहरू छन् । तीनै जना छोरीहरू जेहेन्दार र मेहनती र अनूशासित छन् ।[२४]

## २.९ रुचि तथा स्वभाव

हरेक मानिसको आफ्नो छूट्टै रुचि र स्वभाव हून्छ । रुचि तथा स्वभावबाट उसको पहिचान गर्न सकिन्छ । बाल्यकालीन समयदेखि नै पढाइमा चाख भएका गौतमको विशेष रुचि शिक्षण क्षेत्र नै हो । रमेशप्रसाद गौतमको साहित्यिक क्षेत्रमा पनि त्यतिकै लगाव रहेको पाइन्छ । अध्ययन र लेखनमा समेत विशेष रुचि राख्ने गौतम अङ्ग्रेजी र नेपालीका विभिन्न लेखहरू लेख्न मन पराउँछन् । शिक्षा क्षेत्रलाई सधैं उच्च स्थानमा राख्न मन पराउने कवि गौतमले विभिन्न शैक्षिक लेखहरू मार्फत आफ्नो पहिचान गराएका छन् । फूर्सदको समयमा साहित्य सिर्जना गर्न र विभिन्न साहित्यकारहरूका कृतिहरूसमेत पढ्न रुचाउने गौतमले विशेषगरी देवकोटाका कविताहरू पढ्न मन पराउँछन् । देश विदेशका रमणीय तीर्थस्थलहरूको भ्रमण र दर्शनमा पनि उनको सोख छ । सरल र मीठो बोली भएका गौतम हरेक स्तरका व्यक्तिहरूसँग समान सम्बन्ध स्थापित गर्न चाहन्छन् । साधारण नेपाली खाना खान मन पराउने गौतमलाई साधारण तर सफा कपडाको पहिरन नै मनपर्छ । गौतम सादा, निष्कपट, निश्छल, स्वाभिमानी, इमान्दार र

२२. ऐजन ।
२३. शोधनायककी श्रीमती सविता गौतमबाट प्राप्त जानकारी ।
२४. शोधनायकबाट प्राप्त जानकारी ।

सरल जीवन-शैलीलाई मन पराउने व्यक्ति हून् । पेसा र साहित्यको सिर्जनाबाट समय बचाएर र बिदाका दिनहरूमा उनी आफ्नो परिवारसँग रमाउन मन पराउँछन् ।[२५]

## २.१० सिर्जनात्मकता

हरेक साहित्यकारलाई कूनै पनि साहित्यकार वा उसको कृतिको प्रभावले साहित्य सिर्जना गर्नका लागि अभिप्रेरित गरिरहेको हून्छ । यसको फलस्वरूप साहित्यकारहरू साहित्य सिर्जनातर्फ उन्मूख हून्छन् । यहाँ पनि रमेशप्रसाद गौतमलाई साहित्य सिर्जनातर्फ लाग्न प्रेरित गर्ने तत्त्वहरूको बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

### २.१०.१ साहित्य सिर्जनामा प्रेरणा र प्रभाव

रमणीय स्थल स्यूचाटारमा जन्मेका गौतम आफुले बाल्यकालदेखि आजसम्म देखेका, भोगेका, सूनेका घटनाक्रम, प्राकृतिक रमणीयता ग्रामीण परिवेश आदि उनका साहित्य सिर्जनाका आधारहरू हून् । सानै उमेरदेखि तेज बूद्धि भएका गौतमलाई यी सबै कूराहरूले मानसपटलमा घच्घच्याइरहेका हून्थे । आफ्नो परिवारमा साहित्यमा लागेको कोही नभए पनि व्यक्तिगत सङ्घर्ष र साहित्यिक रुचि भएका कारण नै आफु साहित्यिक क्षेत्रमा लागेको उनको भनाइ छ ।[२६]

महाकवि लक्ष्मीप्रसाद देवकोटाको कृतिहरूबाट अति प्रभावित भएर साहित्य सिर्जनामा उत्सूकता जागेको बताउने गौतमलाई देवकोटाको प्रत्येक रचनाले मन छोएको थियो । यसै क्रममा उनलाई साहित्य सिर्जनामा लाग्न प्रेरित गर्नेमा उनका गूरु विश्वनाथ लूइटेल पनि थिए । राष्ट्रकवि माधवप्रसाद घिमिरे, मोहन कोइराला, कृष्ण गौतम र मोहन हिमांशू थापा जस्ता साहित्यकारहरूसँगको भेटघाटमा सधैँ उनलाई साहित्य सिर्जना गर्नको लागि अभिप्रेरणा मिली रहन्थ्यो ।[२७]

यसप्रकार रमेशप्रसाद गौतमको साहित्यिक सिर्जनामा ग्रामीण परिवेश जीवनका अनूभुति नै प्रेरक तत्वका रूपमा रहेको देखिन्छ ।

### २.१०.२ लेखन कार्य र प्रकाशित कृतिहरू

रमेशप्रसाद गौतमले विद्यार्थी जीवनदेखि नै साहित्यमा रुचि राख्दै कविता लेखनबाट आफ्नो लेखन-यात्रालाई प्रारम्भ गरेका थिए । उनको प्रथम प्रकाशित कविता **परिवर्तन** हो जून वि.सं. २०२५ सालमा प्रकाशित भएको थियो । वि.सं. २०२५ सालदेखि अनवरतरूपले लेखन कार्यमा लागेका गौतमले नेपाली साहित्यका कविता, नाटक, निबन्ध

---

२५. ऐजन ।
२६. ऐजन ।
२७. ऐजन ।

आदि विधाहरूमा कलम चलाएका छन् । शिक्षालाई नै देशको उज्ज्वल भविष्य देख्ने गौतमले विभिन्न पत्रपत्रिकाहरू मार्फत शैक्षिक लेखहरू प्रकाशित गर्दै आइरहेका छन् । उनका कतिपय रचनाहरू पत्रपत्रिकामा प्रकाशित छन् भने कतिपय पाण्डूलिपिमा मात्र सीमित छन् ।[२८]

उनका हालसम्म आठवटा कृतिहरू पूस्तकाकार रूपमा प्रकाशित भएका छन् । ती हून् :

१. **भावनाको बगरमा** (२०५०) कविता-सङ्ग्रह
२. **वसन्तका बोटहरू** (२०५४) कविता-सङ्ग्रह
३. **उजाड बसन्त** (२०६२) कविता-सङ्ग्रह
४. **शिक्षा सौगात** (२०५८) शैक्षिक लेखहरूको सँगालो
५. **सम ग्लिमसेज अफ सिभिक एजूकेसन** (सन २००३) अङ्ग्रेजीमा नागरिक शिक्षासम्बन्धी लेखहरूको सँगालो
६. **नागरिक शिक्षा** (२०६१) नागरिक शिक्षा सम्वन्धी लेखहरूको सँगालो
७. **शिक्षाको उज्यालोमा द्वन्द्वको बादल** (२०६२)
८. **शिक्षा र नयाँ नेपाल** (२०६५)

माथिका यी पूस्तकाकार कृतिहरू बाहेक उनका अरू रचनाहरू शैक्षिक लेखहरूको सँगालो पूस्तकाकार रूपमा प्रकाशित अवस्थामा छन् ।

## २.११ सम्मान तथा पूरस्कार

कूनै पनि व्यक्तिको सफलताको कसी वा मापक यन्त्र सम्मान वा पूरस्कार हून सक्दैन तथापि स्रष्टाको योगदानको कदर गर्दै, हौसला अभिवृद्धि गर्नका खातिर पनि सम्मान तथा पूरस्कार प्रदान गर्ने गरिन्छ । रमेशप्रसाद गौतमलाई साहित्यिक क्षेत्रमा स्रष्टाका रूपमा होस या शैक्षिक क्षेत्रको उत्थान गर्नका लागि अनवरत रूपमा लागिपरेका शिक्षा सेवीको रूपमा उल्लेखनीय योगदान पूऱ्याएवापत विभिन्न संस्थाहरूले पूरस्कार, सम्मान तथा अभिनन्दनद्वारा कदर गरेका छन् । उनले प्राप्त गरेका पूरस्कार, सम्मान तथा अभिनन्दन निम्नप्रकार छन् :

१. दैवी प्रकोप उद्धार पदक – **२०४५**
२. गद्दी अरोहण रजत पदक – **२०५३**
३. राष्ट्रिय शिक्षा दिवस पदक – **२०५३**

२८. ऐजन ।

४. प्रवल गोरखा दक्षिणबाहू – २०५४
५. विद्यालयमा अध्यापन क्षेत्रमा योगदान पुऱ्याएवापत सम्मान – २०५२
६. पद्मोदय सम्मान – २०५७
७. शिक्षा क्षेत्रमा निरन्तर ३० वर्ष सेवा गरेवापत अभिनन्दन(कदरपत्र) – २०५५
८. (ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल) प्रोफेशनल महिला सहयोगी समुह काठमाडौँद्वारा कदरपत्र
९. साइरस स्कुलको स्थापनाकालदेखि अध्यक्ष भई हालसम्म सेवा गरेवापत कदरपत्र
१०. सेन्ट जेभियर्स स्कुलले वार्षिक उत्सवको अवसरमा कदरपत्र – २०६४
११. (नेशनल प्रोग्रामिङ्ग सेन्टर तथा फेसन नार्क) राष्ट्रसेवा सम्मान – २०६४
१२. नेपाली वाङ्मय तथा शिक्षा क्षेत्रमा लामो समयसम्म सेवा गरेवापत तन्नेरी त्रैमासिकद्वारा अभिनन्दन (सम्मान) – २०६४
१३. चिल्ड्रेन मोडेल हाइस्कुलद्वारा गूरुपुर्णिमा सम्मान – २०६६
१४. शिक्षा क्षेत्रमा पुऱ्याउनू भएको योगदानको उच्च मुल्याङ्कन गर्दै जिल्ला शिक्षा समिति काठमाडौँद्वारा सम्मानपत्र – २०६६ ।[२९]

## २.१२ संलग्नता

रमेशप्रसाद गौतम साहित्य सिर्जनामा मात्र सीमित छैनन् । नेपाली भाषा साहित्यका साथै शैक्षिक क्षेत्रलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रसम्म व्यापक, सर्वप्रियका साथै स्थापित गराउन कम्मर कसेर लागिपरेका छन् । शिक्षा नै जीवन र समाजका अभिन्न अङ्ग ठान्ने गौतमले साहित्यका साथै शिक्षाको श्रीवृद्धिका निम्ति केही संघ संस्थाहरूसँग आबद्ध भएर कार्य गरेका छन् । ती निम्नानूसार छन् :

१. पञ्चकन्या मा.वि., किम्सी काठमाडौं – २०२० सस्थापक
२. किटिनी मा.वि., किटिनी ल.पू. – २०२४ सस्थापक
३. यूनेस्को सम्बद्ध स्कुल सहयोग परिषद् – २०५२ अध्यक्ष
४. यूनेस्कोका निम्ति नेपाल राष्ट्रिय आयोग – २०५३ सदस्ये
५. जनप्रभात मा.वि. पुर्व विद्यार्थी संघ अध्यक्ष – हालसम्म
६. साइरस आवासीय मा.वि. ताहाचल, अध्यक्ष – हालसम्म
७. नागरिक शिक्षा प्रवर्द्धन समाज – २०५७ महासचिव
८. नेपाल फ्रान्स मैत्री तथा सांस्कृतिक संघ – २०५२ महासचिव

२९. ऐजन ।

९. साहित्य सिर्जना प्राङ्गण – महासचिव

१०. काठमाडौँ शिक्षा क्याम्पस – आंशिक शिक्षक

११. काठमाडौँ बहूमूखी क्याम्पस, कूलेश्वर – आंशिक शिक्षक

१२. नेपाल साइन्स क्याम्पस – संयोजक ।[३०]

## २.१३ भ्रमण

लामो समयसम्म प्रशासनिक सेवा र शिक्षण सेवामा कार्यरत रहेका रमेशप्रसाद गौतमले साहित्य, जागिर र शैक्षिक गतिविधिको सिलसिलामा स्वदेश तथा विदेशका विभिन्न ठाउँहरूमा भ्रमण गरिसकेका छन् । त्यस्तै विभिन्न समयमा नेपालको तराई देखि पहाडसम्म धेरै जिल्लाहरूको भ्रमण गरिसकेका गौतम शैक्षिक क्षेत्रको उत्थान र सम्वर्द्धनका लागि विश्वको विभिन्न मूलूकहरू जस्तै - **फिलिपिन्स** – २०३७, **थाइल्याण्ड** – २०३७, **भारत** – २०३९, **हङ्कङ्ग** – २०४२, **जापान** – २०४२, **यूगाण्डा** – २०५६, **संयूक्त अरब इमिरेट्स** – २०५६, **अमेरिका** – २०५८, **बंगलादेश** आदि देशहरूको भ्रमण गरिसकेका छन् ।[३१]

## २.१४ निष्कर्ष

वि.सं. २००६ सालमा काठमाडौँ जिल्लाको स्यूचाटार गा.वि.स. किम्सीमा जन्मेका रमेशप्रसाद गौतमले चार वर्षको उमेरमा नै विद्यालयीय शिक्षा प्रारम्भ गरेका थिए । वि.सं. २०२० सालबाट जागिरे जीवन सूरु गरे पनि वि.सं. २०३५ सालमा जिल्ला शिक्षा अधिकारी पदमा प्रवेश गरे । विद्यार्थी जीवनदेखि नै साहित्यिक क्षेत्रमा प्रवेश गरेका गौतमका रचनाहरू वि.सं. २०२५ सालदेखि प्रकाशित हून थालेका हून् ।

हालसम्म उनका आठवटा पूस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् भने अनेक खालका फूटकर रचनाहरूको प्रकाशन निरन्तर भइरहेको पाइन्छ । उनका प्रकाशित कृति र फूटकर रचनाको आधारमा हेर्दा तूलनात्मक रूपमा उनले कविता विधाबाट नै साहित्यिक सिद्धि प्राप्त गरेका छन् । नेपाली साहित्य र शैक्षिक क्षेत्रको विकासमा महत्त्वपुर्ण योगदान पूऱ्याएवापत उनलाई विभिन्न सम्मान तथा पूरस्कार पनि प्रदान गरिएको छ । हाल उनी आफ्नो परिवारकासाथ काठमाडौँ बाफलमा बसोबास गरिरहेका छन् ।

---

३०. ऐजन ।

३१. ऐजन ।

# परिच्छेद - तीन

# रमेशप्रसाद गौतमको व्यक्तित्व

## ३.१ विषयप्रवेश

व्यक्तिको मनोवृत्ति, अभिव्यक्ति, अभिरुचि, व्यवहारगत प्रतिरूप, संवेगात्मक प्रतिक्रिया, सामाजिक भुमिकाहरू र व्यक्तिगत गूणहरू जून लामो अवधिसम्म रहन्छ, त्यसको सम्पुर्णतालाई व्यक्तित्व भनिन्छ ।[1] कूनै पनि व्यक्तिको व्यक्तित्व विकासमा धेरै कूराहरूले प्रभाव पारेको हून्छ । व्यक्तित्व नै व्यक्तिको चिनारी हो जसबाट ऊ अरूभन्दा पृथक् देखिन्छ । जस्तोसूकै असहज परिस्थितिमा समेत मानिसले आफ्नो व्यक्तित्व विकास गरेका उदाहरण प्रशस्त भेटिन्छन् । व्यक्तित्व नै अरूलाई प्रभाव पार्न सक्ने एउटा विशेष गूण पनि हो । व्यक्तित्व निर्माणको अभिप्राय आफु दृष्टिमा आन्तरिक रूपमा सौम्य, शिष्ट र समादरणीय हूनू पनि हो । अत: व्यक्तिको व्यक्तित्व नै बाह्य रूपमा उसको परिचालक हो । त्यसकारण मानिसमा रहेको विद्यमान क्षमता, कार्यशैली, बानीव्यवहारले पनि उसको व्यक्तित्वको परिचय दिइरहेको हून्छ । यस परिच्छेदमा रमेशप्रसाद गौतमको व्यक्तित्वको अध्ययन गरिएको छ ।

## ३.२ व्यक्तित्वका विभिन्न पक्षहरू

कूनै पनि व्यक्तिको व्यक्तित्व निर्माणका लागि उसको जन्मकालदेखि वर्तमान समयसम्मको विभिन्न समयमा त्यसभित्र उसले भोगेको जीवन, उसले तयार पारेको आधार वा पृष्ठभुमि र त्यसका क्रिया–प्रतिक्रिया आदि आवश्यक पुर्वाधारहरू हून् । त्यसबाहेक पनि व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक पृष्ठभुमि, शिक्षादीक्षा र स्वयम् व्यक्तिको प्रतिभा र तपस्याले पनि महत्त्वपुर्ण भुमिका खेलेका हून्छन् ।[2] यी परिवेशबाट निर्मित व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दूई भागमा बाँडेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसँग सम्बद्ध विशेषताहरूलाई निजी व्यक्तित्व भनिन्छ, जसमा आन्तरिक र बाह्य व्यक्तित्व पर्दछन् । शरीर संरचना र आङ्गिक बनोटबाट बाह्य व्यक्तित्वको निर्धारण हून्छ भने आन्तरिक व्यक्तित्वभित्र व्यक्तिको निजी कर्महरू, व्यक्तिभित्र रहेको क्षमता, प्रतिभा र स्वभावहरूसँग सम्बन्धित रहेर अध्ययन गर्न सकिन्छ । यसैगरी सार्वजनिक व्यक्तित्व भन्नाले समाज अनूरूप आफुलाई चलाएर निर्माण

१. क्याथी रुनी एण्ड अदर्स, **इनकार्टा इङ्लिस डिस्नेरी,** (चेन्नई: म्याकमिलन इण्डिया लिमिटेड, १९९९), पृ.१४०८ ।
२. नीलिमा सूब्बा, **गीतकार रत्नशमशेर थापा र उनको गीति यात्रा,** (काठमाडौं: शिवकूमार लिम्बु २०४९), पृ.४१।

गरेको व्यक्तित्वलाई बुझाउँछ । साहित्यकारका सन्दर्भमा सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतरवर्गमा विभाजन गरी हेर्न सकिन्छ । साहित्यिक व्यक्तित्वलाई पनि स्रष्टा र द्रष्टा व्यक्तित्व गरी दूई वर्गमा वर्गीकरण गरी हेर्न सकिन्छ । स्रष्टा व्यक्तित्वभित्र साहित्यकारले सिर्जना गरेका साहित्यका विविध विधा पर्दछन् भने द्रष्टा व्यक्तित्वभित्र समालोचना, समीक्षा, सम्पादन आदि कार्यहरू पर्दछन् । साहित्यसँग सम्बद्ध नरही समाजका अनेक पक्षहरूमा पूऱ्याएको योगदानलाई साहित्येतर व्यक्तित्वभित्र राखेर अध्ययन गर्न सकिन्छ ।

रमेशप्रसाद गौतमले वि.सं. २०२० सालदेखि वर्तमान समयसम्म साहित्य र साहित्येतर क्षेत्रमा आफुलाई सक्रिय राख्दै आइरहेका छन् । विशेषगरी कविता-विधामा कलम चलाएका गौतम बहूआयामिक एवम् बहूप्रतिभाका धनी रहेका छन् । रमेशप्रसाद गौतमले विभिन्न शैक्षिक लेखहरू लेखनकार्य, सम्पादन कार्य र नेपाल सरकारको सेवाको साथै प्रधानाध्यापकको माध्यमबाट साहित्येतर व्यक्तित्वको परिचय दिएका छन् ।

## ३.३ निजी व्यक्तित्व

मानिसको वैयक्तिक व्यावहारिकताबाट प्रकाशित हूने निजत्वलाई उसको निजी व्यक्तित्व स्वीकार्नू पर्छ । निजी व्यक्तित्वमा अन्तरनिहित हूने आन्तरिक तथा बाह्य पक्षको यथार्थ रूपमा चित्रण गरिन्छ । व्यक्तित्वको सही ज्ञानका लागि व्यक्तित्वको बाह्य आकार-प्रकार र उसको शील, स्वभाव, आचरण र प्रवृत्तिका सापेक्षतामा अवलोकन गर्न उपयूक्त हूनाले यहाँ तदनूरूप चर्चा गरिएको छ ।

### ३.३.१ बाह्य व्यक्तित्व (शारीरिक आकार - प्रकारका सन्दर्भमा)

व्यक्तित्वसँग सम्बन्धित शारीरिक बनोट, आकार प्रकार, रूप, रङ्ग जस्ता स्वभावका आधारमा रमेशप्रसाद गौतमलाई हेर्दा निम्न कूराहरू थाहाँ पाउन सकिन्छ - उनी अग्ला, न ज्यादा मोटा, न ज्यादा दूब्ला, पूष्ट र खिरिलो निधार, छरितो शरीरका आकर्षक व्यक्तित्वका देखिन्छन् । गौतमको बोलीमा मिठास छ । सधैं हाँसी खूसी रहने र छिट्टै अर्कामा आफ्नो प्रभाव जमाउन सक्ने खूबी पनि उनमा विद्यमान छ ।[३]

उनी एक प्रतिष्ठित एवं प्रशंसनीय कवि हून् । एक शिष्ट, सभ्य, सूसंस्कृत र सज्जन व्यक्तित्व भएका साहित्यकार हून् । उनी राष्ट्रिय चेतनालाई केन्द्रविन्दू बनाएर आफ्नो शैक्षिक एवं साहित्यिक जीवन व्यतीत गरिरहेका अत्यन्त सहयोगी सरल र

३. शोधनायकसँगको प्रत्यक्ष अवलोकनबाट प्राप्त जानकारी ।

मिलनसार व्यक्तित्वका धनी हून् ।[४] नरम मिजास भएका उनमा गरीब र दु:खीप्रति सहानूभुति देखाउने र सहयोग गर्ने बानी छ । जन्म लिएपछि केही कार्य गरेर देखाउनूपर्छ भन्ने धारणा राख्ने गौतम सधैँ लगनशील, कार्यतत्पर र साधनामा संलग्न रहन्छन् । आफु जस्तै अन्य सहकर्मी पनि अगाडि बढ्दै जाऊन् भन्ने इच्छा राख्ने गौतम सबैसँग आत्मीय सम्बन्ध रहोस् भन्ने चाहना राख्छन् । उनी कसैको पनि कुभलो चिताउँदैनन् ।[५]

### ३.३.२ आन्तरिक व्यक्तित्व (शील स्वभाव, आचरण र प्रवृतिका सन्दर्भमा)

रमेशप्रसाद गौतमको आन्तरिक व्यक्तित्वलाई केलाउँदा उनी सानै उमेरदेखि तीक्ष्ण बूद्धि भएका व्यक्ति थिए । जीवनलाई थाक्न नदिने, कूनै काममा लागेपछि तत्काल समाधान गर्ने, सहपाठी एवं दौतरीहरूसँग सहयोग आदानप्रदान र बाटो देखाउनू उनको विशेषता थियो । उनी यूवावर्गलाई प्रोत्साहन गर्न, आफन्त तथा छरछिमेकीहरूको सम्बन्धमा तादात्म्यता अपनाउने र रूढिवादीप्रति विश्वास नगर्ने स्वभावका छन् ।

लेखनकार्यका सिलसिलामा समय बितेको पत्तो नपाउने गौतम बिनाकाम समय खेर फाल्न मन पराउँदैनन् । आन्तरिक व्यक्तित्वको अवलोकन गर्दा उनी साह्रै रमाइला, मिजासिला, सरल सहयोगी, भावूक, कर्तव्य परायण, स्वावलम्बी र प्रेरक स्वभावका छन् । गौतमको आन्तरिक व्यक्तित्वको निर्माणमा उनको जीवनी शिक्षादीक्षा र सामाजिक तथा पारिवारिक वातावरणको महत्त्वपुर्ण भुमिका रहेको पाइन्छ ।

## ३.४ सार्वजनिक व्यक्तित्व

रमेशप्रसाद गौतम विगतका केही समयदेखि शैक्षिक सेवामा संलग्न रहे तापनि साहित्यको यथेष्ठ अध्ययन गर्दै समाज-सेवा र साहित्यिक अभिवृद्धितर्फ सक्रिय रहँदै आएका छन् । उनी कर्मठ र नि:स्वार्थ समाजसेवीका रूपमा परिचित छन् । आफ्नो सामाजिक सेवाको यात्रामा बोली, व्यवहार र साहित्यका माध्यमबाट जे-जति क्रियाकलाप गर्दै आएका छन् त्यसका आधारमा एक साहित्यिक योद्धा र कर्तव्यनिष्ठ व्यक्तिका रूपमा गौतम चिनिन्छन् । नेपाली समाज र साहित्यको अभिवृद्धितर्फ दत्तचित्त गौतमले आर्जन गरेका सार्वजनिक व्यक्तित्वका पक्षहरूलाई साहित्यिक र साहित्येतर गरी दूई भागमा विभाजित गरिएको छ ।

### ३.४.१ साहित्यिक व्यक्तित्व

स्रष्टाले सिर्जना गरेका साहित्यिक रचनाहरूका माध्यमबाट उनीहरूको साहित्यिक व्यक्तित्वको चिनारी पाउन सकिन्छ । साहित्यका कथा, कविता, नाटक, उपन्यास गीत

४. रमेश बानियाँ, पुर्ववत् पृ.३ ।
५. शोधनायककी श्रीमती सविता गौतमबाट प्राप्त जानकारी ।

गजल आदि विधागत योगदानबाट साहित्यकारको साहित्यिक व्यक्तित्वको निर्माण भएको हून्छ । त्यसैगरी रमेशप्रसाद गौतमका प्रकाशित साहित्यिक कृतिहरूका माध्यमबाट उनको साहित्यिक व्यक्तित्वको चिनारी दिनू उपयूक्त देखिन्छ ।

विद्यार्थी जीवनदेखि नै कविता लेख्न प्रारम्भ गरेका रमेशप्रसाद गौतम वि.सं. २०२५ सालमा **परिवर्तन** नामक कविता प्रकाशित गराएर साहित्यिक फाँटमा झूल्किएका हून् । कविता विधाबाट साहित्यिक-यात्राको शूभारम्भ गरेका गौतमको कलम कविता, नाटक, शैक्षिक लेखहरूको क्षेत्रमा चलेको पाइए तापनि उनलाई परिचित, स्थापित र चर्चित बनाउने विधा कविता नै हो । सिर्जना कार्यमा समर्पित भइरहेका हूनाले रमेशप्रसाद गौतमको लेखनमा विधागत विस्तार हूने संभावनालाई नकार्न सकिँदैन । उनका आजसम्म प्राप्त कृतिहरूका आधारमा उनको साहित्यिक व्यक्तित्वको स्वरूप स्पष्ट हूने हूँदा यहाँ यसै अनूरूप उनको साहित्यिक व्यक्तित्वका पक्षहरूको अध्ययन गर्नू उपयूक्त देखिन्छ ।

## (क) कवि व्यक्तित्व

रमेशप्रसाद गौतमको पहिलो प्रकाशित मौलिक रचना नै कविता हो । बीसको दशकको सूरुदेखि साहित्य फाँटमा लागेका गौतम वि.सं. २०२५ सालमा प्रकाशित **परिवर्तन** शीर्षकको कविताबाट नै औपचारिक रूपमा साहित्यको क्षेत्रमा प्रवेश गरेका हून् ।[६] त्यसपछि फाटफूट रूपमा विभिन्न पत्रपत्रिकाहरूमा उनका कविताहरू प्रकाशित भए । मुलतः कविताका फाँटमा मौलाएका रमेशप्रसाद गौतमका कविताहरूलाई विहङ्गम दृष्टिले हेर्दा उनको कवित्व स्पष्ट देख्न सकिन्छ ।

यिनका कवितामा सामाजिक, राजनैतिक चेतना, सामाजिक विकृति एवं विसङ्गतिप्रति रोष, प्रगतिचेतना, मानवतावादी चिन्तन, अन्याय अत्याचारको विरोध, देशभक्ति र विश्वबन्धूत्वको आह्वान, मानवीय आस्थाको खोजी, प्रकृति प्रेम, जस्ता विषयवस्तू स्पष्ट रूपमा अभिव्यञ्जित भएको पाइन्छ । रमेशप्रसाद गौतमलाई कवि व्यक्तित्वका रूपमा चिनाउने कवितासङ्ग्रह तीनवटा रहेका छन् । ती हून् :

(क) **भावनाको बगरमा** कविता-सङ्ग्रह – २०५०
(ख) **वसन्तका बोटहरू** कविता-सङ्ग्रह – २०५४
(ग) **उजाड वसन्त** कविता-सङ्ग्रह – २०६२

सरल र सम्प्रेषणीय भाषामा प्रतीकात्मक पाराले लेखिएका उनका कविताहरू गद्य

६. शोधनायकबाट प्राप्त जानकारी ।

लय र लोकलयका रहेका छन् । कवि गौतमको काव्य-यात्राको प्रस्थान–विन्दू, प्रणयभावना, प्रकृति चेतना र राष्ट्रिय उद्भावनाबाट शूभारम्भ भएर विश्वप्रेमको उर्वर भुमि प्राप्त गरेको पाइन्छ भने कविको काव्य-यात्राको क्रममा प्राप्त भएका पदचिन्हहरूमा प्रजातान्त्रिक मुल्य र उदात्त भावनाहरू अङ्कित भएको पाइन्छ । यसै आधारभुमिमा कविको भावभुविको संरचना स्पष्ट रूपमा देखिन्छ ।[७] समग्रमा रमेशप्रसाद गौतमका कविताका आधारमा उनलाई आधूनिक नेपाली कविता परम्परामा यथार्थवादी, व्यङ्ग्यात्मक, राष्ट्रवादी, प्रकृतिप्रेमी, करुणा र प्रेमका कविका रूपमा चिन्न सकिन्छ ।

## (ख) नाटककार व्यक्तित्व

रमेशप्रसाद गौतमले आफ्नो साहित्य सिर्जना यात्राका क्रममा नाटक पनि रचना गरेको पाइन्छ । वि.सं. २०३३ सालमा **राष्ट्रवाणी** साप्ताहिकमा प्रकाशित **शिक्षक** शीर्षक भएको नाटक उनको एकमात्र प्रकाशित नाटक हो । आफु शिक्षा क्षेत्रमा लागेको व्यक्ति भएकोले शीर्षक पनि **शिक्षक** चयन गरी नाटक रचना गरेका थिए ।[८] यसबाहेक उनले अरू नाटक प्रकाशित नगरे तापनि यही एक मात्र रचनाले पनि उनको नाटककार व्यक्तित्वको परिचय दिएको छ ।

## ३.४.२ साहित्येतर व्यक्तित्व

रमेशप्रसाद गौतमको साहित्यिक व्यक्तित्वका विभिन्न पक्षहरू भए जस्तै साहित्येतर व्यक्तित्वका पनि विभिन्न पक्षहरू रहेका छन् । जसलाई निम्नानूसार प्रस्तूत गर्न सकिन्छ:

## (क) लेख रचना लेखक व्यक्तित्व

रमेशप्रसाद गौतमका व्यक्तित्वका विभिन्न पक्षहरूमध्ये लेख लेखक व्यक्तित्व पनि अर्को महत्त्वपुर्ण व्यक्तित्व हो । गौतमले नेपाली साहित्यको विशेष गरी कविता विधाको श्रीवृद्धिका लागि निरन्तर रूपमा आफुलाई क्रियाशील गरिरहेका छन् भने आफ्नो कार्य क्षेत्र रहेको शैक्षिक क्षेत्रलाई पनि सँगसँगै अघि बढाइरहेका छन् । शिक्षा सम्बन्धी विभिन्न लेख रचनाहरूबाट नागरिकलाई शिक्षा सम्बन्धी जनचेतना फैलाउने कार्य गर्दै आइरहेका छन् । उनका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हूने लेखहरू प्राय: शिक्षा सम्बन्धी विषयमा नै आधारित हून्छन् । निबन्धात्मक शैलीमा लेख्न रुचाउने गौतम लेखन कर्मबाट कहिल्यै थाकेको पाइँदैन ।[९] उनले लेखहरूको सँगालोको रूपमा पूस्तकाकार कृतिहरू तयार पारेका छन् । गौतमलाई लेखरचना लेखन व्यक्तित्वका रूपमा चिनाउने पाँचवटा कृतिहरू

७. **वसन्तका बोटहरू** कवितासङ्ग्रहको *भुमिका* खण्डबाट ।
८. शोधनायकबाट प्राप्त जानकारी ।
९. *व्यक्तित्व / कृतित्व*, **अजेण्डा**, (वर्ष १, अंक ३५, ०६३ साउन २४ गते) ।

निम्नानूसार रहेका छन् :

(क) शिक्षा सौगात (२०५७)

(ख) नागरिक शिक्षा (२०६१)

(ग) सम ग्लिमसेज अफ सिभिक एजूकेसन (सन २००३)

(घ) शिक्षाको उज्यालोमा द्वन्द्वको बादल (२०६२)

(ङ) शिक्षा र नयाँ नेपाल (२०६५)

## (ख) सम्पादक व्यक्तित्व

वि.सं. २०२५ सालदेखि सार्वजनिक रूपमा साहित्यिक क्षेत्रमा देखापरेका रमेशप्रसाद गौतम आज कैयौं नवप्रतिभाहरूका जन्मदाता भइसकेका छन् । विभिन्न पत्रपत्रिकाहरूका साथसाथै विभिन्न पूस्तकको कूशल सम्पादन गरिसकेका र गरिरहेका गौतमको सम्पादक व्यक्तित्व पनि उत्तिकै सबल र सफल छ । लेख रचनाहरूको छनोट परिष्कार एवं परिमार्जन गरी पठनीय बनाउने कला एउटा कूशल सम्पादकमा हून आवश्यक छ । रमेशप्रसाद गौतमका व्यक्तित्वका विविध पक्षहरूमध्ये सम्पादक व्यक्तित्व पनि महत्त्वपुर्ण रहेको छ । हाल प्रधानाध्यापक पदमा रहेका गौतम विभिन्न पूस्तक एवं पत्रिकाहरूको सम्पादनमा सक्रिय भुमिका निर्वाह गर्दै आएका छन् । उनले **परोपकार मूखपत्र** सम्पादक मण्डलको सदस्य, **साहित्य सिर्जना प्राङ्गण** २०५२, **हाम्रो प्राङ्गण** २०५३, **गौतम समाज स्मारिका** (सम्पादक मण्डलको संयोजक) २०५६, **नागरिक सन्देश** २०५७, **सिभिक हेरल्ड** (अङ्ग्रेजी पत्रिका) २०५७, **पदम पूष्प** आदि पूस्तक एवं पत्रिकाहरूको सम्पादन कार्य कूशलतापुर्वक सम्पन्न गरिसकेका छन् ।[१०]

## (ग) जागिरे व्यक्तित्व

काठमाडौंको स्यूचाटारमा मध्यमवर्गीय परिवारमा जन्म लिन पूगेका रमेशप्रसाद गौतमले वि.सं. २०२१ सालदेखि नै आफ्नो जागिरे जीवनको प्रारम्भ गरेका हून् । वि.सं.२०२१ सालदेखि जनप्रभात मा.वि र परोपकार स्कुलमा अध्यापन कार्यमा लागेका गौतम झण्डैं एक दशक पछि वि.सं. २०३० सालमा आएर सरकारी जागिरमा नियूक्त भए । सूरुमा परोपकार स्कुलको स्कुल इञ्चार्जमा कार्यरत रहेका गौतमले दरबार हाईस्कुल, कीर्तिपूर मा.विमा पनि अध्यापन गरेका थिए । वि.सं. २०३५ सालदेखि वि.सं. २०४८ सालसम्म विभिन्न जिल्लाहरूको जि.शि.अ. भएका गौतम वि.सं. २०४८ सालदेखि हालसम्म पद्मोदय मा.वि.को प्रधानाध्यापक पदमा कार्यरत रहेका छन् ।[११]

१०. शोधनायकबाट प्राप्त जानकारी ।
११. ऐजन ।

रमेशप्रसाद गौतमले आफ्नो जीवनको सत्र वर्षको उमेरदेखि आजसम्म विविध पेसा वा जागिर अपनाएको देखिन्छ । जहाँ जूनसूकै पेसा अपनाए पनि आफ्नो कार्य क्षेत्रमा उनी सफल र इमान्दार देखिन्छन् । हाल पद्‌मोदय स्कुलको प्रधानाध्यापक पदको जिम्मेवारी वहन गरिरहेका गौतमको जागिरे व्यक्तित्व विभिन्न अनूभवहरूबाट निर्माण भएको पाइन्छ । उनले काठमाडौं शिक्षा क्याम्पस र काठमाडौं बहूमूखी क्याम्पस कूलेश्वरमा आंशिक प्राध्यापकको रूपमा पनि अध्यापन कार्य गरेका छन् ।[१२] नागरिक शिक्षा अभियानले विद्यार्थीलाई समाजप्रति उत्तरदायी र सचेत गराउने काम गर्छ भन्ने गौतम 'नागरिक शिक्षाका हेडसर'का रूपमा पनि परिचित छन् ।[१३] यसरी आफ्नो जीवनको धेरै समय शिक्षण पेसामा बिताएका गौतम सफल र प्रतिभाशाली शिक्षक व्यक्तित्वका रूपमा पनि चिनिएका छन् ।

## (घ) राजनैतिक तथा सामाजिक व्यक्तित्व

रमेशप्रसाद गौतमको व्यक्तित्व राजनैतिक क्षेत्रतर्फ पनि ढल्केको पाइन्छ । खासगरी प्रजातान्त्रिक विचारधारासँग आबद्ध गौतम छात्र जीवनमा नै स्कुल यूनियनको अध्यक्ष पदमा रहेर कार्य गरेका थिए । उनी वि.सं. २०२५/२६ सालमा स्यूचाटार गा.वि.स.मा प्रजातान्त्रिक समाजवादी संघको अध्यक्ष पदमा रही आफ्नो भुमिका निभाएका थिए ।[१४] राजनैतिक क्षेत्रमा त्यति चर्चित रूपमा देखा नपरे तापनि राजनैतिक परिपाटीप्रति आक्रोश व्यक्त गरेर लेखिएका उनका कतिपय कविताहरूबाट उनको राजनीतितर्फको सचेततालाई पनि स्पष्ट्याउन सकिन्छ । प्रजातन्त्रको मुल्य र मान्यताप्रति सधैं सचेत रहनूपर्छ भन्ने धारणा राख्ने गौतमको राजनैतिक व्यक्तित्व भने त्यति सफल र चर्चित छैन ।

मानिस भएपछि समाज र देशका लागि केही गर्नूपर्छ भन्ने धारणा राख्ने गौतम विभिन्न सामाजिक क्रियाकलापहरूमा संलग्न रहेका छन् । छात्र अवस्थादेखि नै समाजका उत्थानतर्फ रुचि देखाउने गौतमले स्कुल पढ्‌दादेखि नै स्काउटमा भाग लिएका थिए । व्यक्ति शिक्षित भए समाज शिक्षित हून्छ भन्ने धारणा राख्ने गौतमले पञ्चकन्या स्कुलको भवन निर्माण कार्यमा निकै सहयोग पूऱ्याएका थिए । पञ्चकन्या मा.वि. किम्सी र किटिनी मा.वि.को संस्थापक रहेका गौतमले उपभोक्ता समितिको सदस्य, नागरिक समाज बाफलको सदस्य पदमा रहेर टोल सूधार गर्न सहयोग पूऱ्याएका थिए । उनले आफ्नो गाउँमा पाटी, भवन, धाराहरू बनाउन सहयोग पूऱ्याएर आफ्नो सामाजिक व्यक्तित्वको पहिचान गराएका छन् । उनी हाल पनि यूनेस्को सम्बन्ध स्कुल सहयोग परिषद्‌का अध्यक्ष

१२. ऐजन ।
१३. *व्यक्तित्व / कृतित्व,* **अजेण्डा,** पुर्ववत् ।
१४. शोधनायकबाट प्राप्त जानकारी ।

लगायत थूप्रै सामाजिक संघसंस्थामा आबद्ध रहेका छन् ।[१५]

### (ङ) धार्मिक व्यक्तित्व

रमेशप्रसाद गौतम सनातन धर्मप्रति आस्था राख्ने व्यक्ति हून् । बिहानीमा दैनिक गायत्री मन्त्र जपी पुजापाठ गर्नू र योगाभ्याससमेत गर्नू उनको नित्य कर्म हो । उनले नेपाल र भारतको विभिन्न धार्मिक स्थलहरूको भ्रमणका साथै दर्शन गरेका छन् । भारतको गया तीर्थ जाँदा यसै विषयलाई लिएर उनले **मेरो तीर्थयात्रा** भन्ने शीर्षकको कविता नै रचना गरेका थिए । उनी बूद्धले ज्ञान प्राप्त गरेको ठाउँ बोधगयासम्म पनि पूगेका थिए । शैक्षिक उद्देश्यले भ्रमण जाँदा पनि बाटोमा पर्ने विभिन्न तीर्थस्थलहरू जस्तै- जगन्नाथ मन्दिर, ढाकेश्वरी मन्दिर आदिको दर्शन गर्न गएका थिए ।[१६] उनी फूर्सदको समयमा विभिन्न धार्मिक ग्रन्थहरूको पनि अध्ययन गर्ने गर्दछन् । यसरी आस्तिक विचार भएका गौतमको धार्मिक व्यक्तित्व पनि प्रखर रूपमा रहेको पाइन्छ ।

### (च) बहूभाषी व्यक्तित्व

रमेशप्रसाद गौतमलाई चिनाउने पक्षहरूमा उनको भाषा ज्ञान पनि एक हो । उनको व्यक्तित्वका विभिन्न पाटाहरू जस्तै- साहित्यकार व्यक्तित्व, सामाजिक व्यक्तित्व, जागिरे व्यक्तित्व, विभिन्न लेखहरू लेखक व्यक्तित्व आदिका बीचमा रहेर उनको बहूभाषी व्यक्तित्वले काम गरेको पाइन्छ । उनी सानै हूँदादेखि नै मातृभाषाका रूपमा नेपाली भाषासँग सूपरिचित थिए । नेपाली भाषाको माध्यमबाट आफ्नो गाउँका स्कुलमा अक्षारारम्भ गरेका गौतम आफ्नो अध्ययन, जागिर र शैक्षिक गतिविधिको सिलसिलामा स्वदेश र विदेश भ्रमण जाँदा विभिन्न भाषाको ज्ञान प्राप्त गरेका थिए । हिन्दी भाषाको ज्ञान भएका गौतमले रौतहटमा जि.शि.अ. भएर जाँदा हिन्दी भाषामा कविता लेखेका थिए ।[१७] उनले अङ्ग्रेजीमा शैक्षिक लेखहरूको सँगालोको रूपमा कृति तयार गरेका छन् । यसरी नेपाली, हिन्दी, अङ्ग्रेजी र अन्य भाषाका ज्ञाताका रूपमा रहेका गौतमको बहूभाषी व्यक्तित्व अन्य व्यक्तित्व जस्तै सबल देख्न सकिन्छ ।

## ३.५ जीवनी व्यक्तित्व र लेखनका बीच अन्त: सम्बन्ध

स्रष्टाले अनूभव गरेको पारिवारिक, सामाजिक, राजनैतिक, राष्ट्रिय एवं अन्तराष्ट्रिय घटनाक्रमबाट उसको व्यक्तित्व निर्माण हूने गर्छ । रमेशप्रसाद गौतमले साठी वर्षे जीवनयात्रामा आफुले अनूभव गरेका, देखेका, जानेका, सूनेका, तीतामीठा अनूभव,

१५. ऐजन ।
१६. ऐजन ।
१७. ऐजन ।

अध्ययनका क्रममा प्राप्त भएका ज्ञान, घर, समाजको बदलिदो परिवेश आदिबाट आफ्नो साहित्यिक व्यक्तित्वको निर्माण गरेका हून् । यिनको जीवनशैली र अनूभवबाट प्राप्त अनि अध्ययनबाट निस्सृत ज्ञानले नै साहित्यिक लेखनलाई स्तरीयता प्रदान गरेको छ । आत्मकेन्द्री, सरल, व्यक्तित्वका विविध पक्षमध्ये सङ्ख्यात्मक र गूणात्मक दूवै दृष्टिले कवि व्यक्तित्व नै सर्वोच्च स्थानमा रहेको छ । उनको विद्यार्थी जीवन र अध्ययन जीवनको सङ्गतबाट साहित्यिक जीवनका लागि ठुलो सहयोग पूग्यो । प्राध्यापन कार्यले प्राज्ञिक कार्यतर्फ अग्रसर गरायो भने प्राज्ञिककार्यले साहित्यिक लेखनमा मुलत: कविता लेखनमा परिपक्कता ल्याइदियो । जीवन भोगाइका क्रममा प्राप्त अनूभव, जागिरे जीवनका क्रममा अनूभव गरेका सामाजिक, राजनैतिक, आर्थिक उतारचढाब, विकृति, विसङ्गति, शोषण अन्याय अत्याचारप्रति उनका साहित्यिक कृतिहरूले विद्रोहका स्वर चर्काएका छन् ।

स्वदेशी र विदेशी अग्रज साहित्यकारहरूका अमर कृतिका साथै स्वदेशी अग्रज तथा समकालीन साहित्यकारहरूको लेखन, प्रोत्साहन र सहचार्यबाट यिनका रचनाहरू अनूप्राणित छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भिमनिधि तिवारी, लैनसिहं वाङ्देल, लीलाध्वज थापा, गोविन्दबहादूर मल्ल 'गोठाले' सिद्धिचरण श्रेष्ठ जस्ता चर्चित साहित्यकारका कृति र रचनाकौशलबाट प्रभावित रमेशप्रसाद गौतमलाई कविता लेखनमा भने लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, सिद्धिचरण श्रेष्ठ, बालकृष्ण सम जस्ता कविता लेखकहरूका लालित्य र सशक्तताले आकर्षित गऱ्यो ।[१८]

रमेशप्रसाद गौतमले आफ्ना सबै प्रकारका लेख रचनामा नेपाली जनजीवनले भोग्नू परेका अन्याय, अत्याचार र शोषणलाई अभिव्यक्त गरेका छन् । साहित्यिक सिर्जनामा भावको सरलता, सूबोध र सहज अभिव्यक्तिलाई स्पष्टताका साथ व्यक्त गर्न सक्ने गौतमको जीवनको धेरैजसो समय साहित्य सिर्जना र जागिरका क्रममा व्यतीत भएको पाइन्छ । सूखी पारिवारिक वातावरण, अध्ययन अनूशीलनको निरन्तरता, आफ्नो कार्यमा पाएका सफलता आदिले यिनको लेखनीलाई थप उर्जा प्रदान गरेको छ । उनको लेखनी नेपाली जनजीवन र स्वयं उनको जीवनशैली र उनले जीवनमा भोगेका अनेकन परिस्थितिसँग मिल्दो जूल्दो देखिन्छ ।

## ३.६ निष्कर्ष

निष्कर्षमा भन्नूपर्दा विविध व्यक्तित्वका धनी गौतमले नेपाली साहित्यको विकासमा ठुलो योगदान पूऱ्याएका छन् र नेपाली साहित्यप्रति रुचि राख्ने पाठकहरूसामू परिचित हून पूगेका छन् । बहूमूखी व्यक्तित्वका धनी गौतमको साहित्यिक व्यक्तित्व नै अन्य

१८. ऐजन ।

व्यक्तित्वको तूलनामा प्रबल देखापर्दछ । यही साहित्यिक व्यक्तित्वको प्रतिच्छविका रूपमा अन्य व्यक्तित्व देखापरेको कूरा उनको बहूमूखी व्यक्तित्वको अध्ययनबाट स्पष्ट जानकारी हून आउँछ । साहित्यिक व्यक्तित्वका विभिन्न पक्षहरूमध्ये पनि सङ्ख्यात्मक र गूणात्मक दृष्टिकोणले कवि व्यक्तित्व नै उच्च स्थानमा रहेको छ । आफ्नो परिश्रम र अध्ययनशील स्वभावका कारणले होस वा प्रतिभाकै कारणले होस उनले आठवटा कृतिहरू दिएर कविता र शैक्षिक लेखहरूको माध्यमबाट नेपाली साहित्यलाई धनी तूल्याएका छन् ।

# परिच्छेद - चार

# रमेशप्रसाद गौतमको कृतित्वको अध्ययन

## ४.१ विषयप्रवेश

रमेशप्रसाद गौतम नेपाली साहित्यमा कविका रूपमा चिनिएका व्यक्तित्व हून् । वि.सं. २०२५ सालमा **तन्नेरी** पत्रिकामा **परिवर्तन** नामक कविता प्रकाशित गराएर साहित्यिक फँाटमा झूल्किएका गौतम साठीको दशकसम्म पनि अनवरत रूपले कविता सिर्जनामा लागिरहेका छन् । **परिवर्तन** कविता नै उनको प्रथम रचित र प्रकाशित कविता हो । नेपाली भाषाका अनेक फूटकर कविताका माध्यमबाट आफ्नो साहित्यिक-यात्रा सूरु गरेका गौतमलाई साहित्यिक क्षेत्रमा स्थापित गराउने विधा कविता नै हो । उनले विभिन्न क्षेत्रमा हात हाले पनि साहित्यलाई जीवनको अभिन्न अङ्गको रूपमा लिएको पाइन्छ । उनका तीनवटा कवितासङ्ग्रहको प्रकाशनले उनलाई कविको रूपमा स्थापित गराएका छन् । उनले विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका र नभएका फूटकर कविताहरू सङ्गृहीत गरेर कवितासङ्ग्रहको रूपमा कृति प्रकाशित गरेका हून् । उनका पत्र-पत्रिकामा प्रकाशित भएका विभिन्न लेख रचनाबाहेक प्रकाशित साहित्यिक पूस्तकाकार कृतिहरू तीनवटा देखिन्छन् ।

उनका **भावनाको बगरमा** (२०५०), **वसन्तका बोटहरू** (२०५४) र **उजाड वसन्त** (२०६२) कवितासङ्ग्रहहरू प्रकाशित छन् । प्रस्तूत परिच्छेदमा उनका प्रकाशित कवितासङ्ग्रहका कविताहरूको अध्ययन गरिएको छ ।

## ४.२ 'भावनाको बगरमा' कविता-सङ्ग्रहको अध्ययन

**भावनाको बगरमा** रमेशप्रसाद गौतमको प्रथम प्रकाशित साहित्यिक पूस्तकाकार कृति हो । यस कृतिमा कवि गौतमद्वारा वि.सं. २०२५ सालदेखि वि.सं. २०५० सालसम्म रचना गरिएका जम्मा तीसवटा कविताहरूको सङ्कलन गरिएको छ । यस कवितासङ्ग्रहको प्रकाशन श्रीमती सविता गौतमबाट वि.सं. २०५० सालमा काठमाडौँमा गरिएको हो ।

### ४.२.१ सङ्ग्रहको नामकरण

कवि रमेशप्रसाद गौतमले **भावनाको बगरमा** कवितासङ्ग्रहमा आफ्नो जीवन यात्राका क्रममा हिँड्दा, डूल्दा देखेका र भोगेका आफ्नो देश, आफ्नो परिवेश, प्रकृतिको

अनूभुतिलाई आफ्ना भावानाहरूमा अभिव्यक्त गरेका छन् । परम्परादेखि चल्दै आएको थिचोमिचो, दमन र प्रतिबन्धबाट आफ्नो देश, समाज, व्यक्ति कोही पनि अछूतो रहन नसकेको र यिनै विभिन्न परिवेशहरूलाई आफ्नो भावनाहरूमा छताछूल्ल रूपमा पोखेको विषयलाई लक्षित गर्दै यस कवितासङ्ग्रहको नामकरण **भावनाको बगरमा** गरिएको छ ।

### ४.२.२ संरचना

**भावनाको बगरमा** कविता-सङ्ग्रहभित्र तीसवटा कविताहरू सङ्गृहीत छन् । संरचनागत हिसाबले हेर्दा यस कवितासङ्ग्रहका कविताहरूमा एकरूपता देखिँदैन । यस सङ्ग्रहभित्रका कविताको संरचनालाई तल तालिकामा प्रस्तूत गरिएको छ :

| क्र.सं. | कविताको शीर्षक | पृष्ठ सङ्ख्या | अनूच्छेद सङ्ख्या | हरफ सङ्ख्या |
|---|---|---|---|---|
| १ | अज्ञानता | १ | ३ | १७ |
| २ | भावनाको बगरमा | २ | १ | १० |
| ३ | फुल | ३ | १ | १६ |
| ४ | बिहानीलाई चिहान बनाउन खोज्नेहरू | ४ | ३ | १३ |
| ५ | स्वदेश | ५ | ३ | १५ |
| ६ | पहिचान | ६ | १ | २४ |
| ७ | चाहन्छू | ७ | १ | २४ |
| ८ | फुल | ७ | १ | २४ |
| ९ | विचल्लीले | ९ | ३ | १९ |
| १० | पद कमाउने होऊ | १०-१२ | ५ | ४६ |
| ११ | गयो कहाँ ? | १२ | २ | ११ |
| १२ | 'ए मानव रूपका दानव' | १३-१४ | २ | ३२ |
| १३ | व्यथा | १५ | १ | ३० |
| १४ | च्याँट्टियो | १६ | ३ | १२ |
| १५ | भुलको पात्र | १७-१८ | ४ | ३९ |
| १६ | तरङ्ग | १९ | १ | १६ |
| १७ | व्यङ्ग्य प्रहार | २० | ३ | १३ |
| १८ | वर्षा ऋतूको स्वागत | २१ | १ | १४ |
| १९ | जिन्दगी | २२ | २ | २० |
| २० | अफत्य समितिको सदस्य बन्छ | २३-२४ | ४ | २८ |
| २१ | शान्ति | २५ | ३ | १३ |
| २२ | मृत्यू केवल साथमा छ | २६-२७ | १ | २७ |
| २३ | वाद | २८ | १ | ८ |
| २४ | मान्छे | २९ | १ | १० |
| २५ | हत्या | ३० | १ | १६ |
| २६ | समय | ३१ | १ | २४ |

| | | | | |
|---|---|---|---|---|
| २७ | वर्तमान | ३२ | १ | १५ |
| २८ | शुन्य | ३३ | १ | २९ |
| २९ | सम्झना | ३४ | १ | २६ |
| ३० | विद्यार्थीप्रति | ३५ | १ | १९ |

यस कवितासङ्ग्रहमा घटीमा आठ हरफदेखि बढीमा छयालीस हरफसम्मका कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये **वाद** शीर्षकको कविता आठ हरफमा मात्र रचिएको छ भने **पद कमाउने होऊ** शीर्षकको कविता छयालीस हरफमा रचना गरिएको छ । गौतमले दश हरफभन्दा माथि र तीस हरफभन्दा तलका कविताहरूको रचना बढी मात्रामा गरेका छन् । यिनका लघू कवितामा **भावनाको बगरमा** र **मान्छे** दश हरफका छन् । **गयो कहाँ** कविता एघार हरफको छ भने बाह्र हरफका कविताहरूमा **बिहानीलाई चिहान बनाउन खोज्नेहरू** र **शान्ति** शीर्षकका कविताहरू पर्दछन् । तीस हरफको **व्यथा** कविता र उनान्चालीस हरफको **भुलको पात्र** शीर्षकको कविता लामा कविताअन्तर्गत पर्दछन् ।

गौतमका कविताका हरफको सङ्ख्यामा असन्तूलन भएजस्तै हरफको आकार पनि असन्तूलित देखिन्छ । उनका कवितामा प्रयूक्त भएका हरफ कूनै ज्यादै लामा, कूनै ज्यादै छोटा छन् भने कूनै-कूनै हरफ बराबर मात्राको पाइन्छ, जस्तै :

**लामो हरफ भएका :**

"ठुलो माछाले सानू माछालाई निल्नू पनि प्राकृतिक हो
वास्तवमा मान्छेको इतिहास पनि त केलाएर हेर
विज्ञानले उसका पुर्वज पनि त्यहीबाट उत्पत्ति भएको"

**'पहिचान'** पृ.६ ।

"इतिहासका पानामा लेखिएका समयका घटनाहरू छन्
यसैमा सपना र बिपनाका दोषहरू मेटाउने रेखाहरू छन् ।"

**'समय'** पृ.३१ ।

**छोटो हरफ भएका :**

"अनन्त खोजीमा
यो देह नै छोडी
गयो कहाँ ?
श्वास त्यो उडी !"

**'गयो कहाँ ?'** पृ.१२ ।

"सीङ न पूच्छर

तातो न भुत्लो
छातीको मूस्लो
पानीको थोप्लो
खस्तै नखसी जिन्दगी खूस्क्यो ।"

**'व्यङ्ग्य प्रहार'** पृ.२० ।

**बराबर हरफ भएका :**

"विजय यहाँ कमाई
देखेर यही फटयाई
यो मेरो घाउ बढ्दैछ
रात र दिन चर्राइ
मूटूको मूटू जलाई
मूटूको व्यथा बढ्छ ।"

**'व्यथा'** पृ.१६ ।

"यो दर्दले छ च्याट्टियो
यो मर्मले छ कोप्पीयो
समस्तमै छ भास्सियो
म माथिनै छ बज्रियो"

**'च्याँट्टियो'** पृ.१६ ।

यसप्रकार रमेशप्रसाद गौतमका कविताको संरचना आकार र प्रकारका दृष्टिले असन्तूलित देखिन्छ । आफ्नो जीवन भोगाइका अनूभुतिहरूलाई कवितात्मक र सूगठित रूपमा सूमधूर तथा गेयात्मक बनाएर अभिव्यक्त गर्नू कवि गौतमको संरचनात्मक वैशिष्ट्य पनि हो ।

## ४.२.३ विषयवस्तू

काव्य रचनाका लागि चयन गरिएको भाव, विचार कथ्य वा वस्तूलाई नै विषयवस्तू भनिन्छ ।[1] कविता कविको अनूभुतिको प्रस्तूति हो । कविले आफुले देखे भोगेका जीवनजगतका विभिन्न क्षेत्रबाट विषयहरू टिपी त्यसकै सेरोफेरोमा कविता सिर्जना गर्दछ। कवि कूनै विषयसँग नजिक भई त्यसको सामीप्यले हृदयको गहिराइमा एउटा अनूभुतिजन्य भाव सिर्जना गर्दछ । कवि गौतमले पनि प्रकृतिप्रेम, देशप्रेम/राष्ट्रभक्ति, विसङ्गत जीवनको

१. खगेन्द्रप्रसाद लूइटेल र अन्य, **नेपाली कविता**, (काठमाडौं : विद्यार्थी पूस्तक भण्डार) २०५४, पृ.६ ।

चित्रण, प्रगतिशील दृष्टिकोण, सामाजिक यथार्थ, यूद्ध र निराशा, अस्तित्वबोध, मृत्यूबोध, मानवतावादी चिन्तन एवं विश्वबन्धूत्वको भावना जस्ता विषयवस्तू टिपी तिनलाई स्वच्छन्दतावादी भावधारामा र प्राञ्जलशैलीमा बिम्ब र प्रतीकको समायोजन गरी गेयात्मक कविता सिर्जना गरेका छन् । उनका कवितामा पाइने विषयगत विविधतालाई यहाँ उदाहरणसहित प्रस्तूत गरिएको छ ।

## ४.२.३.१ प्रकृति चित्रण

रमेशप्रसाद गौतम प्रकृतिप्रेमी कवि हून् । स्यूचाटारको ग्रामीण परिवेशमा जन्मिएका कविलाई प्रकृतिको सौन्दर्य बसिरहेको प्रेम र करुणाको मुल फूट्ने मानव प्यारो लाग्छ । प्रकृतिलाई अणू-अणूमा खण्डित पारेर मनूष्य आफैं खण्डित हूँदै गएको देखेर कवि मर्माहत भएका छन् ।[२] मानिसलाई प्रकृतिले सधैं हाँसी खूसी रम्न रमाउन प्रेरित गरिरहेको हून्छ । हाम्रो वरिपरि फूल्ने फुलहरू जून यूगदेखि फूलिरहेका छन्, तिनीहरूले दिन र रात जीवनलाई आनन्दित बनाइरहेका हून्छन् । यस्ता प्रकृतिका उपहारलाई देख्न नसक्ने मानिस पनि यहाँ रहेका छन् भनी कविले यसरी आफ्ना भावना व्यक्त गरेका छन् :

"यूगको फुल फूलेछ साथी
रमाइलो बान्कीमा
फूल्दछन् फुल दिन र रात
हजारौं छन् यहाँ
निष्ठूरी भई चूँडेर फाल्ने
पापीनी यहाँ छन्"

**'फुल'** पृ.३ ।

गौतम प्रकृतिप्रेमी कवि हूनाले आफ्ना मनभित्र दबिएर रहेका दर्दलाई प्रकृतिको महलमा लूकामारी खेल्दै मेटाउन चाहन्छन् । कविले प्रकृतिको सौन्दर्यमा सबै कष्टहरू निवारण गर्ने अभिरुचिलाई कवितामा यसरी प्रस्तूत गरेका छन् :

"हरेक प्रकृतिको महलमा
लूकामारी खेल्न चाहन्छू
हरेक फुलको मूस्कानमा
हाँस्न चाहन्छू
यसै बीचमा गूलाफको फुलमा
मेरो संवेदना पोख्न चाहन्छू

---

२. **भावनाको बगरमा** कवितासङ्ग्रहको *मन्तव्य* खण्डबाट ।

हरेक प्रकृतिको सौन्दर्यतामा
मानव वाणी फार्न चाहन्छू"

**'चाहन्छू' पृ.७ ।**

फुलको सौन्दर्यले जो कोहीलाई पनि आनन्द प्रदान गर्दछ । फुलको वासनाले मानिसलाई सधैँ प्रकृतिको महत्त्व सम्झाइरहेको हून्छ । सृष्टिका नयाँ-नयाँ फुलका रङ्गहरूको सौन्दर्य र वासनाले मानवलाई मोहित पारिरहेको हून्छ । कवि गौतमले यो विश्वले पनि फुलले जस्तै सबै मानवलाई आनन्द देओस् भन्ने भावना प्रकृति मार्फत यसरी अभिव्यक्त गरेका छन् :

"धर्तीमा एउटै फुलको सृष्टि
संसारमा अमर छ
सौन्दर्य यस्को गहना राम्रो
फुलमा अमर छ
सृष्टिको नौलो विरङ्गी दृश्य
यसैमा आउँछ
फुलमा मिल्ने सौन्दर्य पराग
यसैमा आउँछ"

**'फुल' पृ.८ ।**

### ४.२.३.२ राष्ट्रियता / देशप्रेम

राष्ट्रियता भनेको राष्ट्रप्रतिको आस्था वा राष्ट्रहितको भावना हो । रमेशप्रसाद गौतम राष्ट्रप्रेमी कवि हून् । उनका कतिपय कविताका हरफहरूमा देशभक्तिको कामना प्रखर रूपमा व्यक्त भएको पाइन्छ । आफ्नो देशको स्वाभिमानलाई सधैँ उचाइमा राख्न चाहने कविले शहीदको रगतले हराभरा भएको यो देश कहिल्यै पनि विश्वको सामू झूक्ने छैन भनी आफ्नो देशप्रतिको सद्भावलाई यसरी व्यक्त गरेका छन् :

"मर्दको पौरख शहीदको रगत सिंचेको यो देश
स्वतन्त्रप्रेमी स्वाभिमान जाति नेपाली हामी हौं
झूकेन कैले विश्वमा हाम्रो इतिहास साक्षी छ
हट्दैन कैले शान्तिको सन्देश हिमाली मूटूमा
भर्खर पुर्व खूलेछ साथी लालित्य छाएछ ।"

**'स्वदेश' पृ.५ ।**

विकासको अति चरम सीमामा पूगेर राष्ट्र राष्ट्रको सङ्घर्ष गराएर विश्वलाई नै

विनाश गर्न लागि परेका दानव रूपी मानवले गर्दा देश नै तहस-नहस हून लागेकोमा कवि चिन्तित देखिएका छन् ।

"ए आमाका इच्छा र आकांक्षाका तगारा हो !
आमा उपर कर्तव्य बिर्सिएर
आमाको शिक्षादीक्षालाई लापरवाह गर्ने
ए संसारका मानव हो !
ए धर्ती माताका भारी हो !
ए विकासिएका प्राणी हो !
ए मानव रूपका दानव हो !"

**'ए मानव रूपका दानव' पृ.१४ ।**

देशको उन्नति गर्छू भनेर हिँड्दा देश त झन् अवनतितिर धकेलिँदै छ ।

"समाजमा यो भाषण छोड
गर्दछू उन्नति वृद्धि देश
यहि नै भो परिणाम मेरो
उल्टो उन्नति देश"

**'भुलको पात्र' पृ.१८ ।**

## ४.२.३.३ विसङ्गत जीवनको चित्रण

कवि गौतमका कवितामा मानवजीवनको श्रृङ्खलाविहीन अवस्था, जटिलता, मानवीय संवेदना, निस्सार र विक्षिप्तता जस्ता मानवीय घात-प्रतिघातहरूलाई सुक्ष्म रूपमा केलाइएको छ ।

मानिस भएर जन्म लिइसकेपछि बाँच्नै पर्ने बाध्यता र विवशता छ । आजको मान्छे न त मर्न सक्छ न त सजिलोसँग बाँच्न नै सक्छ । शरीरभित्रको छट्पटीले सधैं पोलिरहने र क्यान्सर जस्तै कहिले निको नहूने घाउ लिएर पिल्सिएर बाँच्नू पर्ने, के यस्तै हो त मान्छेको जीवन ? भन्ने प्रश्न गर्दै विसङ्गत जीवनको चित्रण कवि गौतमले उनका कवितामा गरेका छन् ।

"अनि म मानिस छट्पटाउँछ
अनि मानिस चिच्याउँछ
भित्र भित्रै रन्किएर पिरोलिन्छ
अनि भित्र भित्रै पिल्सिएर पाक्दछ
अनि बन्छ कहिले निको नहूने क्यान्सर

यस्तै नै त हो मान्छेको जीवन"

**'अज्ञानता'** पृ.१ ।

जीवन विचल्लीमा परेको छ । दोसाँधमा रहेको जीवन न यता न उता भएको छ । जहाँ-जहाँ घूमे पनि आफ्नो लक्ष्य प्राप्ति हून नसकेको अवस्थालाई कविले यसरी चित्रण गरेका छन् :

"यो विश्वमा यो थिच्चोमा
परे म ता यो च्याप्पोमा
यो निच्चोमा यो खिँच्चोमा
यो ठाउँमा यो गाउँमा
विचल्लीमा चले म ता ।"

**'विचल्लीले'** पृ.९ ।

मानिसको जीवन कहिले रोगले ग्रस्त छ भने कहिले भोक र शोकले ग्रस्त छ । रोगले ग्रसित शरीर लिएर सहाराबिना दिन र रात बिताउनू पर्ने बाध्यतालाई कविले आफ्नो कवितामा यसरी व्यक्त गरेका छन् :

"मूटूको व्यथा पालेर
रात र दिन बिताउँछू
साहारा मागी कराउँछू
मानव कोही हेर्दैन"

**'व्यथा'** पृ.१५ ।

राष्ट्र-राष्ट्र बीचको द्वन्द्वले र अभिमानले गर्दा कति जीवनको हत्या भइरहेको छ भने कतिपय मानिसहरू शक्तिको प्रदर्शन गर्न बनाइएका वैज्ञानिक उपकरणहरू अणू र परमाणूका शिकार भएका छन् । बाँचेकाका लागि पनि यमराज मृत्यूको बाटो बनेको छ । यसरी मानव जीवन मृत्यू वा हत्याबाट बँच्न नसक्ने विसङ्गत चित्रणलाई कवि गौतमले यसरी प्रस्तूत गरेका छन् :

"कति त राष्ट्र राष्ट्र बीचको यूद्धमा हत्या हून्छन्
कति त अणू र परमाणू बमको भोकमा शिकार हून्छन्
आखिर बचे खूचेका सबैको लागि यमराजको मृत्यू छ
केवल यहाँ मृत्यू वा हत्या सबैको छ ।"

**'हत्या'** पृ.३० ।

### ४.२.३.४ सामाजिक यथार्थ

कवि रमेशप्रसाद गौतमले आफु जन्मेर हूर्केको, बढेको र अनूभव गरेको सामाजिक विषयवस्तूलाई कविता बनाएका छन् । नेपाली समाजको जल्दोबल्दो समस्याका अतिरिक्त सामाजिक रहन-सहन, दू:ख-सूख र वेशभुषालाई पनि यिनका कवितामा समेटिएको छ । नेपाली समाज आर्थिक अवस्थाले ग्रसित भएको यथार्थ र निम्नवर्गले एक छाक खानका लागि गरेको सङ्घर्षका बारेमा यिनका कवितामा चर्चा गरिएको छ ।यी र यस्तै समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई पनि प्रतिनिधित्व गराइएको छ । अब समाजमा देखावटी प्रवृत्ति मात्र हाबी भएको छ । ठुलाको र बलियाको थिचा-मिचोमा निर्धाहरू बाँच्नूपर्ने वास्तविकता अझै पनि समाजमा कायम छ ।

"उसमा लूकिरहेको पूरानो अस्तित्व पो शास्वत रहेछ
अब आएर मानववाद मान्छेको ढोङ्ग मात्र भान
पो हून पूगेछ
बलियाले निर्धालाई नैतिक ढाल बनाई अस्तित्व
कायम गर्ने साधन हून थालेछ"

**'पहिचान'** पृ.६ ।

स्वार्थी संसारमा नाम र दाम कमाउनेको होडबाजी छ । कल्याण र सेवामा कसैको फूर्सद छैन । मानिसहरूको मनमा दानवीय तत्त्वले राज गरिसकेको छ ।

"जहाँ मानव कल्याण छैन
जसमा मानवता गूण छैन
केवल खालि नाम छ
केवल खालि दाम छ
जाहाँ दानवी नृत्य छ
त्यहाँ यो संसार
यो संसार हो बेकार"

**'भुलको पात्र'** पृ.१७ ।

आजको भौतिकवादी यूगमा हर मानिस गरीबीको चपेटामा परेका छन् । मानिस भोक र प्यासमा तडपिइरहेका छन् । भोक, शोक र रोगले दिलमा धेरै वेदना भएर मानिस स्वर मच्चाइरहेका छन् भन्ने सामाजिक यथार्थलाई कविले यसरी व्यक्त गरेका छन्:

"यो भोकले यो शोकले

यो रोगले यो रङ्गले
यो त्यागले यो रागले
यो दिल नै त च्याङ्गियो"

**'च्याङ्गियो'** पृ.१६ ।

अन्धविश्वास, रूढिग्रस्त समाज एकैचोटी परिवर्तन हून कठिन हून्छ । समाजमा गरीबले बाँच्न साह्रै कठिन भइरहेको छ । गरीबको जीवनस्तर माथि उठाउन कोशिश नभएको र मानिसलाई कठपूतली जस्तै अर्काको इच्छाअनूसार चल्न बाध्य पारिएको यथार्थलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

"च्याम्पुट्टी घूम्दै रिङ्गदै आयो
एउटैमा पो अटल साथ
बदली दिएन एउटै स्थिति भो
निमूखाको जीवन गाथा
जीवन मानव पूतली रूपि
नचाउने खेल कठपूतली"

**'तरङ्ग'** पृ.१९ ।

समयसँगसँगै परिस्थितिहरूको पनि आमुल परिवर्तन भएको छ । इतिहासमा जन्मिएका वीर वीरङ्गनाहरूले देशप्रेमको ठुलो गाथा बूनेका छन् । उनीहरूले सच्चा बलिदान र त्यागबाट देशप्रेम र मानववादको चित्र कोरेका छन् । जसमा हरेक नराम्रा दोषहरू मेटाउने रेखाहरू विद्यमान रहेका छन् । यही इतिहासको यथार्थलाई कविले आफ्ना कवितामा यसरी दर्शाएका छन् :

"त्यहाँ देशप्रेमको ठुलो गाथा छ
नवीन खोजी र आविस्कार छ
सच्चा बलिदान र त्यागको इतिहास छ
समयको पहिचान भित्र देशप्रेम र मानववाद छ
इतिहासका पानामा लेखिएका समयका घटनाहरू छन्
यसैमा सपना र बिपनाका दोषहरू मेटाउने रेखाहरू छन् ।"

**'समय'** पृ.३१ ।

### ४.२.३.५ प्रगतिशील दृष्टिकोण

यस सङ्ग्रहभित्रका कविताका केही हरफमा गौतमको प्रगतिशील दृष्टिकोण पनि व्यक्त भएको पाइन्छ । आजको यूग आधूनिक यूग हो र यहाँ हरेक काम छिटो हूनूपर्छ।

विश्वलाई नराम्रा कूराबाट बचाउने बाटो रोज्नूपर्छ भन्ने विचार कवि गौतमले यसरी व्यक्त गरेका छन् :

"यो संसारका अफत्य रहेका कार्य फत्य गर्छ
विश्व व्यथाबाट उम्काउने मार्ग रच्छ
आजको यूगले पनि यस्तै को माग गर्छ
त्यसैले यो संसारमा त्यसको आवश्यक छ
जो अफत्यसमितिको सदस्य बन्छ ।"

**'अफत्य समितिको सदस्य बन्छ'** पृ.२४ ।

यो संसारमा मानव रूप लिएर जन्मेपछि हरेक कूरा हटेर होइन डटेर सामना गर्नूपर्छ । आफु सक्षम भएर समाजमा हरेक कूराहरूको सामना गर्न अगाडि बढ्नूपर्छ । मान्छे भएर सदैव प्रगतिको पक्षमा डट्नूपर्छ भन्ने अभिव्यक्ति कविले यसरी प्रकट गरेका छन् :

"ए मान्छे ! पहिले सिक
अनि गर अरूलाई गरा
स्वार्थ हैन त्याग गर
रुन हैन हाँस्न सिक
हाँस्न मात्र हैन बाँच्न पनि सिक
डर्न हैन मर्न सिक
लूक्न हैन डट्न सिक
मान्छे भएर मान्छे बन ।"

**'मान्छे'** पृ.२९ ।

देशका यूवाहरूले कर्तव्य र अधिकारका लागि अघि बढ्नूपर्छ । भविष्य निर्माण तिनीहरूकै हातमा रहेको हूनाले आफ्नो कर्तव्यपथबाट कदापि विचलित नभई आफुलाई समाजको उच्च स्थानमा पूऱ्याउनू पर्ने कूरालाई कविले यसरी व्यक्त गरेका छन् :

"भविष्य तिमीहरूकै निर्माणमा छ
अब अगि बढ समय पहिचान
कर्तव्य र अधिकारको सीमारेखा कोर
अनि आफुलाई जान सामाजिक बन"

**'विद्यार्थी प्रति'** पृ.३५ ।

### ४.२.३.६ निरङ्कूश प्रवृत्तिको चित्रण

**भावनाको बगरमा** कवितासङ्ग्रहमा निरङ्कूश प्रवृत्तिको चित्रण गरिएका अनेक कविताका हरफहरू समावेश गरिएको छ । कविले देशका निरीह जनतामाथि स्वार्थी शासकहरूले गरेको दमन, अमानवीय व्यवहार जस्ता प्रवृत्तिको उद्घाटन गरेका छन् । शान्तिको विरोधी पक्षहरूले शान्तिका अनूयायीहरूलाई दमन गरेर सून्दर आसाका किरणमाथि कूठाराघात गरी निरीह प्राणीमाथि बमको छर्रासँगै एक चिहान बनाउन खोजिरहेका छन् भन्ने अभिव्यक्ति कविले यसरी दिएका छन् :

"विश्व शान्तिका विरोधी रक्त पिपाशूहरू
शान्तिका दुतहरूलाई एका बिहानै मारेर
यस बिहानीलाई चिहान बनाउन खोजी रहेका छन्
अबोध प्राणीमाथि बम पड्काएर कोलाहल
मच्चाइरहेका छन्"

**'बिहानीलाई चिहान बनाउन खोज्नेहरू' पृ.४ ।**

निमूखा जनताहरूको भोक र तिर्खा मेटाउन नसक्ने, खालि नाम कमाउनमा मात्र ध्यान दिने निरङ्कूश शासकहरूका अत्याचारलाई कवि गौतमले यसरी प्रकट गरेका छन् :

"यी लाला वाला केटाकेटीहरू जन्माएर
यिनीहरूको भोक र तिर्खा मेटन नसक्ने
शिक्षादीक्षाको नाम मात्र राखि दिने
खालि बाबू भन्नेको अधिकार लिन होला भनि डराउने
ए बाबू भनाउँदा हो ! ए आमा भनाउँदा हो !
तिमीहरू दूवै पद कमाउने हौं ।"

**'पद कमाउने होऊ' पृ.१२ ।**

मानिसको वाक स्वतन्त्रमा नै प्रतिबन्ध लागेपछिको निरङ्कूश स्थितिलाई कवि गौतमले यसरी व्यक्त गरेका छन् :

"अहिले बोल्न शक्तिन त्यस्को विरुद्धमा
त्यो शक्तिवान छ म शक्तिहीन छू
त्यसैले जति पिटिए थिचिए पनि
म बाट ऐयासम्म चित्कार निस्कँदैन

यहाँ बलियाको रात पनि दिन छ भने
निर्धाको केवल दिन पनि रात छ"

**'मृत्यू केवल साथमा छ'** पृ.२६ ।

### ४.२.३.७ जीवन दृष्टि

गौतमका कवितामा जीवनको सकारात्मक र नकारात्मक दूवै पक्षको अभिव्यक्ति पाइन्छ । मानिसका जीवनमा आइपर्ने दू:ख-सूखलाई कविले आफ्ना कविताका माध्यमबाट पोखेको छन् । आफु ईश्वरको कृपाले मानव भएको र मानव भएर गर्नूपर्ने काम गर्न नसकेकोमा आफ्नो जीवनप्रति नै खेद प्रकट गरेका छन् ।

"ए मानवका सृष्टि कर्ता
तिम्रो इच्छाले
'म' मानव भएँ !
तर मलाई खेद छ किन म जन्मिए
जून संसारमा
'म' मानव बन्न सक्दिन"

**'भुलको पात्र'** पृ.१७ ।

यस धर्तीमा मर्न र बाच्न धेरै कठिन भएको छ । एक क्षणको जीवनमा न मर्न सकिने न बाँच्न सकिने आशयलाई कविले यसरी व्यक्त गरेका छन् :

"न मरी जाने न बाँची साँच्ने
जीवन ढूकढूकी"

**'फुल'** पू३ ।

जीवन क्षणिक भएको र मृत्यू अपरिहार्य भएको कूरालाई कविले कविताका केही हरफहरूमा यसरी पोखेका छन् :

"अनन्त खोजीमा
यो देह नै छोडी
गयो कहाँ ?
श्वास त्यो उडी !"

**'गयो कहाँ ?'** पृ.१२ ।

जीवनमा अँध्यारा अथवा दू:खद पक्ष छन् । जीवनमा रुनूपर्ने, हाँस्नूपर्ने, बाँच्नूपर्ने बाध्यताले मानिसलाई गाह्रो पारिरहेको छ । जीवन आफैलाई भार भएको विचार कविले यसरी व्यक्त गरेका छन् :

"जानी नजानी ढूलमूली
मस्तिष्क खाली भारी भो
थाम्न नसक्ने जीवनको यो
मै माथि नै भार भो"

**'शुन्य'** पृ.३३ ।

### ४.२.३.८ यूद्ध र निराशा

**भावनाको बगरमा** कवितासङ्ग्रहमा यूद्ध र यूद्धले निम्त्याएको निराशा, मान्छेले मान्छेलाई गर्ने नराम्रा व्यवहार र भौतिक वैज्ञानिक उपकरणले झन बिग्रेको स्थितिलाई चित्रण गरिएको छ, जस्तै :

"यहाँ मान्छे भएर मान्छेलाई चिन्दैनन्
आफैँले पनि आफुलाई बिर्सन्छन्
यहाँ अणू र परमाणूदेखि लिएर
आधूनिक इलेक्ट्रोन र न्यूट्रोन चिरेर पनि
केही गरे जस्तो लाग्दैन,"

**'अज्ञानता'** पृ.१ ।

अहिलेको आधूनिक समाजमा कसैले कसैको दू:ख-सूखमा साथदिने फूर्सद नभएको र हर मानिस यो भिडभाडको संसारमा एक्लै जिउनूपर्ने बाध्यता भएको निराशाजनक भावलाई कविले यसरी व्यक्त गरेका छन् :

"त्यो लेउ लाउने त्यो मलम लाउने कसको सहारामा
अकेलो भएँ टूहूरो भएँ खचाखच संसारमा"

**'भावनाको बगरमा'** पृ.२ ।

देश र जनताका लागि केही गर्नूको सट्टा हरेक मान्छे स्वार्थमा डूबेका छन् । समाजमा विकृतिले जरा गाडिसकेका कारण मानिस अगाडि बढ्नूको सट्टा पछाडितिर मोडिँदै छ । मानिसले आफ्नो सभ्यतालाई लत्याएर पूरानो यूगतिर ढल्कन लागेको निराशाजनक स्थितिलाई कविले यसरी व्यक्त गरेका छन् :

"समाज त अब विकृतिको उपज पो भएछ
अब बाँकी रह्यो । के र ?
प्रत्येक मान्छे स्वार्थको बशमा अल्झिए पछि
अब मान्छे आदिम यूगमा पूग्न के गाह्रो भयो र ?
पृथ्वीले विश्व ब्रह्माण्डको फेरो मारे झैँ

मान्छेको सभ्यताले फेरो मारी पून:यथाअवस्थामा
पूग्न के बेर भयो ?"

**'पहिचान' पृ.६ ।**

देशको राजनैतिक परिपाटी देखेर विरक्त भएका कविले नेताहरूको द्वैध चरित्रप्रति व्यङ्ग्य गर्दै आफ्नो स्वार्थपुर्ति गर्नका लागि जे पनि गर्ने र जे पनि हूने नेताहरूप्रति आफ्नो तीखो भनाइ यसरी व्यक्त गरेका छन् :

"कहिले लेनिन बन्छौ त कहिले गान्धी
कहिले बूद्ध बन्छौ त कहिले कृष्ण
कहिले शोषक हून्छौ त कहिले शोषित
परिवर्तन चक्रमा घूमिरहेछौ
सत्य र असत्य छूट्टाउने अवकाश पाएका छैनौ
यो तिमीहरूको चरित्रको चहल पहलमा
सब प्रकृति हाँसि हाँसि रोइरहेछन्"

**'पद कमाउने होऊ' पृ.१० ।**

कवि गौतम अहिले भौतिक विकासले गर्दा यो संसारको अस्तित्व नै खतरामा रहेको धारणा राख्दछन् । आधूनिक विकासको चरम सीमामा पूगेका मानवले विश्व विनाशकारी विभिन्न उपकरणको निर्माण गर्दा संसारमा पल-पलको खतरा बढेको छ । प्रकृतिलाई समेत जित्न सफल मानिस विध्वंसकारी दानव भएका छन् । यी विवेकहीन मानवले यति पूरानो सृष्टिलाई नै क्षण भरमा सखाप पार्ने खतरा बढेको तथ्यलाई यसरी प्रस्तूत गरिएको छ :

"ए मानव रूपका दानव हो
ए विकासिएका प्राणी हो
आजको विकासको चरम सीमानामा पूगेर
विश्वमा होनहारको उन्नति गरि सक्यौ
ईश्वरको अरबौं वर्षको सृष्टिलाई
एक छिनमा सखाप पार्ने भयौ"

**'ए मानव रूपका दानव' पृ.१३ ।**

### ४.२.३.९ अतीतको स्मरण

यस कवितासङ्ग्रहमा अतीतको स्मरण गरेर लेखिएका कविताका पङ्क्तिहरू पनि रहेका छन् । अतीतमा घटेका निरङ्कूश घटनाहरू वर्तमानमा आएर नदोहोरियोस् भनेर

कवि सधैं छटपटिरहेका छन् । बितेका ती नराम्रा घटनाले वर्तमानलाई सधैं चनाखो बनाएर घचघच्याइरहेको छ । बितेका सम्पुर्ण घटनाक्रम वर्तमानमा पनि सम्झनाको रूपमा ताजै रहेका छन् ।

"अतीतले झस्काएको मस्तिष्कले
विजूली चम्किदा पनि अगूल्टोले हाने झैं लाग्छ
बितिसकेका अबोध घटनाले पनि
वर्तमानलाई चनाखो बनाएझैं लाग्छ
भुत र वर्तमान मिल्न नसक्दा
उर्लिएका तरङ्गले लोथ भएको शरीरमा
अतीतै अतीतले सजाएको भान हून्छ"

**'वर्तमान'** पृ.३२ ।

मनलाई छूने अतीतको मीठो कल्पनालाई कविले यसरी व्यक्त गरेका छन् :

"आउछन् याद सताउँछन् यहाँ
मन नै थर्काउने
कल्पना मीठो अतीत छिटो
मेटिने जीवनमा
नतर्की जाने नफर्की आउने
हिजोको बाटोमा"

**'सम्झना'** पृ.३४ ।

### ४.२.३.१० श्रमिकप्रति गर्व

**भावनाको बगरमा** कवितासङ्ग्रहमा श्रमिकवर्गलाई विषयवस्तू बनाएका अनेक कविताहरु कोरिएका छन् । श्रमिकवर्गले गाँस, वास, कपासका लागि धेरै सङ्घर्ष गर्नूपर्ने कूरालाई यसरी व्यक्त गरिएको छ :

"'म' विवश छू
मजदूर गर्छू
आर्जन गर्छू
एक गाँस वास
दिनभर यहाँ पसिना बेच्छू
साझ यहाँ पिठो किन्छू

गुन्द्रूक उमाली पिठो पकाई
ख्वाउँछू खान्छू"

**'जिन्दगी'** पृ.२२ ।

## ४.२.४ लयविधान

लयले कवितालाई साङ्गीतिक र गेयात्मक बनाउँछ । कवि रमेशप्रसाद गौतमको **भावनाको बगरमा** कवितासङ्ग्रहमा गद्य र लोकलयका कविताहरू सङ्गृहीत छन् । अक्षरहरूको मात्रा बराबर भएका कविताहरु पनि यस सङ्ग्रहमा निकै रहेका छन् । प्राय: मूक्तलयमा संरचित उनका कवितामा लय, भाव र भाषाका बीचमा तादात्म्य पाइन्छ । साङ्गीतिक र सून्दर भाषा प्रयोगले कवितालाई सूमधूर गेयात्मक बनाएको छ । उनका कविताहरूमा अनूप्रास, द्वित्व र समानान्तरताले लयको सिर्जना भएको पाइन्छ ।

### ४.२.४.१ अनूप्रास

गौतमका यस सङ्ग्रहभित्रका कविताहरूमा अनूप्रासका विभिन्न प्रकारहरू आद्यानूप्रास, मध्यानूप्रास, अन्त्यानूप्रास र आन्तरिक अनूप्रासको प्रयोग भएको पाइन्छ । जसले कवितामा लयको सिर्जना गरेका छन्, जस्तै :

**आद्यानूप्रास** :

"योगीको बीच भोगी नालायक हून्छ
भोगीको बीच योगी नालायक हून्छ"

**'अफत्य समितिको सदस्य बन्छ'** पृ.२३

**मध्यानूप्रास** :

"यो दर्दले छ च्याद्दियो
यो मर्मले छ कोप्पीयो"

**'च्याद्दियो'** पृ.१६ ।

**अन्त्यानूप्रास** :

"कल्पना बीज रोपेको थिएँ भावना बगरमा
फक्राई आउने ओइली जाने नजान्ने शहरमा"

**'भावनाको बगरमा'** पृ.२ ।

"यो शब्दमा मिठासले
यो दीपमा प्रकाशले"

**'विचल्लीले'** पृ.९ ।

**आन्तरिक अनूप्रास :**

"न यता आउने न उता जाने दोबाटो सधैंमा
जवानी बेला असारको मेला अकेलो बगरमा"

**'भावनाको बगरमा'** पृ.२ ।

"बिपनी राती सपनी खोज्ने
मूहार कति छन्"

**'फुल'** पृ.३ ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **योगी-भोगी, दर्दले-मर्मले, बगरमा-शहरमा, मिठासले-प्रकाशले, यता-उता, बेला-मेला, बिपनी-सपनी** जस्ता अनूप्रासयूक्त शब्दको उपस्थितिले कवितामा लयको सिर्जना भएको पाइन्छ ।

### ४.२.४.२ **द्वित्व**

द्वित्व शब्दहरूको प्रयोगद्वारा पनि गौतमका कवितामा लयको सिर्जना भएको पाइन्छ, जस्तै :

"विश्व शान्तिका दुतहरू गूलेलीले पक्क पक्क
हिर्काएर पछि पछि दौडेको दौड्दै छन् ।"

**'बिहानीलाई चिहान बनाउन खोज्नेहरू'** पृ.४ ।

"यो मेरो ज्योतिमा ढाकिदिएको केले केले
म है विचल्लीमा विचल्लीले"

**'विचल्लीले'** पृ.९ ।

"यो तिमीहरूको चरित्रको चहल पहलमा
सब प्रकृति हाँसि हाँसि रोइरहेछन्"

**'पद कमाउने होऊ'** पृ.१० ।

"यूग यूगको संघर्षमा
यूग यूग हाँस्दछ"

**'शान्ति'** पृ.२५ ।

माथिको उदाहरणमा रेखाङ्कित गरिएका **पक्क-पक्क, पछि-पछि, केले-केले, हाँसि-हाँसि,**

**युग-यूग** जस्ता शब्दहरूको पूनरावृत्ति वा द्वित्व भएर कविता लययूक्त भएका छन् ।

### ४.२.४.३ समानान्तरता

**भावनाको बगरमा** कवितासङ्ग्रहका कविताका अनेक पङ्क्तिमा वर्ण, पद र वाक्यगत रूपमा आएको समानान्तरताले पनि लयको सिर्जना गरेको पाइन्छ, जस्तै :

**वर्णगत समानान्तरता** :

"विचल्लीमा परे म ता
न हो यता न हो उता
कहाँ कहाँ कता कता
समस्तमै घूमे मता
विचल्लीमा परे म ता"

**'विचल्लीले'** पृ.९ ।

"यी लाला वाला केटाकेटीहरू जन्माएर
यिनीहरूको भोक र तिर्खा मेटन नसक्ने
शिक्षा दीक्षाको नाम मात्र राखि दिने
खालि बाबू भन्नेको अधिकार लिन होला भनि डराउने
ए बाबू भनाउँदा हो ! ए आमा भनाउँदा हो ।
तिमीहरू दूवै पद कमाउने हौ ।"

**'पद कमाउने होऊ'** पृ.१२ ।

माथि रेखाङ्कित गरिएका **म, न, त, क, ह, ल, ट, क्ष, ब, भ, उ, द** आदि वर्णहरूको आवृत्तिबाट कवितामा लयको सिर्जना भएको पाइन्छ ।

**पदगत समानान्तरता** :

"अनि मानिस छट्पटाउँछ
अनि मानिस चिच्याउँछ"

**'अज्ञानता'** पृ.१ ।

"केवल खालि नाम छ
केवल खालि दाम छ"

**'भुलको पात्र'** पृ.१७ ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **अनि मानिस, केवल खालि** जस्ता पदहरूको समानान्तरताले कवितामा लयको सिर्जना गरेका छन् ।

**वाक्यगत समानान्तरता :**

"कूनैले आफ्नो आत्माको हत्या गर्छन्
कूनैले आफ्नो दरो प्रेमको हत्या गर्छन्"

**'हत्या'** पृ.३० ।

माथि प्रस्तूत गरिएका **वर्ण, पद** र **वाक्यगत समानान्तरता**ले कवितालाई लयात्मक बन्न सहयोग पूऱ्याएको पाइन्छ ।

## ४.२.५ भाषाशैली

कविताका बाह्यपक्षसँग सम्बन्धित भएर भाषाशैली आएको हून्छ । भाषाशैलीबाटै साहित्यका गद्य-पद्य दूवै विधामा रचनाकारको साहित्यिक कलाको परिचय पाइन्छ । विचार अभिव्यक्तिको माध्यम भाषा हो भने शैली अभिव्यक्त गर्ने ढङ्ग हो । भाषा शैलीले विषयवस्तू र भावबीच समन्वय ल्याई रचनालाई रोचक बनाउन विशेष भुमिका खेलेको हून्छ ।

कवि रमेशप्रसाद गौतमको **भावनाको बगरमा** कविता-सङ्ग्रहभित्रका कवितामा प्रयूक्त भाषाशैली सरल, सरस र सूबोध्य देखिन्छ । कवि गौतमले सरल मिठासपुर्ण तरिकाले नेपाली भाषाका माध्यमबाट आफ्ना कवितात्मक अनूभुतिलाई व्यक्त गरेका छन् । अनूभुतिको कवितात्मक अभिव्यक्तिका लागि कविले तत्सम, तद्भव र आगन्तूक शब्दको प्रयोग पनि गरेका छन् । जसलाई निम्नानूसार देखाउन खोजिएको छ :

**तत्सम शब्दको प्रयोग :**

"ए देशका बालक केटाकेटी हो
तिमीहरूमा स्थिर पन छैन"

**'पद कमाउने होऊ'** पृ.१० ।

"हरेक प्रकृतिको सौन्दर्यतामा
मानव वाणी फार्न चाहन्छू"

**'चाहन्छू'** पृ.७ ।

"न्याय कृति संसारमा फैल्याउँछ
मान्छे मान्छेको दू:खमा साथ भिडिन्छ
कूशल कार्यको लागि सामेल हून्छ"

**'अफत्य समितिको सदस्य बन्छ'** पृ.२३ ।

"ए संसारका मानव हो !

ए धर्ती माताका भारी हो !
ए विकासिएका प्राणी हो !
ए मानव रूपका दानव हो !"

**'ए मानव रूपका दानव' पृ.१४ ।**

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **बालक, प्रकृति, मानव, वाणी, कृति, दूःख, कार्य, धर्ती, माता, दानव** आदि तत्सम शब्दको प्रयोग गौतमको यस सङ्ग्रहमा भएको छ।

**तद्भव शब्दको प्रयोग :**

"यूगको फुल फूलेछ साथी
रमाइलो बान्कीमा
फूल्दछन् फुल दिन र रात
हजारौं छन् यहाँ"

**'फुल' पृ.३ ।**

"मर्दको पौरख शहीदको रगत सिंचेको यो देश
स्वतन्त्रप्रेमी स्वाभिमान जाति नेपाली हामी हौं"

**'स्वदेश' पृ.५ ।**

"अतीत मीठो वर्तमान छिटो
कूँदेको शहरमा"

**'संझना' पृ.३४ ।**

"यिनीहरूको भोक र तिर्खा मेटन नसक्ने
शिक्षा दीक्षाको नाम मात्र राखि दिने
खालि बाबू भन्नेको अधिकार लिन होला भनि डराउने
ए बाबू भनाउँदा हो ! ए आमा भनाउँदा हो ।
तिमीहरू दूवै पद कमाउने हौं ।"

**'पद कमाउने होऊ' पृ.१२ ।**

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **फुल, रात, रगत, मीठो, भोक, बाबू, आमा** जस्ता तद्भव शब्दहरूको प्रयोग **भावनाको बगरमा** कवितासङ्ग्रहमा भएका छन् ।

तत्सम र तद्भवबाहेकका विभिन्न भाषाका आगन्तूक शब्दको प्रयोग पनि यस सङ्ग्रहको कवितामा भएको पाइन्छ, जस्तै :

"जिन्दगी वन्दी माया यो सन्धि
बूझ्दै नबूझी यसै नै ठम्मी

लालित्य छाडी जीवनको गाडी
कतै नफाली कोठैमा राखी ।"

**'व्यङ्ग्य प्रहार'** पृ.२० ।

"आइरहेछन् खोज्दै हजारौं
भवन मूशाफिर"

**'वर्षा ऋतूको स्वागत'** पृ.२१ ।

"गून्द्रूक उमाली पिठो पकाई
ख्वाउँछू खान्छू"

**'जिन्दगी'** पृ.२२ ।

"वाद वादको दूनियाँमा यो
खोजेर पाइन्छ अपवाद
भुल भुलको दूनियाँमा यो
छिपेर वस्छ सुल
इजम इजम खोजी गर्दा
मिल्छ यहाँ इलम"

**'वाद'** पृ.२८ ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **जिन्दगी, जीवन** फारसी भाषाबाट **मूशाफिर, दूनियाँ**, **इलम** अरबी भाषाबाट र **गून्द्रूक** नेवारी भाषाबाट नेपाली भाषामा आएका शब्द हून् । जसको प्रयोग **भावनाको बगरमा** कवितासङ्ग्रहका कविताका केही हरफमा प्रयोग भएको पाइन्छ ।

यस कवितासङ्ग्रहमा कविले विभिन्न अनूकरणात्मक शब्दको पनि प्रयोग गरेका छन्, जस्तै :

"प्रत्येक तोडमा
बेजोडको राँको बल्छ
अन्तस्करणमा उकूसमूकूस हून्छ"

**'अज्ञानता'** पृ.१ ।

"हरेक नदीको कलकल आवाजमा
नवीन संगीतको क्रम थप्न चाहन्छू
वसन्त कोइलीको को हो, को हो ? प्रश्नमा
म हो ! भन्ने प्रतिउत्तर दिन चाहन्छू"

**'चाहन्छु'** पृ.७ ।

"फ्वाँ फ्वाँ निन्द्रा
स्वाँ स्वाँ स्वास
फ्याँकि रहेछु जीवन खास
मेरो लागि आनन्द छ रात
आराम लिन्छु जिन्दगी साथ"

**'जिन्दगी'** पृ.२२ ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **उकूसमूकूस, कलकल, को हो- को हो, फ्वाँ फ्वाँ, स्वाँ स्वाँ** जस्ता अनूकरणात्मक शब्दको प्रयोग पनि यस सङ्ग्रहका कवितामा भएको छ ।

विभिन्न खालको भाषाको प्रस्तूतीकरणका लागि कविले विभिन्न प्रकारका शैलीलाई लिएका छन् । सङ्क्षेपमा विस्तारलाई समेट्न सक्ने अभिव्यक्ति कूशलतालाई यस सङ्ग्रहभित्रका कविताका अनेक ठाउँमा देख्न सकिन्छ । कविले आफ्नो अनूभुतिलाई वर्णनात्मक, विवरणात्मक, व्यङ्ग्यात्मक, व्यञ्जनात्मक आदि विभिन्न शैलीको प्रयोग गरेर कवितात्मक रूपमा प्रकट गरेका छन् । यथार्थ समस्या र सामाजिक चिन्तनलाई कलात्मकताका साथ प्रस्तूत गर्न सक्नू पनि कविको आफ्नै प्रकारको भाषाशैलीगत वैशिष्ठ्य हो ।

## ४.२.६ रसविधान

**भावनाको बगरमा** कवितासङ्ग्रहमा विभिन्न रसहरूको प्रयोग भएको पाइन्छ, जस्तै:

**श्रृङ्गार रस** :

**"**न यता आउने न उता जाने दोबाटो सधैँमा
जवानी बेला असारको मेला अकेलो बगरमा**"**

**'भावनाको बगरमा'** पृ.२ ।

**रौद्र रस** :

"आउँछ बोली बाण सरिको
गड्दछ बीज सर्प सरिको"

**'शुन्य'** पृ.३३ ।

**हास्य रस** :

"त्यो खन्ने खन्ति बजाउने जन्ति

धुलोको मूस्लो धुलोमा फून्कियो
हिड्नै नजानी उलिन काठमा पल्टियो
कूँजिएका खूट्टा यसैमा लूटपूटियो ।"

**'व्यङ्ग्य प्रहार'** पृ.२० ।

**बीभत्स रस :**

"आलो काँचो यो घाउ
पिल्सेर आज पाक्दैछ"

**'व्यथा'** पृ.१५ ।

### ४.२.७ अलङ्कार

गौतमको **भावनाको बगरमा** कवितासङ्ग्रहका कविताहरूमा छिटफूट रूपमा अलङ्कारको पनि प्रयोग भएको पाइन्छ । शास्त्रीय छन्दविधान अनूरूप पुर्ण रूपमा नियम सङ्गत अलङ्कारको प्रयोग भएको नपाइए पनि शब्दालङ्कारका विभिन्न प्रकारको प्रयोग भएको पाइन्छ, जस्तै :

"भर्खरै पुर्व खूलेछ साथी लालित्य छाएछ
यो रम्य भुमि सूरम्य पारी बिहानी भएछ"

**'स्वदेश'** पृ.५ ।

माथिका कवितांशमा अन्त्यानूप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ । माथिको कविताशंमा **छाएछ** र **भएछ** शब्दको प्रयोगले अन्त्यानूप्रास अलङ्कारको प्रयोग भएको छ।

"आफुले आफैलाई बिर्सिए झैं लाग्छ"

**'अज्ञानता'** पृ.१ ।

"मान्छे – मान्छेको भेलामा"

**'शान्ति'** पृ.२५ ।

सजातीय व्यञ्जन उसै क्रममा एक पटक मात्र दोहोरिएर हूने छेकानूप्रास अलङ्कारको प्रयोग माथिका उदाहरणमा भएको पाइन्छ । माथिका उदाहरणहरूमा **आ, फ, छ,** वर्णको एकपटक पूनरावृत्तिले छेकानूप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ ।

त्यसैगरी एक व्यञ्जनको अनेक पटक आवृत्ति भएर बन्ने वृत्यनूप्रास अलङ्कारको प्रयोग पनि यस कवितासङ्ग्रहका अनेक हरफमा भएको पाइन्छ, जस्तै :

"कर्तव्य र अधिकारको सीमारेखा कोर"

**'विद्यार्थीप्रति'** पृ.३५ ।

"कर्म र मर्मको अन्तर्द्वन्द्वमा"

**'वर्तमान'** पृ.३२ ।

"यो संसार हत्यारै हत्याराको घर हो"

**'हत्या'** पृ.३० ।

"आखिर आफुले आफुलाई नचिने झैं लाग्छ"

**'अज्ञानता'** पृ.१ ।

माथिका उदाहरणहरूमा **क, र, म, आ, ल** वर्णको दूई भन्दा बढी पटक आवृत्ति भएर वृत्यनूप्रास अलङ्कारको प्रयोग भएको देखिन्छ ।

## ४.२.८ बिम्ब तथा प्रतीक

रमेशप्रसाद गौतमको **भावनाको बगरमा** कवितासङ्ग्रहभित्रका कवितामा **दृश्य, श्रव्य, स्वाद** र **गति**सम्बन्धी बिम्बहरूको प्रयोग भएको पाइन्छ, जस्तै :

**दृश्यसम्बन्धी** :

"अन्धकार मेटी सर्वत्र यहाँ उज्यालो पाएछ
भरखरै पुर्व खूलेछ साथी लालित्य छाएछ"

**'स्वदेश'** पृ.५ ।

**श्रव्यसम्बन्धी** :

"हरेक नदीको कल कल आवाजमा
नविन सङ्गीतको क्रम थप्न चाहन्छू"

**'चाहन्छू'** पृ.७ ।

**स्वादसम्बन्धी** :

"जून मानिसमा शिक्षा दीक्षा मजबूत हून्छ
त्यो हून्छ एक स्वादिलो मीठो फल"

**'अफत्य समितिको सदस्य बन्छ'** पृ.२३ ।

"बोधो बूद्धि भारी छ खाना
बोल्न नजान्ने रुख्खो टर्रो"

**'शुन्य'** पृ.३३ ।

**गतिसम्बन्धी** :

"लठारिएर वतासिएका भावनाका बेगहरू

उर्लिएको भावावेषमा अत्तालिँदै छटपटाउँदै
दौडेको दौड्दै गन्तव्यमा नपुग्दैं
एक ढिस्कोमा अनापस ठक्कर खादा
छ्याल व्याल भएको त्यो भावावेष"

**'वर्तमान'** पृ.३२ ।

कवि गौतमले **भावनाको बगरमा** कविता-सङ्ग्रहभित्रका कवितामा अनेक खालका प्रतीकको प्रयोग गरेका छन्, जस्तै :

"विश्व शान्तिका विरोधी रक्त पिपासूहरू
शान्तिका दुतहरूलाई एका बिहानै मारेर
यस बिहानीलाई चिहान बनाउन खोजी रहेका छन्,
अबोध प्राणीमाथि बम पड्काएर कोलाहल,
मच्चाइरहेका छन्"

**'बिहानीलाई चिहान बनाउन खोज्नेहरू'** पृ.४ ।

माथिका कवितांशमा प्रयोग गरिएको **रक्त पिपासू** शब्द अरूलाई दु:ख दिने र अत्याचार गर्ने निरङ्कूस प्रवृत्ति भएका व्यक्तिहरूको प्रतीकको रूपमा लिइएको छ । **शान्तिका दुतहरू** भन्नाले शान्तिको चाहना गर्ने व्यक्तिहरूका प्रतीक हून् । यहाँ **बिहानी** शब्द भर्खर विकासतिर र शान्तितिर उन्मूख भएको समयको प्रतीकको रूपमा आएको छ ।

"ठुलो माछाले सानू माछालाई निल्नू पनि प्राकृतिक हो"

**'पहिचान'** पृ.६ ।

माथिको कविताशंमा रेखाङ्कित गरिएको ठुलो माछा र सानो माछा क्रमश: उच्च स्थानमा रहेका, उच्च पदमा रहेका नेता, व्यक्ति र निरीह जनताका प्रतीकको रूपमा आएका छन् ।

"कहिले लेलिन बन्छौ त कहिले गान्धी
कहिले बूद्ध बन्छौ त कहिले कृष्ण
कहिले शोषक हून्छौ त कहिले शोषित"

**'पद कमाउने होऊ'** पृ.१० ।

माथिका कवितांशमा प्रयोग गरिएका **लेलिन, गान्धी, बूद्ध, कृष्ण** क्रमश: **क्रान्तिकारी, शान्ति** र **अनेक लीला देखाउने** व्यक्तिको प्रतीकका रूपमा आएका छन् ।

## ४.२.९ निष्कर्ष

**भावनाको बगरमा** कवि रमेशप्रसाद गौतमको प्रथम प्रकाशित साहित्यिक पूस्तकाकार कृति हो । यसमा तीसवटा कविताहरू सङ्गृहीत छन् । समसामयिक राष्ट्रिय जीवन र विश्वजीवनको बोध नै यस सङ्ग्रहको विशेषताको रूपमा रहेको पाइन्छ । देशभक्ति, राष्ट्रियता, मानवीय प्रवृत्ति, प्रकृतिप्रति आस्था र स्वतन्त्र अस्तित्व प्राप्तिप्रति सचेत कविका भावनाहरू यस सङ्ग्रहमा छताछुल्ल पोखिएका छन् । तत्कालीन शासन व्यवस्था, शासकहरू र उनीहरूद्वारा नेपाली जनतालाई दिइएको पीडाको प्रस्तुति पनि यी कविताहरूमा भएको छ । व्यञ्जनात्मक पाराले लेखिएका कविताहरूका केही हरफमा बिम्ब र प्रतीकको पनि उचित प्रयोग भएको पाइन्छ । सरल वाक्यमा रचिएका कविता वैचारिक हिसाबले पनि उत्कृष्ट रहेका छन् । अभिव्यक्तिको शैली एकनासको रहेको र ठाउँठाउँमा विषयवस्तूको पूनरावृत्ति पनि भएको पाइन्छ । कविले भावना र कल्पनासँग यथार्थको साधारणीकरण गरी काव्यको रूप प्रदान गरेका छन् । सामाजिक विकृति, विसङ्गतिप्रति विद्रोही बन्दै शान्तिपुर्ण सह-अस्तित्व र सामाजिक, सास्कृतिक सूधारको अपेक्षाको भाव पोखिएका कविताहरूको सङ्ग्रह **भावनाको बगरमा** कवि गौतमको उल्लेखनीय कवितात्मक उपलब्धि हो ।

## ४.३ 'वसन्तका बोटहरु' कविता - सङ्ग्रहको अध्ययन

**वसन्तका बोटहरू** रमेशप्रसाद गौतमको दोस्रो प्रकाशित पूस्तकाकार कृति हो । उनका विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका र प्रकाशित नभएका फूटकर कविताहरूको सङ्कलन **वसन्तका बोटहरू**को प्रकाशन श्रीमती सविता गौतमबाट वि.सं. २०५४ सालमा भएको हो । यस कवितासङ्ग्रहमा वि.सं. २०५० सालदेखि वि.सं. २०५४ सालसम्म रचना गरिएका चौंतीसवटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहका कविताहरू मूक्तलय र लोकलयमा रचिएका छन् ।

### ४.३.१ सङ्ग्रहको नामकरण

प्रस्तूत कवितासङ्ग्रहको नामकरण यसै सङ्ग्रहभित्रको एउटा कविताको शीर्षकबाट गरिएको छ । वसन्त भन्ने बित्तिकै मानिसका मनमा उमङ्ग भरिएर आउँछ । यस आनन्दको प्रतीक ऋतूलाई ऋतूराज पनि भनिन्छ । यस समयमा चारैतिर रमणीय दृश्यले मानिसको मनलाई आनन्दित बनाइरहेको हून्छ । न गर्मी न जाडो, हरियाली रूख, बिरुवा, स्वच्छ वातावरण आदिले सूखद अनूभुतिको आभास भइराखेको हून्छ । प्रकृतिसँगै मानिसको जीवन पनि गाँसिएको हून्छ । त्यसैले मानिसहरूले पनि दू:खलाई बिर्सेर आफ्नो जीवन सधैं वसन्त जस्तै हराभरा र सूखद अनूभुतिका साथ जिउनूपर्ने विचार राख्दै यस सङ्ग्रहको नामकरण **वसन्तका बोटहरू** गरिएको हो ।

## ४.३.२ संरचना

**वसन्तका बोटहरू** कवितासङ्ग्रहमा चौँतीसवटा कविताहरू सङ्गृहीत छन् । संरचनात्मक हिसाबले हेर्दा यस कवितासङ्ग्रहका कविताहरू प्राय: गद्यशैलीमा रचिएका छन् । यस सङ्ग्रहभित्रका कविताको संरचनालाई निम्नानूसार तालिकामा प्रस्तूत गरिएको छ :

| क्र.सं. | कविताको शीर्षक | पृष्ठ सङ्ख्या | अनूच्छेद सङ्ख्या | हरफ सङ्ख्या |
|---|---|---|---|---|
| १ | वसन्तका बोटहरू | १-२ | १ | २६ |
| २ | धर्तीको फुल | ३ | १ | १९ |
| ३ | इाद | ४ | १ | २१ |
| ४ | उसैको यादमा | ५-६ | १ | २८ |
| ५ | सपनाको सोकेस | ७-८ | १ | २० |
| ६ | म्न | ९-१० | १ | २८ |
| ७ | नयाँ क्यानभास | ११-१२ | १ | ३० |
| ८ | तर्पण | १३-१४ | १ | ३२ |
| ९ | अहंकार | १५ | १ | १३ |
| १०. | चट्याङ | १६ | १ | २४ |
| ११. | श्रीमाने बलामी | १७-१८ | १ | ५० |
| १२. | मेरो चाहना | १९-२० | १ | २४ |
| १३. | सपना | २१-२२ | १ | २५ |
| १४. | भास्सिएको मान्छे | २३-२४ | १ | २४ |
| १५. | मया | २५-२६ | १ | ३० |
| १६. | गाउँले जीवन | २७-२८ | १ | २७ |
| १७. | फुल | २९ | १ | १६ |
| १८. | स्वदेश | ३० | ३ | १२ |
| १९. | सम्झना | ३१-३२ | १ | २५ |
| २०. | पारपाचूके | ३३-३४ | १ | २७ |
| २१. | शिशू प्रजातन्त्रको आर्तनाद | ३५-३६ | १ | २५ |
| २२. | प्रजातन्त्र | ३७ | १ | २० |
| २३. | सम्झना | ३८ | १ | २० |
| २४. | बाँचौं र बचाऔं | ३९ | १ | १८ |
| २५. | माग्ने | ४० | १ | २३ |
| २६. | विद्यार्थीप्रति | ४१ | १ | १९ |
| २७. | धर्ती | ४२ | १ | २१ |
| २८. | व्यथा | ४३-४४ | ५ | २९ |
| २९. | विहानी हावा | ४५ | १ | १९ |
| ३०. | जिन्दगी | ४६ | १ | १४ |

| | | | | |
|---|---|---|---|---|
| ३१. | मूटूको व्यथा | ४७-४८ | ३ | ३० |
| ३२. | शुन्य | ४९-५० | २ | २८ |
| ३३. | गन्तव्यको खोजीमा | ५१-५२ | ४ | २५ |
| ३४. | कान्तिपूरी | ५३ | ३ | १७ |

**वसन्तका बोटहरू** कवितासङ्ग्रहमा घटीमा १२ हरफदेखि बढीमा ५० हरफसम्मका कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये **स्वदेश** शीर्षकको कविता १२ हरफमा मात्र रचिएको छ भने **श्रीमाने बलामी** ५० हरफमा रचना गरिएको छ । कम्तीमा १२ हरफदेखि बढीमा ५० हरफसम्मका लामा कविताको सङ्कलन गरिएको यस सङ्ग्रहमा कविले २० देखि ३० हरफसम्मका कविताहरूको रचना बढी मात्रामा गरेका छन् । छोटो हरफका कवितामा **स्वदेश** १२ हरफको छ भने **अहंकार** १३ हरफको छ । ३० हरफको **माया** , **नयाँ क्यानभास** , **मूटूको व्यथा** र ५० हरफको **श्रीमाने बलामी** शीर्षकको कविता लामा कविताअन्तर्गत पर्दछन् ।

गौतमका कविताको हरफको सङ्ख्यामा असन्तूलन भएजस्तै हरफको लम्बाइ पनि असन्तूलित देखिन्छ, जस्तै :

**लामो हरफ भएका :**

"वसन्त यामसँगै साँचिएका सम्पुर्ण बैँसहरू
वनफुल बनेर उपवनहरूमा गिज्जिरहेका छन्"

**'वसन्तका बोटहरू'** पृ.१

"त्यसैले होला उसले पृथ्वीलाई सानो मात्र देखेको छ ।"

**'भास्सिएको मान्छे'** पृ.२३

"कोदालो अर्जाप्नेदेखि खेत रोप्ने पालो थाहा छ ।
बाली लगाउने र बाली भित्र्याउने याम थाहा छ ।"

**'गाउँले जीवन'** पृ.२७

"माया पाउनासाथ भोक र तिर्खा पनि मेटिदिन्छ
वास्तवमा मायाभन्दा नगिचको अरू वस्तू हूँदैन"

**'माया'** पृ.२६

**छोटो हरफ भएका :**

"सपनाभरिको मेरो मन
टोलाउन सक्छ
कूहिरोभित्र हराएको मन

गन्तव्यको खोजीमा
नजरबन्द हूनसक्छ"

**'मन' पृ.९**

"धैर्य गर
पाइला अघि नबढाऊ
बरु फर्क जाऊ
आफ्नै बाटोमा"

**'चट्याङ्' पृ.१६**

**एक शब्द हरफ भएका कविता :**

"लाएकै हैन यो माया
भन्थें
कसरी लाएछूँ

यो आफ्नो होइन पराइ भन्थें
आफ्नै पो भएछ ।"

**'उसैको यादमा' पृ.५**

"कान्तिपूरी !
धुलो र धुवाँको घूम्टोभित्र
लज्जाएर लूकामारी खेल्दै छेऊ
तिम्रो सून्दरता माथि कालो मोसोले
तिमीलाई बिरूप बनाई दिएको छ
खोलन आफ्नो घूम्टो लाज नमानी ।"

**'कान्तिपूरी' पृ.५३**

यसरी **वसन्तका बोटहरू** कवितासङ्ग्रहभित्रका कविताको संरचना आकार-प्रकारका दृष्टिले असन्तूलित देखिन्छन् । आफ्ना कवितात्मक अनूभुतिलाई प्रायः सूगठित र व्यवस्थित बनाइ प्रस्तूत गर्न सक्नू कवि गौतमको संरचनात्मक प्रवृत्ति पनि हो ।

### ४.३.३ विषयवस्तू

कविले आफ्ना रचनामा ब्रह्माण्डका सम्पुर्ण वस्तू, मानवीय स्वभाव, प्रकृति, धर्म, संस्कार र संस्कृतिजस्ता विविध पक्षलाई ग्रहण गरेर काव्य सिर्जना गर्दछ । कवि

रमेशप्रसाद गौतम एक भावूक प्रकृतिका स्वच्छन्दतावादी कवि भएकाले आफ्नो भावनामा उर्लेका सबै विषयलाई कवितामा पोखेका छन् । उनका कवितामा आफु जन्मेको हूर्केको परिवेशका साथै विभिन्न ठाउँको भ्रमणको क्रममा देखेका, भोगेका र अनूभव गरेका विषयवस्तूलाई टिपेर आफ्नो कवितामा सजाएको पाइन्छ । यस कवितासङ्ग्रहमा सामाजिक, राजनैतिक, आर्थिक, संवेदना, सम्बोधन विकास, उन्नति, अवन्नति, सतर्कता आदि कविताले भरमार भरिएको भावपून्जको रूपमा रहेको पाइन्छ ।[३] कविले मानव-जीवनका विविध मोडमा देखिने प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवीय प्रेम, श्रमिकवर्गको जीवन भोगाइ, राष्ट्र र राष्ट्रियताका लागि हृदयदेखि गरिने माया, उज्यालो भविष्यको खोजी, सामाजिक नराम्रा व्यवहार जस्ता विषयवस्तूमा आधारित कविताहरूको सङ्कलन यस सङ्ग्रहमा गरेका छन् । यस सङ्ग्रहमा सङ्कलित कविता र तिनले व्यक्त गर्न खोजेको भावलाई तल विस्तारमा प्रस्तूत गरिन्छ :

### ४.३.३.१ प्रकृति प्रेम

प्रकृति मानव-जीवनको अभिन्न अङ्गको रूपमा रहेको पाइन्छ । मानिसको सूख-दू:ख, संयोग-वियोग र उत्थान–पतनसँगै प्रकृतिले साथ दिइरहेको हून्छ । प्रकृतिको उपहार स्वरूप रहेका फुलहरूले त झन जो कोहीलाई पनि मन्त्रमूग्ध बनाइरहेको हून्छ । यस्तै प्रकृति प्रेमी कवि गौतमले प्रकृतिलाई सधैं नजिकबाट नियालिरहेका हून्छन् भने वसन्तयाममा छाउने प्रकृतिको मनोहर छटाहरूले हाँसीखूसी बाँच्न प्रेरणा दिइरहेको हून्छ । वसन्त ऋतूमा पाइने प्राकृतिक हरियाली र पूष्प सौन्दर्यले हृदय सधैं अप्लावित हून्छ । यस ऋतूमा हरिया वृक्षका लहरा, फुलहरू, मन्दहावा, भँवराको गून्जन, सूगारङ्गी पृथ्वी, रङ्गविरङ्गी पूतलीहरू, कोकिल कण्ठका सूमधूर स्वरहरू सबै मिलेर वासन्तिक सौन्दर्यको प्रस्फूटन गरिरहेका हून्छन् भने प्रकृतिसँगै मानिसहरूले पनि आनन्द र सूखको आभास पाउने विचार कविले यसरी व्यक्त गरेका छन् :

३. **वसन्तका वोटहरू** कवितासङ्ग्रहको *भूमिका* खण्डबाट ।

"गूराँसका फुलहरू रंगीन बिस्कून बनेर
पहाडका तरेलीहरूमा ओच्छिएका छन्
बेंसीमा बगरभरि काँस फूलेर
प्रकृतिको जगत् प्रफूल्लित भएको छ ।"

**'वसन्तका बोटहरू'** पृ.१ ।

फुल प्रकृतिको वरदान हो । फुल यूवा, यूवती, बुढाबुढी सबैलाई मनपर्छ । राम्रा राम्रा फुल देख्दा हाम्रो हृदय रमाउँछ । फुललाई मानिसहरूले मनभित्रको बगैंचामा समेत सजाएर राख्ने गर्दछन् । फुल हाम्रो भावनाको प्रतीक, हृदय र आत्मा हो । दू:ख-सूख आनन्दाभुति फुलमा नै पाइने हूनाले प्रकृतिको अनूपम छटालाई मनभित्रको सोकेसमा सजाउनू पर्ने भावलाई कविले आफ्ना कवितामा यसरी प्रकट गरेका छन् :

"मान्छेको मनभित्र पनि बगैंचा हूँदोरहेछ
त्यहाँ पनि फूल्ने फुलहरू कसरी अटाइरहेछन्
गहिरा आस्थाका बगैंचामा फूलिरहेका फुलहरू
कति ढकमक्क भैसक्दा पनि थाहै छैन मलाई
अब रोक्नू हून्न तिनलाई फूल्न दिनूपर्छ"

**'सपनाको सोकेस'** पृ.७ ।

प्रकृतिले मानिसलाई केही गर्नका लागि सङ्केत गरिरहेको हून्छ । आफ्नो अस्तित्व जोगाइराख्न देश विकासका लागि लाग्नूपर्ने कूरालाई कविले प्रकृतिमार्फत यसरी व्यक्त गरेका छन् :

"भर्खरै पुर्वतर्फ खूलेको बिहानीमा
सिम्रिक बोकेर
प्रभात हाँसो छर्दै
हिमाली टाकूराबाट
दिव्य सन्देश दिन्छ
हिमालको मूटूमा गीत लेखेर
लालिमा चित्र कोरी
शिलामा प्राण हाल्ने संकल्प गर्छ
प्रसुनहरूका सपनाहरू उघारी
भन्छ बढ बढ अघि बढ"

**'बाँचौं र बचाऔं'** पृ.३९ ।

प्रकृतिले मानिसको हर पीडामा मलम लगाउने काम गर्छ । प्रकृतिबाट उत्पत्ति भएको चिसोपानी पिएर देउराली र थलीमा थकान मार्न खोज्ने मानिसलाई आफ्नो न्यानो काख दिएर प्रकृतिले सहयोग पुऱ्याइरहेको हून्छ ।

"विश्रामको सूस्केरा मारेर थचक्क बस्न खाज्ने मानिस
देउराली भञ्ज्याङ्गको चिसो पिउने पानीको आतूरमा
अतालिँदै दौडेको छ अन्धवेगमा केवल थली र
देउरालीको बिसौनी खोज्दैं"

**'गन्तव्यको खोजीमा'** पृ.५१ ।

### ४.३.३.२ देशभक्ति / राष्ट्रियता

कवि रमेशप्रसाद गौतमका कवितामा राष्ट्रियता र देशप्रेमसम्बन्धी आस्था भएका भावहरू प्रकट भएको पाइन्छ । हाम्रो जीवनको आधार स्वदेश हो । आफुले टेकेको माटोलाई सधैं उच्च र गौरवशाली बनाउन सधैं अघि बढेर दृढ सङ्कल्पका साथ लाग्नूपर्छ ।

"स्वदेश नरहे हामी रहँदैनौ
त्यसैले संकल्प गरौं
निर्माण गरौं
सूनी धूकधूकी
मूटूमा स्पन्दन भरौं
बाँचौं र स्वदेशलाई बचाऔं"

**'बाँचौं र बचाऔं'** पृ.३९

आफ्नो गाउँ घर नै रमाइलो मान्ने कविले गाउँका घरहरूलाई प्रकृतिका सून्दर फुल जस्तै मानेका छन् । त्यहाँका पराले र ढूङ्गे छानाभित्र बसेका मानिसहरू सधैं रमाएका छन् भनी आफ्नो देशको गाउँले परिवेशको सून्दर चित्रण यसरी गरेका छन् :

"फुलका थूङ्गाझैं झूपूक्क देखिएका
पराले र ढूंगे छाना लगाएका
गूजूमूजिएर बसेका घरहरू छन्
अनि तिनै घरभित्र
रमाएमा मान्छेहरू छन्"

**'गाउँले जीवन'** पृ.२७ ।

नेपाली भएर नेपालको स्वाभिमानलाई बचाइराख्न, प्रजातन्त्रलाई पनि जोगाउनूपर्ने

अठोटकासाथ सङ्कल्प गर्नूपर्ने विचार कविले यसरी व्यक्त गरेका छन् :

"शूभ-मूहुर्तको बिहानीमा प्रजातन्त्रको शंखनाद गर्दै
संकल्प गरौ, अठोट गरौ भन्दछ
प्रजातन्त्रमा हाँसौं र प्रजातन्त्रमा बाँचौं
नेपाल र नेपाली भएर
स्वाभिमानलाई सधैं बचाऔं ।"

**'प्रजातन्त्र'** पृ.३७ ।

भौतिक विकास, जनसङ्ख्या वृद्धि तथा प्राकृतिक असन्तूलनले गर्दा आफु जन्मेको धर्ती चारैतिरबाट खूम्चिँदै गएको आभास भएको विचार कविले यसरी अभिव्यक्त गरेका छन् :

"हामी धर्ती भित्रका सिर्जना हौं
अगम्य र विशाल भएर पनि
मानौं यो खूम्चिएर गएको छ ।"

**'धर्ती'** पृ.४२ ।

सून्दर देश नेपालको रमाइलो ठाउँ कान्तिपूरलाई आदिकवि भानूभक्तले स्वर्गसँग तूलना गर्दै कविता रचेका थिए । यस्तो प्रकृतिको सून्दर उपहार आज मानिसहरूको भिडभाड र आधूनिक सवारी साधनहरूले गर्दा धुलो र धुवाँमा रुमलिएर शहर नै रोगी र विरूप भएको छ । यस्तो वातावरणले गर्दा देश नै रोइरहेको छ भनी पीडा र वेदनाका भावलाई कविले यसरी प्रकट गरेका छन् :

"कान्तिपूरी !
धुलो र धुवाँको घूम्टोभित्र
लज्जाएर लूकामारी खेल्दै छेऊ
तिम्रो सून्दरता माथि कालो मोसोले
तिमीलाई विरूप बनाई दिएको छ
खोलन आफ्नो घूम्टो लाज नमानी ।"

**'कान्तिपूरी'** पृ.५३ ।

## ४.३.३.३ श्रृङ्गारिक भावना

कवि रमेशप्रसाद गौतमले **वसन्तका बोटहरू** कवितासङ्ग्रहमा श्रृङ्गारिक भावले ओतप्रोत भएका कविताहरू पनि रचना गरेका छन् । शिष्ट श्रृङ्गारिक कवितामा उनले गाउँकी यूवतीलाई प्रकृतिको देनको रूपमा ग्रहण गरी नारी सौन्दर्यको महिमा गाएका छन्।

प्रकृतिसँग नारीको सौन्दर्यलाई गास्दै, उनकै रूप र स्वभावको वर्णन गर्दै उनको यादले हृदयमा चसक्क बिभ्ने गरेको कूरा प्रकट गरेका छन् । गाउँको सून्दर बस्तीमा रहेकी ती यूवतीलाई मनभित्र राख्दै, कविले प्रकृतिसँगै आफ्ना भावहरूलाई श्रृङ्गारमा समेटेका छन् ।

"रूपकी रानी स्वभाकी खानी
जुनमा चम्केकी
गाउँकी ठिटी बान्किली मिठी
सून्दर बस्तीमा
छम छम नाच्दै मूसूक्क हाँस्दै आएकी समीपमा
तारामा चम्की जुनमा लम्की
फूरुक्क परेकी"

**'याद'** पृ.४ ।

मानिसलाई जीवनमा बाँच्ने आधार प्रेमले नै सिर्जना गरेको हून्छ । सूख-दू:खमा पनि मायाकै सम्भ्कना भइरहन्छ । पहिलो प्रेम भूल्न अत्यन्त कठिन भएको र मायाको सम्भ्कनाले मनलाई सधैं तडपाइरहेको सन्दर्भलाई कविले विप्रलम्भ श्रृङ्गारका भावनात्मक पाराले यसरी प्रस्तूत गरेका छन् :

"लाएको हैन यो माया
भन्थें
कसरी लाएछूँ
यो आफ्नो होइन पराइ भन्थें
आफ्नो पो भएछ ।
म बिर्सू भन्छू भ्कन उर्ली आउँछ
मनको कूनामा ।
रोइरन्छ मन सम्भ्केर भ्कन
उसैको यादले ।"

**'उसैको यादमा'** पृ.५ ।

बैंसालू बेलामा उर्लेका प्रेममय भावनाहरूले सपनामा समेत सताउने गर्दछन् । सधैं प्रेमीकालाई साथै राख्न चाहने कविले प्रेयसीलाई आफ्नो मनभित्र राज गरिदिन आह्वान गरेका छन् । कविले आफ्नी प्रेयसीलाई दूखेको र निराश मनभित्र हरियाली भएर बास गरिदेऊ भन्ने मानवीय प्रेमका भावना यसरी व्यक्त गरेका छन् :

"मनभित्र राखी सधैं बोकें तिमीलाई

रातभर सपना पाएर पनि
बिहानीको लालीसँगै हराउने छ्यौं
तिम्रो छायाँसँगै गीत गाउने रहर हूँदाहूँदै
एक बिहानै छाडिदियौं
तिम्रो यौवनको छटाले मूटू छोडिकन
मेरो खडेरी यामको मनभित्र
वर्षाद भएर आऊ तिमी"

**'सपना' पृ.२१ ।**

कवि आफ्नो मनभित्रको सोकेसमा भर्खर टूसाउन लागेको प्रेमलाई फूलाउन लालायित छन् ।

"मेरो सपनाको सोकेसमा सजिएको
हृदयभरिको मायाको सँगालो
अङ्कूरिएर टूसाइरहेको छ"

**'सपनाको सोकेस' पृ.७ ।**

प्रेमीकालाई सधैं हृदयभित्र टाँसेर राख्न चाहने कविले सपनामा आफुसँगै परेलीमा बास गरेकी प्रेमीकासँग मनका कूरा यसरी अभिव्यक्त गरेका छन् :

"कलेजीमा टाँसू-टाँसू लाग्दथ्यो, मलाई
तिम्रो मनको व्यथासँगै
अड्किदियौ मेरै परेलीमा छायाँ बनी
आज भयो मीठो सपना तिमी आयौ ममा"

**'सपना' पृ.२१ ।**

कवि प्रेमीकालाई अघात माया गर्छन् । आफ्नो प्रेमीकाको गूलाफी ओठमा छरिएको मूस्कानको वर्णन गर्दै हृदयभित्र रहेको मायाको सून्दर संसारमा आफ्नी मायालूले बास गरुन भन्ने चाहना र इच्छालाई कविले यसरी व्यक्त गरेका छन् :

"तिम्रा मूस्कानका गूलाफी ओठहरू
तिम्रा समर्पणका साङ्केतिक भावहरू
हृदयको कूनाभित्र बल्छी हाल्न आउँछन्
मभित्रै तिनीहरूले रमाइलो घर बनाएका छन्
तीभित्रै बसिरहेका सूकोमल मूस्कानहरू
बाहिर कहिले प्रस्फूटन हून नसक्दै

भित्रै फक्रिएर पल्लवित बनेका छन्"

**'माया' पृ.२५ ।**

प्रेम भन्ने चीज त्यस्तो वस्तू हो, जसले भोक र तिर्खाको तिर्सना पनि मेटिदिन्छ । अरू कूनै पनि वस्तूले मायाको स्थान ओगट्न सक्दैन । त्यसैले कवि आफ्नो प्रेमीकालाई सधैँ आफ्नो सामीप्यमा राख्न चाहन्छन् । मायालाई विपन्नताको पर्खाल नबनाएर सम्पन्नताको सुचकको रूपमा राख्ने भावनात्मक अभिव्यक्तिको प्रकट कविले यसरी गरेका छन् :

"तिम्रा ती कोमल हातहरूले मलाई स्पर्श गर
तिम्रो न्यानो मायाको काखमा मलाई सिरानी देऊ
हाम्रो विपन्नता कहिले विडम्बना भै उभिदेला
हामी दूईबीच अवरोधको पर्खाल नहोला
आखिर माया नै हाम्रो सम्पन्नताको सुचक होला"

**'माया' पृ.२६ ।**

प्रेम त्यस्तो वस्तू हो जसलाई नाप्न धेरै कठिन हून्छ भन्ने कविको धारणा छ । आँसूका दानालाई जस्तै मायालाई पनि गन्न नसकिने र मनले थाहा नै नपाइ बसेको मायालाई जति भूल्न खोजे पनि भूल्न नसकिने विडम्बनालाई विप्रलम्भ श्रृङ्गार भावमा कविले यसरी पोखेका छन् :

"आँसूका दाना मायाका पाना
के गन्न सकिन्छ
नजानिकन लाएको माया
के भूल्न सकिन्छ
बिर्सन्छू भन्छू झन् उर्ली आउँछ
मनको साँधूमा
यो पापी मन बराल्ली रहन्छ
मायाको यादमा"

**'सम्झना' पृ.३८ ।**

आफुले लाएको मायालाई अरू कसैले दिलमा बसाएको देखेर कवि दू:खी छन् । कविले यस्ती फुल जस्ती प्रेयसीलाई आफ्नो भन्दा भन्दै पनि अरूले नै खोसेको देख्दा निराश हूँदै प्रकृतिको सून्दर सृष्टि प्रेमीकालाई सम्झेर आफ्नो प्रणयमुलक मानवीय प्रेमका भावनालाई प्रकृतिसँग तादात्म्य गरेर यसरी प्रकट गरेका छन् :

"मूर्झायो फेरि बितायो आज बिहानी हावाले
बिर्सेर पनि नसक्नी माया हिजोको यादले
बिर्सन्छू भन्छू सक्तिन कति मनमै अड्कने
सम्झना वारी सम्झना पारी रोपेको एक फुल
न मल हाली न जल राखी गोडेको कसैले
प्रकृति आफैं हूर्केछ फेरि फक्रेछ यो आफैं"

**'बिहानी हावा'** पृ.४५ ।

### ४.३.३.४ राजनीति व्यङ्ग्य

नेपालको वर्तमान राजनीति परिपाटी देखेर कविलाई देशको भविष्यको चिन्ताले सताएको छ । सत्ताको मोहबाट मूक्त हून नसकेका राजनीतिक दल र दलका नेताहरूको प्रवृत्तिलाई कविले आफ्ना कविताहरूमा व्यक्त गरेका छन् । भाषणमा मात्र सीमित रहेका नेताहरू बाहिर एक बोल्छन् भित्र अर्को कार्य गर्छन् । भाषण गरेर समय सिध्याउँछन् भने भाषण पछि विभिन्न खानपिनको नाममा आफ्नै भूँडी भरिराखेका हून्छन् भनेर कविले यसरी व्यङ्ग्य प्रहार गरेका छन् :

"दर्जनौ सूटेट बूटेटहरू
अनेक भाषण भीषण छाँट्दछन्
अनि अलमलिएका हून्छन्
भाषणपछिका रासनहरूमा"

**'श्रीमाने बलामी'** पृ.१८ ।

राजनीति केवल भोग, विलास र सत्ताका लागि मात्र प्रयोग गर्ने नेताको प्रवृत्ति देखेर कवि निकै निराश भएका छन् । यस्ता विकृत परिपाटीले गर्दा जाली र फटाहाका रूपमा परिणत भइरहेका छन् भने जसले मानवहितका लागि केही गर्नूपर्छ भनेर मानवतावादको भाषण छोड्छ त्यो देखावटी आडम्बर मात्र भएको छ ।

"राजनीति केवल सत्तालिप्साका लागि प्रयोग हून्छ
शिक्षा गूणी ज्ञानीको सट्टा जालभेलमा परिणत हून्छ
मानववाद हात्तीको देखाउने दाँतझैं भएको छ ।"

**'भास्सिएको मान्छे'** पृ.२३ ।

प्रजातन्त्र कहिल्यै पनि फैलन नपाउनूमा प्रजातन्त्रका रक्षक नै दोषी रहेका छन् । नेताहरू धेरै बुढा हूँदा पनि आफ्नो सत्तालिप्साको मोहलाई छोड्न नसक्दा हाम्रा कर्मठ नेपाली यूवाहरूले देशलाई आफ्नो हातबाट अघि बढाउन पाएका छैनन् । त्यसैले यो

देशमा जहिले पनि प्रजातन्त्रको अस्तित्व सङ्कटमा नै परिराखेको छ ।

"प्रजातन्त्र किन सङ्कटमा पऱ्यो आजकल नेतादेखि
सधैं शिशू बन्दाबन्दै तन्नेरीको रहरै नदेखिने
प्रजातन्त्रका रक्षकहरू कूप्रे बुढा हूँदाखेरि पनि
आफ्नो उत्तराधिकारी बालकै भइरहेको देख्दा
भविष्यको चिन्ताले कति सताइरहेको होला ?"

**'शिशू प्रजानन्त्रको आर्तनाद' पृ.३५ ।**

प्रजातन्त्र आयो भनेर खूसी हूने नेताहरू विलासी जीवन बिताउन व्यस्त भएका छन्। प्रजातन्त्रको नाममा ठुला-ठुला महल बनाउन र सूविधा सम्पन्न गाडी चढ्नमा नै मख्ख छन् । आफ्नो भकारी भर्न पछि लागेका देशका स्वार्थी र भ्रष्ट नेताहरू प्रजातन्त्रलाई नै अप्ठ्यारोमा पार्न लागिपरेका छन् ।

"प्रजातन्त्रको मीठो सपना बेचेर
गगनचूम्बी महल र पजेरोगाडी चढ्ने नेताहरू
आज प्रजातन्त्रका ठेकेदार भएका छन् ।"

**'शिशू प्रजातन्त्रको आर्तनाद' पृ.३६ ।**

## ४.३.३.५ प्रगतिशील चेतना

**वसन्तका बोटहरू** कवितासङ्ग्रहका कवितामा कविले देश र समाजको विकासका लागि गर्नूपर्ने प्रगतिशील चेतनाका भावहरू पनि व्यक्त गरेका छन् । देशको परिवर्तनका लागि आफुलाई जतिसूकै दण्ड सजाय दिए पनि धैर्यता नछाड्ने विचारलाई कविले यसरी व्यक्त गरेका छन् :

"छटपटाइरहेको मनलाई
कति कौतुहल बनाइदिन्छ
आखिर म पनि त धरतीकै मान्छे हूँ
जति भूट बूटले हिर्काए पनि
आफ्नो धैर्यता छाडदिन"

**'सपनाको सोकेस' पृ.८ ।**

देशको उच्च स्थानमा बसेका नेताहरूले भाषण, रासन र फेसनको नाममा गरीब निमूखाहरूको हक, हित खोस्न नहूने विचारलाई कविले **श्रीमाने बलामी** कवितामा पोखेका छन् । अनावश्यक खर्च जोगाएर गाउँमा विकासमुलक कार्यमा लगानी गरेमा गरीब जनताको जीवनस्तर उठ्छ । उनीहरूका भोका पेट भरिन्छन्, अनि नाङ्गा जीउ छोपिन्छन्।

"भाषण, रासन र फेसनमा
निमूखाहरूलाई थिचोमिचो नगरिदिएमा
फजूल खर्च जोगाएर
गाउँ विकास गरिदिएमा गाउँको जीवन उठ्छ
नाङ्गै अङ्ग छोपिन्छ
भरपेट खान पाउँछन्
अनि भोक र रोग भाग्छ"

**'श्रीमाने बलामी' पृ.१८ ।**

हामी नेपाली आफ्नो देशको उन्नतिका लागि जस्तोसूकै प्रण गर्न पनि तयार हूनूपर्छ । बिहानी सुर्यको लालिमा चित्र कोर्दै देश विकासको मुल फूटाउन शिला जस्तो वस्तूलाई समेत बिउँझाउने कोशिश गर्दै अघि बढ्नूपर्ने धारणालाई कविले प्रकृतिसँग तादात्म्य गरी यसरी व्यक्त गरेका छन् :

"क्रान्तिको सन्देश बोकेको बिहानीले
शान्तिको बिगूल फूक्दै
मिर्मिरे प्रभातको हाँसो बोकेर
हिमाली टाकूराबाट सन्देश दिन्छ
नेपालको मूटूमा गीत लेखेर
नानीभरी चित्र कोरी
शिलामा प्राण भर्छ
शहीदका सपनाहरू बिच्छयाएर
विकासको मुल फूटाउँछ"

**'प्रजातन्त्र' पृ.३७ ।**

जीवन सङ्घर्षपुर्ण रहेको छ । हरेक मोडमा रोकावट आइरहन्छ । आफ्नो लक्ष्य प्राप्तिका लागि समयलाई विचार गरेर प्रगतिको बाटोमा लम्कनू पर्ने विचारलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

"जीवन त सङ्घर्षको मोडमा अड्किएको छ
प्रत्येक पला पलाको घडीमा घण्टा नपूग्दै
थकान बोकेर उकालीका डाँडाहरूमा

दौडेको दौडै चाँडो पूग्न देउराली भञ्ज्याङ्गमा"

**'गन्तव्यको खोजीमा' पृ.५१ ।**

समाजका नराम्रा चीजहरू लूकाएर समस्या समाधान हूँदैन । वास्तविक कूरालाई बाहिर ल्याएर सङ्घर्षमा लाग्नूपर्छ । त्यो नै जीवन हो, अनि यथार्थ हो ।

"लूकाई मात्र रहनू यथार्थ होइन
वास्तवमा जीवन यथार्थ हो
रोएर मात्र केही हूँदैन
सङ्घर्ष नै जीवन हो"

**'कान्तिपूरी'** पृ.५३ ।

## ४.३.३.६ श्रमिकप्रति दृष्टिकोण

प्रगतिशील विचार भएका गौतमले आफु जन्मेको हूर्केको परिवेशमा रहेका गरीब तथा श्रमिकवर्गको विषयलाई लिएर पनि कविता रचेका छन् । उनका श्रमिकप्रति श्रद्धा र सम्मान् भाव व्यक्त गरेका अनेक हरफमा जति दू:ख र परिश्रम गरे पनि बिहान र बेलूकाको छाक टार्न सधैं कठिन हूने श्रमिकहरूको वेदनालाई प्रकट गरेको पाइन्छ ।

"अरूको देखेर के नै पाइन्छ र
आखिर दू:खीको जीवन दू:खमा बित्छ
उसले आठनंग्रा खियाउँदा पनि
बिहान बेलूकी चूल्हो तताउन मूस्किल छ"

**'तर्पण'** पृ.१४ ।

बिहानी झिसमिसेसँगै कोदाली बोकेर जीवन धान्ने, अन्न उब्जाउन बाँझो बारी र खेतमा गई धेरै मेहनत र परिश्रम गर्ने श्रमिकवर्ग धेरै परिश्रम पछि मात्र एकपेट खान पाउने अवस्थामा रहेका छन् । आफ्नो श्रम र पाखूरीमा पौरख देख्ने जागरुक श्रमिकवर्गलाई कविले यसरी सम्मान व्यक्त गरेका छन् :

"उसलाई नामबाट चिन्न सकिन्न
उसको नामसित काम मिल्दैन
केवल काम अनि मात्र पाउँछ माम
सीमित छ उसको जाम
बोलाउने गर्दछन् उसलाई
श्रीमाने बलामी उसको नाम
उ मेहनती र परिश्रमी छ
बिहान झिसमिसेमै कोदाली बोकेर
कहिले बाँझो बारी त कहिले खेत खन्न जान्छ

कहिले कोदाली बोकी
खेतको आली तास्छ र हिले बाँझो पल्टाउँछ
उ सक्कली कर्मवीर हो
कर्मपिपासू पनि
उसलाई थाहा छ
जीवन संघर्षशील छ
उ आफ्नो पाखुरीमा पौरख देख्छ
उ कर्मलाई पुजा ठान्छ
पसिनाको आर्जन मीठो मान्छ"

**'श्रीमाने बलामी'** पृ.१७ ।

जीविकोपार्जनका लागि रातदिन काममा लाग्ने कर्मशील श्रमजीवीवर्गहरूले खालि आफ्नो कर्मथलोबाहेक बाहिरी संसारसँग सम्बन्ध राख्न सकेका छैनन् । पिठिउँमा सन्तान बोकेर मेलापात गर्छन् । यिनीहरूलाई खेतमा पानी लगाउने, खेत रोप्ने पालो थाहा छ । बाली लगाउने र बाली भित्र्याउने समय थाहा छ । यस्ता गरीब र निमूखा श्रमिकवर्गका नाजूक अवस्थालाई कविले यसरी अभिव्यक्त गरेका छन् :

"पिठिउँमा बालक बोकेर मेलापात गर्दछन्
तिनलाई सबै कूराको पालो थाहा छ
खेतमा पानी लगाउने पालो थाहा छ
कोदालो अर्जाप्नेदेखि खेत रोप्ने पालो थाहा छ
बाली लगाउने र बाली भित्र्याउने याम थाहा छ ।"

**'गाउँले जीवन'** पृ.२७ ।

## ४.३.३.७ यूगीन यथार्थ

कवि गौतमका कविताका केही हरफहरूमा हाम्रो परिवेशभित्रका सामाजिक, राजनैतिक, सास्कृतिक आदि विषयवस्तूको यथार्थ चित्रण गरेको पाइन्छ । बितेको समयमा भएका हाम्रो राजनैतिक गल्तीहरूलाई हामीले वर्तमानमा राम्ररी बूझेर भविष्यमा फेरि ती गल्तीहरू नदोहोरिउन भनेर सतर्क हूनूपर्ने विचारलाई कवि गौतमले आफ्ना कविताका माध्यमबाट यसरी अभिव्यक्त गरेका छन् :

"अतीतमा कोरिएका शिलाहरूमा
वर्तमानले प्राण हालिदिएर
भविष्यलाई सतर्क बनाउँछ"

**'नया क्यानभास' पृ.११ ।**

नेपाली जनतालाई बटूवाको संज्ञा दिँदै कविले अगाडि अशान्तिको ज्वाला निस्कन लागेको र आकाशमा अशान्तिको बादल मडारिएको कूरा बताउँदै अहिलेको समय डगमगाउन सक्छ त्यसैले सबै मिलेर धैर्य गरी त्यसलाई साम्य पार्न लाग्नू परेको छ भनी आफ्नो देशको परिस्थितिको यथार्थ चित्रण यसरी गरेका छन् :

"ए बटूवाहरू हो !
कान खोलेर सून
तिम्रा अगाडि चट्याङ खस्न लागेको छ
मृत्यूले तिमीहरूलाई आलिङ्गन गर्दै
तिम्रा पथमा पहिलो पाइलासँगै
आकाश मडारिएको छ
वर्तमान लरबराएको छ
अतीत बौलाएको छ"

**'चट्याङ' पृ.१६ ।**

जति मेहनत गरे पनि पेट भोकै रहने वास्तविकता छ । गाउँघरका धेरै गरीबहरूलाई पेटभरी खान नपाएर जीवन धान्न मूस्किल परिरहेको छ । उनीहरूका शरीर कमजोर भइरहेका छन् । जीवनयापनको खोजमा सधैं तल्लीन रहनूपर्ने यथार्थलाई कविले यसरी प्रकट गरेका छन् :

"अनेक भोका गाउँका आँखाहरू
दूईतिरका खोलाझैं गाडिएका कञ्चटहरू
जति मेहनत गरे पनि भरपेट खान नपाएका
घरि भाषण अनि देख्दछन् रासन"

**'श्रीमाने बलामी' पृ.१८ ।**

वर्तमान समयमा शिक्षाको भरिपुर्ण विकास भएको छ । शिक्षाको उन्नतिसँगै मानिससँग प्रमाणपत्रहरू पनि अनगिन्ती छन् तर त्यसलाई सदूपयोग गरेर आफु स्वावलम्बी बन्न चाहनेहरूलाई झन पीडा थपिएको छ । शिक्षाको प्रयोग गर्न नपाएर मानिसहरू छटपटिरहेका छन् भनेर वर्तमान समयलाई कविले यसरी अभिव्यक्त गरेका छन्:

"शिक्षाको धरातलमा उभिएको मान्छे
अनगिन्ती प्रमाणपत्रको बोझमा

थामी नसक्नू पीडाले रन्थनिएको छ ।"

**'भास्सिएको मान्छे' पृ.२३ ।**

गरीब निमूखा जनताहरूलाई बिहान बेलूकाको छाक टार्न मूस्किल छ । उनीहरुलाई बाहिरी दूनियाँसँग केही मतलब छैन र हक अधिकार के हो भन्ने कूरा पनि थाहा छैन।

"तिनलाई संयूक्त राष्ट्र संघको
वडापत्र थाहा छैन
विश्व भाइचारा र सह-अस्तित्व थाहा छैन
बालिगमताधिकारको सिद्धान्त थाहा छैन
अन्तरिक्ष यान थाहा छैन ।"

**'गाउँले जीवन' पृ.२७ ।**

देशमा भएको राजनैतिक गतिविधिले प्रजातन्त्रलाई नै धक्का पूगेको छ । कठिनपुर्वक आएको प्रजातन्त्रलाई फलाउन, फूलाउन आफु सक्षम नभएर अरू दाता राष्ट्रको अगाडि हात पसारेको वास्तविक यर्थाथलाई कविले यसरी प्रकट गरेका छन् :

"तर अफशोच छ प्रजातन्त्रलाई
भरपेट खान दिन नसक्ने दाता नपाएर
कूपोषण र औषधिमुलोको अभावमा
दिन प्रतिदिन खिइँदैछ प्रजातन्त्र"

**'शिशू प्रजातन्त्रको आर्तनाद' पृ.३५ ।**

### ४.३.३.८ जीवनप्रति दृष्टिकोण

गौतमका कवितामा जीवनका सूख-दू:ख दूवै पक्षको अनूभुतिको सङ्केत पाइन्छ । आफुलाई प्यारो लाग्ने वस्तूलाई मनभित्रको सोकेसमा सजाएर जीवनभरि राख्न सकिने जीवनको सूखद पक्षलाई कविले यसरी व्यक्त गरेका छन् :

"मनभित्रको सोकेसमा अटाएर
जीवनभरि सजाउन पनि सकिन्छ
आखिर मान्छेकै मन हो
यो नौनीभन्दा कोमल हून्छ"

**'मन' पृ.१० ।**

जीवन सङ्घर्षले चलिरहेको हून्छ । सङ्घर्ष नै बाँच्ने प्रेरणाको आधार हो ।

तरङ्गले तरङ्गिएको जीवन

बहलाउन नपाउँदै
सून्दर सपनालाई फाँड्दै
जीवन्त सङ्घर्ष चलिनै रहन्छ"

**'नयाँ क्यानभास' पृ.११ ।**

कविले जीवनलाई आशा भन्दा निराशामा बढी केन्द्रीत बनाएका छन् । सधैंको कामको बोझले जीवन फूर्सदहीन बनेको छ । जीवन सूख-दू:खको साथी हो । प्रकृतिसमेत सधैं एकनासको हूँदैन भने जीवन पनि कहिले सूख कहिले दू:खको घामछायाँले चल्ने गरेको छ । जीवन यति व्यस्थ छ प्राय: दू:ख नै भागमा परेको हून्छ भनी कविले जीवनप्रतिको दृष्टिकोण यसरी अभिव्यक्त गरेका छन् :

"हतासको जीवनमा
फूर्सदविहीन हूँदा
चेतन-विहीन झैं लाग्छ
आखिर जीवन त हो
गतिशील छ आफ्नो रफ्तारमा
अड्कने र खूल्ने पनि आफ्नै बाटो हो
सूख र दू:ख साथी नै हून्"

**'तर्पण' पृ.१३ ।**

अनिश्चित र आफैंमा पीडित, व्यथित जीवनलाई आँखाबाट झर्ने आँसूका दानाले साम्य पार्न खोजेको छ भनेर कविले जीवनप्रतिको आफ्नो भावना यसरी प्रकट गरेका छन्:

"जीवन व्यथाको कथा मात्र हैन
अनि फूल्नू र फक्रनू मात्र पनि होइन
केवल वर्तमानको व्यथाले खूम्चिएको
जीवन बिना भविष्य वर्तमानले अड्काएको छ
केवल आँसूका तरेलीहरूले यसलाई बगाइरहेको छ ।"

**'व्यथा' पृ.४४ ।**

कवि गौतमले जीवनको दू:खद पक्षलाई कलात्मक ढङ्गले प्रस्तूत गरेका छन् । धर्तीमा जन्मेपछि बाँच्न र मर्न उत्तिकै कठिन भएको आशय व्यक्त गरेका छन् । मनभित्र अनेक शङ्का उपशङ्काको बीउ रोपेर सधैं आगोले पिल्सिरहनूपर्ने अवस्थामा पूगेको मनलाई जति चिसोले शान्त पार्न खोजे पनि जिन्दगीको अभिलाषा कहिल्यै पुरा नहूने मानवीय जीवनप्रतिको अभिव्यक्तिलाई कविले यसरी प्रकट गरेका छन् :

"छातीभित्र अटाई नअटाई भ्रम पालेर
भ्रमको अग्निले भित्रभित्रै जलिरहेको
अनि शूष्कताको अभाव मूटूभरी लिएर
सकी नसकी भ्रमको भारी बोकेर
आखिर जीवन बाँच्नू र मर्नूको दोधारमा
तृष्णा मेटाउने धोको लिएर
बालूवाको मरुभुमिमा भौँतारिएको जीवन
भोक न प्यास दौडिएको दौड्यैछ"

**'जिन्दगी'** पृ.४६ ।

### ४.३.३.९ निराशाजनक भाव

कवि गौतमको **वसन्तका बोटहरू** कवितासङ्ग्रहमा निराशाजनक भावहरू पनि छचल्किएको पाइन्छ । उनले मानिसको जीवन सधैं वसन्त जस्तै हराभरा हूनूपर्ने भए पनि विभिन्न व्यवधान र सामाजिक अन्धपरम्पराले गर्दा समय जति परिवर्तन भए तापनि जीवन जहाँको त्यहीँ जकडिएको छ ।

"आखिर नयाँ पालूवासँगै नयाँ यौवन आएन
जति वसन्त आए पनि बहार आएन
केवल मौसमी परिवर्तनले के हूँदो रहेछ र ?
हाम्रो जीवनको बलेसीमा अझै घाम लाग्न सकेन ।"

**'वसन्तका बोटहरू'** पृ.२ ।

हाम्रो जीवनका हर सपना अधूरो नै रहने गरेको छ । विशाल मनले सोचेका आकाङ्क्षा पुरा नहूँदा गहभरि आँसू भरिएर आउँछ भनी कविले जीवन भोगाइका भावहरू यसरी प्रकट गरेका छन् :

"गहभरि आँसू भरिएर पनि
छताछूल्ल पोखिँदैन
मनभित्रै सगरमाथा भैदिएर पनि
आकाङ्क्षा अधूरै रहन्छ
मनै त हो काँचको चूराझैँ

चर्कन सक्छ ।"

**'मन'** पृ.९ ।

माया गर्दागर्दै पनि जीवन निराश बन्दै गएको छ । मायालाई हृदयमा लूकाउन खोज्दा मनको घाउ चस्केर वेदना थपिएको छ । मायाको प्रतिरूप सयपत्री फुल समेत शरदयाममा नै ओइलाएर गएको निराशाजनक भावलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

"हजारौं सयपत्री फुल फूलेर पनि
शरदयाममै वौलिएर गए
मनका घाउ नदेखिइ चस्के पनि
हृदयभित्रै तिमीलाई लूकाउने रहरमा
पत्याउन नसक्ने वाचा भइदियौ"

**'सपना'** पृ.२१ ।

लक्ष्य बिनाको बेटूङ्गोमा अड्किएको जीवनको बाध्य र विवश अवस्थाको चित्रण कविले यसरी गरेका छन् :

"कून बाटो कहाँ पूऱ्याउने ठेगाना छैन
सानो बिराइले घचेटेको जीवन यस्तै हूँदो रहेछ
व्यथा र कथाको अन्त्य नहूँदै
जीवन बेटूङ्गोमा अड्किएको छ ।"

**'व्यथा'** पृ.४४ ।

मानिसले आफ्नो चाहना र इच्छा पुर्तिका लागि हरसम्भव कोशिश गरिरहेका हून्छन् । कर्मअनूसार फल प्राप्त गर्न ठुलै सङ्घर्ष गर्नूपर्छ । चाहना परिपुर्ति गर्ने कोशिश गर्दागर्दै पनि बाटैमा अल्झिएर रहनूपरेको निराशाजनक अवस्थालाई कविले यसरी प्रस्तूत गरेका छन् :

"गन्तव्यको खोजीमा अविरल प्रयास गर्दा गर्दै पनि
मानिस आफ्नो बाटोमा हिँडेको हिँड्यै अल्झिएको छ ।
केवल आफुभित्र चाहनालाई बोकेको बोक्यै छ ।"

**'गन्तव्यको खोजीमा'** पृ.५१ ।

## ४.३.३.१० अन्यौलता

कवि गौतमका कवितामा मानिसको जीवन अन्यौलले संक्रमित बन्दै गएको भाव पनि कतैकतै पाइन्छ । परिवर्तनको खोजीमा मानिस दिशाविहीन बाटोमा भौंतारिएको छ तर गन्तव्यको ठेगान छैन भन्ने भावलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

"सपना र बिपनाको साँधमा
नयाँ बिहानीको खोजीमा
दौडेको दौड्यै दिशाविहीन हून्छ
न नयाँ स्थान न पूरानो स्थान
यसै यसै दोधारमा उभिन्छ"

**'नयाँ क्यानभास'** पृ.११ ।

मानिसहरू आफ्नो लक्ष्यमा पूग्न आतूर देखिन्छन् । धेरै प्रयासको बाबजूद पनि गन्तव्यमा पूग्न नपाउँदै अलमलिएर बीचमा नै अड्किएको छ भन्दै अन्यौलपुर्ण जीवनका बाटोलाई कविले यसरी व्यक्त गरेका छन् :

"उकालो चढेको चढ्यै छ आखिरी दमसम्म
चढानमा धाप्पिएको मानिस राप्पिएको छ
आफ्नो गन्तव्य पूग्न नपाउँदै अलमलिएको छ"

**'गन्तव्यको खोजीमा'** पृ.५१

## ४.३.४ लयविधान

**वसन्तका बोटहरू** कवितासङ्ग्रहमा सङ्कलित कविताहरू प्राय: गद्यलयमा रचना गरिएका छन् । यी कविताहरूमा ध्वनि एवं अर्थवाट सिर्जित मूक्तलयको कूशल व्यवस्थापन भएको पाइन्छ । शास्त्रीय विधानले यूक्त लयबाट टाढा रही गद्यका नजिक रहेका मूक्तलययूक्त कविता भए पनि अनूप्रास, द्वित्व, वर्णगत समानान्तरता जस्ता विभिन्न विधिको कूशल प्रयोगले कवितामा लयको सिर्जना भएको पाइन्छ ।

### ४.३.४.१ अनूप्रास

कवि गौतमका यस सङ्ग्रहभित्रका कवितामा अनूप्रासका विभिन्न प्रकार आद्यानूप्रास, मध्यानुप्रास, अन्त्यानूप्रास र आन्तरिक अनूप्रासको प्रयोग भएको छ । त्यसले भावगत स्तरमा कवितालाई गम्भीर र तीव्र बनाएको छ, जस्तै :

**आद्यानूप्रास :**

"क्रान्तिको सन्देश बोकेको बिहानीले
शान्तिको बिगूल फूक्दै"

**'प्रजातन्त्र'** पृ.३७ ।

**मध्यानूप्रास :**

"भोकले रन्थनिएको पेटभन्दा पनि

मायाले चिमोटिएको मन बढी चेप्टिएको हून्छ"

**'माया'** पृ.२५ ।

"आकाश मडारिएको छ
वर्तमान लरबराएको छ
अतीत बौलाएको छ"

**'चट्याङ'** पृ.१६ ।

**अन्त्यानूप्रास :**

"ईश्वर तेरो सृष्टि छ मेरो
अन्तर दिलको रोदन फेरो"

**'शुन्य'** पृ.४९ ।

**आन्तरिक अनूप्रास :**

"आँसूका दाना मायाका पाना
के गन्न सकिन्छ"

**'सम्झना'** पृ.३८ ।

"सम्झना वारी सम्झना पारी रोपेको एक फुल
न मल हाली न जल राखी गोडेको कसैले"

**'बिहानी हावा'** पृ.४५ ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **क्रन्तिको-शान्तिको, रन्थनिएको-चिमोटिएको, मडारिएको-लरबराएको-बौलाएको, मेरो-फेरो, दाना-पाना, वारी-पारी, न मल-न जल**, जस्ता अनूप्रासयूक्त शब्दको प्रयोगले कवितामा लयको सिर्जना भएको छ ।

## ४.३.४.२ **द्वित्व**

शब्दहरूको पूनारावृत्तिले पनि यस सङ्ग्रहका कवितामा लयको सिर्जना भएको पाइन्छ, जस्तै :

"छम-छम नाच्दै मूसूक्क हाँस्दै आएकी समीपमा
तारामा चम्की जुनमा लम्की
फूरुक्क परेकी
हृदय तिनको झर्ना झैं कल-कल
ओठमा मूस्कान"

**'याद'** पृ.४ ।

"कलेजीमा टाँसू-टाँसू लग्दथ्यो, मलाई"

**'सपना' पृ.२१ ।**

"तिम्रो कूरा छिमेकले काट्नेछन्
यसरी घरी-घरी पारपाचूके गरेर"

**'पारपाचूके' पृ.३३ ।**

"प्रसुनहरूका सपनाहरू उघारी
भन्छ बढ-बढ अघि बढ"

**'बाँचौं र बचाऔं' पृ.३९ ।**

माथिको उदाहरणमा रेखाङ्कित गरिएका **छम-छम**, **कल-कल**, **टाँसू-टाँसू**, **घरी-घरी**, **बढ-बढ**, जस्ता शब्दहरूको पूनरावृत्ति भएर कविता लययूक्त बनेका छन् ।

### ४.३.४.३ समानान्तरता

यस कवितासङ्ग्रहभित्रका कविताका हरफहरूमा वर्ण र पदगत रूपमा आएको समानान्तरताले पनि लयको सिर्जना भएको छ, जस्तै :

**वर्णगत समानान्तरता :**

"आखिर नयाँ पालूवासँगै नयाँ यौवन आएन
जति वसन्त आए पनि बहार आएन"

**'वसन्तका बोटहरू' पृ.२ ।**

"मेरो सपनाको सोकेसमा सजिएको
हृदयभरिको मायाको सँगालो"

**'सपनाको सोकेस' पृ.७ ।**

"म भित्र पनि कोमल मन भएकै मान्छे
तिम्रा सर्माएका लालीगूराँसझैं कोमल ओठहरू"

**'माया' पृ.२५ ।**

माथि रेखाङ्कित गरिएका **आ**, **त**, **न**, **स**, **क**, **म**, **भ** आदि वर्णहरूको आवृत्तिले लयको सिर्जना भएको पाइन्छ ।

**पदगत समानान्तरता :**

"तिनलाई सबै कूराको पालो थाहा छ
खेतमा पानी लगाउने पालो थाहा छ

कोदालो अर्जाप्नेदेखि खेत रोप्ने पालो थाहा छ
बाली लगाउने र बाली भित्र्याउने याम थाहा छ ।"

**'गाउँले जीवन'** पृ.२७ ।

माथि प्रस्तुत गरिएका वर्ण र पदगत समानान्तरताले कवितालाई लयात्मक बन्न सहयोग पुऱ्याएका छन् ।

### ४.३.५ भाषाशैली

यस सङ्ग्रहभित्रका कविताहरू सूबोध्य र सरल रहेका छन् । सरल मिठासपुर्ण तरिकाले नेपाली भाषाका माध्यमबाट देश र समाजका यथार्थ परिस्थितिलाई साधारणीकरण गरेर कविले यस सङ्ग्रहका कविताको रचना गरेका छन् । व्यञ्जनात्मक शैलीका माध्यमबाट रचना गरिएका यस सङ्ग्रहका कवितामा कविले तत्सम, तद्भव र आगन्तूक शब्दको प्रयोग पनि गरेका छन् । जसलाई निम्नानूसार देखाउन सकिन्छ :

**तत्सम शब्दको प्रयोग :**

"अतीतमा कोरिएका शिलाहरूमा
वर्तमानले प्राण हालिदिएर
भविष्यलाई सतर्क बनाउँछ"

**'नयाँ क्यानभास'** पृ.११ ।

"दू:खको मात्र अंश भाग लागेकोले
सूख खोजेर कहाँ पाउँछ"

**'तर्पण'** पृ.१३ ।

"शिक्षा गूणी ज्ञानीको सट्टा जालझेलमा परिणत हून्छ
मानववाद हात्तीको देखाउने दाँतझैं भएको छ ।"

**'भास्सिएको मान्छे'** पृ.२३ ।

"रात्रिको मायाले दिनलाई त्यागेर,
दिनको पतिलाई पारपाचूके गरेर
अन्धकारको आकर्षणमा

कति चाडो मोहित भयौ"

**'पारपाचूके'** पृ.३३ ।

"धर्ती ! तिमी विशाल होऊ

तिम्रो पोल्टा भित्रको भार
समस्त प्राणीको भार हो ।"

**'धर्ती' पृ.४२ ।**

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **अतीत**, **शिला**, **प्राण**, **भविष्य**, **दूख, सूख, शिक्षा**, **रात्रि**, **अन्धकार**, **आकर्षण**, **धर्ती**, **प्राणी** आदि तत्सम शब्दको प्रयोग गौतमको यस कवितासङ्ग्रहमा भएको छ ।

**तद्भव शब्दको प्रयोग** :

"रूख बिरुवामा नयाँ मूना पलाएर
प्रकृतिको सौन्दर्य खूशीले रमाएको छ"

**'वसन्तका बोटहरू' पृ.१ ।**

"गहभरि आँसू भरिएर पनि
छताछूल्ल पोखिँदैन"

**'मन' पृ.९ ।**

"रातभर सपना पाएर पनि
बिहानीको लालीसँगै हराउने छ्यौ"

**'सपना' पृ.२१ ।**

"प्रजातन्त्रका रक्षकहरू कूप्रे बुढा हूँदाखेरि पनि
आफ्नो उत्तराधिकारी बालकै भैरहेको देख्दा
भविष्यको चिन्ताले कति सताइरहेको होला ?"

**'शिशू प्रजातन्त्रको आर्तनाद' पृ.३५ ।**

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **नयाँ**, **आँसू**, **रात**, **घर**, **बुढा** जस्ता तद्भव शब्दहरूको प्रयोग यस सङ्ग्रहमा भएका छन् ।

**आगन्तूक शब्दको प्रयोग** :

"सूगन्ध छरेर मेरो सोकेसमा सजिएका छन् ।"

**'सपनाको सोकेस' पृ.८ ।**

"सङ्घर्षशील जीवनको यात्रामा
बेमाख भएको मान्छे
कफनविहीन चिहानमा गाडिएको छ"

**'तर्पण' पृ.१४ ।**

"देश प्रेमको इतिहास मूर्झाएर
नयाँ क्यानभासको उदय हून्छ"

**'नयाँ क्यानभास'** पृ.१२ ।

"जीवनको अभिलाषा नपाउँदै
आतूर र हताशको जिन्दगी
चिसो पानी पिउने तलासमा ।"

**'जिन्दगी'** पृ.४६ ।

"यो प्रदूषण यूक्त शहरको कोलाहलले
तिमी विह्वल भएकीछ्यौं"

**'कान्तिपूरी'** पृ.५३ ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **सोकेस, क्यानभास** शब्द अङ्ग्रेजी भाषाबाट, **कफन, मूर्झाएर** शब्द हिन्दी भाषाबाट र **जिन्दगी** र **शहर** शब्द फारसी भाषाबाट आएका शब्द हून् । जसको प्रयोग यस सङ्ग्रहका कविताहरूमा भएको छ ।

यस कवितासङ्ग्रहमा कविले अनूकरणात्मक शब्दको पनि प्रयोग गरेका छन्, जस्तै:

"कति ढकमक्क भैसक्दा पनि थाहै छैन मलाई
अब रोक्नू हून्न तिनलाई फुल्न दिनूपर्छ"

**'सपनाको सोकेस'** पृ.७ ।

"फुलका थूङ्गाझैं झूपूक्क देखिएका
पराले र ढूंगे छाना लगाएका"

**'गाउँले जीवन'** पृ.२७ ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **ढकमक्क, झूपूक्क** जस्ता अनूकरणात्मक शब्दको प्रयोग यस सङ्ग्रहका कवितामा भएको छ ।

यस सङ्ग्रहमा प्रयोग भएको भाषालाई कविले विभिन्न शैलीका माध्यमबाट प्रस्तूत गरेका छन् । वर्णनात्मक, विवरणात्मक र व्यञ्जनात्मक शैलीका माध्यमबाट कविले देश, समाज, राजनीति र राजनीतिक दलका नेताहरूको प्रवृत्तिलाई कवितात्मक रूपमा प्रकट गरेका छन् । राजनीतिक दलको सत्तामोह, देशप्रतिको गैर जिम्मेवारीपुर्ण क्रियाकलाप र यहाँका विभिन्न सामाजिक परिवेश र राजनीतिक यथार्थलाई सहजरूपमा कवितामा उतार्न सक्नू पनि कवि गौतमको निजी शैली र विशेषता हो ।

### ४.३.६ रसविधान

कविले बसन्तका बोटहरू कवितासङ्ग्रहभित्रका कवितामा विभिन्न रसहरूको प्रयोग गरेका छन् । केही उदाहरण तल प्रस्तुत गरिएको छ :

**श्रृङ्गार रस :**

"तिम्रा मुस्कानका गुलाफी ओठहरू
तिम्रा समर्पणका सङ्केतिक भावहरू"

**'माया'** पृ.२५ ।

**करुण रस :**

"जीवन बिना भविष्य वर्तमानले अड्काएको छ
केवल आँसुका तरेलीहरूले यसलाई बगाइरहेको छ ।"

**'व्यथा'** पृ.४४ ।

**वीर रस :**

"जति झूट बूटले हिर्काए पनि
आफ्नो धैर्यता छाड्दिन"

**'सपनाको सोकेस'** पृ.८ ।

### ४.३.७ अलङ्कार

यस सङ्ग्रहभित्रका कवितामा शब्दालङ्कारका विभिन्न प्रकारको प्रयोग पनि भएको पाइन्छ, जस्तै :

"केवल काम अनि मात्र पाउँछ <u>माम</u>
सीमित छ उसको <u>जाम</u>"

**'श्रीमाने बलामी'** पृ.१७ ।

"देखेर सुन्दर सृष्टिमा नौलो लोभ <u>पो चढेछ</u>
मानिस जाति स्वार्थीमा काफी भनाइ <u>पो पुगेछ</u>"

**'बिहानी हावा'** पृ.४५ ।

माथिको कवितांशमा प्रस्तुत गरिएका **माम-जाम**, **पो चढेछ - पो पुगेछ** जस्ता शब्दको प्रयोगले अन्त्यानुप्रास अलङ्कार भएको छ ।

"मान्छेको मनभित्र पनि बगैंचा हुँदोरहेछ
त्यहाँ पनि <u>फूलने</u> <u>फुलहरू</u> कसरी अटाइरहेछन्"

**'सपनाको सोकेस' पृ.७ ।**

"तरङ्गले तरङ्गिएको जीवन
बहलाउन नपाउँदै

**'नयाँ क्यानभास' पृ.११ ।**

"जीवनत सङ्घर्षको मोडमा अड्किएको छ
प्रत्येक पला पलाको घडीमा घण्टा नपुग्दै"

**'गन्तव्यको खोजीमा' पृ.५१ ।**

माथिको कवितांशमा **फुलने** र **फुलहरू** शब्दमा **फ** र **ल** वर्णको, **तरङ्गले** र **तरङ्गिएको** शब्दमा **त** र **र** वर्णको, **पला** र **पलाको** शब्दमा **ल** वर्णको, **घडीमा** र **घण्टा** शब्दमा **घ** वर्णको एउटै क्रममा एकपटक मात्र आवृत्ति भएर छेकानूप्रास अलङ्कारको प्रयोग भएको छ ।

वसन्त यामसँगै साँचिएका सम्पुर्ण बैँसहरू
वनफुल बनेर उपवनहरूमा गिज्जिरहेका छन्"

**'वसन्तका बोटहरू' पृ.१ ।**

"न नयाँ स्थान न पूरानो स्थान
यसै यसै दोधारमा उभिन्छ"

**'नयाँ क्यानभास' पृ.११ ।**

"आजको शिक्षाको धरातलमा भास्सिएको मान्छे
सतहको गहिराइमा नपूगेर सतहमै थिग्रिएको छ ।"

**'भास्सिएको मान्छे' पृ.२४ ।**

माथिका कवितांशमा **स**, **न**, **क** र **ह** वर्णको अनेक पटक आवृत्ति भएर वृत्यनूप्रास अलङ्कारको प्रयोग भएको छ ।

## ४.३.८ बिम्ब तथा प्रतीक

कवि गौतमले यस कविता-सङ्ग्रहभित्रका कवितामा **श्रव्य**, **दृश्य**, **ताप**, **गति**, **स्पर्श** सम्बन्धी विभिन्न बिम्बहरूको प्रयोग गरेका छन् । केही उदाहरण तल प्रस्तूत गरिएको छः

**श्रव्यसम्बन्धी :**

"मेरो नाममा ढ्वाङ फूकेर
मलाई मागी खाने भाँडो बनाएर"

**'शिशू प्रजातन्त्रको आर्तनाद'** पृ.३५ ।

**दृश्यसम्बन्धी** :

"कति रमाइलो हरियाली रूखहरू छन्
यौवनका बैंसहरू सलबलाई रहेका छन् ।"

**'वसन्तका बोटहरू'** पृ.२ ।

**तापसम्बन्धी** :

"उकालो चढेको चढ्यै छ आखिरी दमसम्म
चढानमा धाप्पिएको मानिस राप्पिएको छ"

**'गन्तव्यको खोजीमा'** पृ.५१ ।

**गतिसम्बन्धी** :

"यही मन जमेर बरफ बन्न सक्छ
फेरि पग्लिएर नदी भैदिन सक्छ"

**'मन'** पृ.९ ।

**स्पर्शसम्बन्धी** :

"तिम्रा ती कोमल हातहरूले मलाई स्पर्श गर
तिम्रो न्यानो मायाको काखमा मलाई सिरानी देऊ"

**'माया'** पृ.२६ ।

**स्वादसम्बन्धी** :

"देउराली भञ्ज्याङ्गको चिसो पिउने पानीको आतूरमा
मानिस अगाडि बढ्न खोज्दा खोज्दै पनि
जीवन सङ्घर्षको दोभानमा अड्किएको छ"

**'गन्तव्यको खोजीमा'** पृ.५१ ।

माथि प्रस्तूत गरिएका विभिन्न खालका बिम्बहरूको प्रयोग भए जस्तै विभिन्न खालका प्रतीकहरूको प्रयोग पनि यस सङ्ग्रहमा भएको पाइन्छ । कतिपय शीर्षकहरू नै प्रतीकात्मक पाराले राखिएका छन्, **सपनाको सोकेस, मन, नयाँ क्यानभास, तर्पण** आदि । यस सङ्ग्रहका कवितामा प्रयोग भएका केही प्रतीकहरूलाई यहाँ उल्लेख गरिएको छ :

"मन भित्रको सुचना पाटी
भत्कन सक्छ
सपना भरिको मेरो मन
टोलाउन सक्छ
कूहिरो भित्र हराएको मन
गन्तव्यको खोजीमा
नजरबन्द हूनसक्छ
काकाकूलको मृगतृष्णा
मन भित्रको उद्यानमा
ओइलिएको खडेरी हून सक्छ"

**'मन'** पृ.९ ।

माथिको कवितांशमा प्रयोग भएको **सुचनापाटी** शब्दलाई मानवीकरण गरेर मानिसका इच्छा आकाङ्क्षाले कोरिएको हृदयको प्रतीकको रूपमा लिइएको छ । **कूहिरोलाई** अन्यौलताले भरिएको मानसिक अवस्थाको प्रतीकको रूपमा लिइएको छ भने **काकाकूलको मृगतृष्णा** शब्दलाई कहिल्यै पुरा नहूने मानवीय इच्छाको प्रतीकको रूपमा लिइएको छ ।

"आफ्नो लालपूर्जामा लेखेको पाइन्छ
अरूको देखेर के नै पाइन्छ र"

**'तर्पण'** पृ.१४ ।

माथिको हरफमा प्रयोग **लालपूर्जा** शब्दले अरूको सूख देखेर केही नहूने आफ्नो भागमा जे लेखेको छ त्यही हूने कूरालाई भाग्यको प्रतीकको रूपमा लिइएको छ ।

"उ सक्कली कर्मवीर हो
कर्म पिपासू पनि
उसलाई थाहा छ
जीवन संघर्षशील छ"

**'श्रीमाने बलामी'** पृ.१७ ।

माथिको कवितांशमा प्रयोग भएको **कर्म पिपासू** शब्द दिनरात काम गरेर जीविकोपार्जन गर्ने जागरुक श्रमिकको प्रतीकको रूपमा आएको छ ।

"अनेक भोका गाउँका आँखाहरू
दूइतिरका खोलाझैँ गाडिएका कञ्चटहरू
जति मेहनत गरे पनि भरपेट खान नपाएका"

**'श्रीमाने बलामी' पृ.१८ ।**

माथिको हरफमा प्रयोग भएका **भोका गाउँका आँखाहरू** गाँसवास र कपास बाट वञ्चित निर्धन जनताको प्रतीकको रूपमा रहेको पाइन्छ ।

"उठाएका भीखहरू आफुले मात्र खाएर
मलाई भरपेट खान नदिई आफु अजीर्ण भएका छौ"

**'शिशू प्रजातन्त्रको आर्तनाद' पृ.३५ ।**

माथिको हरफमा प्रयोग भएका **भीखहरू** शब्द हाम्रो देशका नेताहरूले राजनीतिको नाममा अरू देशको आर्थिक सहयोगका लागि हातपसार्ने परिपाटीको प्रतीकको रूपमा प्रयोग भएको छ ।

"ऐया र आथ्थूले छट्पटाइरहेको मान्छेलाई कठैवराले मलमपट्टी दिन्छ"

**'व्यथा' पृ.४३ ।**

माथिको हरफमा प्रयोग भएको **मलमपट्टी** शब्द अन्य सहयोग गर्नूको सट्टा स्वार्थी मानिसहरूले दिने सान्त्वनाको प्रतीकको रूपमा रहेको छ ।

## ४.३.९ निष्कर्ष

**वसन्तका बोटहरू** कवि गौतमको दोस्रो प्रकाशित साहित्यिक पूस्तकाकार कृति हो । यस सङ्ग्रहका कविताहरू प्राय: गद्यलयमा रहेका छन् भने कूनै कूनै कवितामा सिधै गाउन मिल्ने खालको लोकलय पाइन्छ । राष्ट्रियता, प्रकृतिप्रेम, सामाजिक परिवेश, प्रणयभावना, श्रमिकवर्गले भोग्नू परेको कष्टकर जीवनको यथार्थ चित्रण उनले आफ्ना कविताका माध्यमबाट उदाङ्गो पारेका छन् । विशेषगरी जनआन्दोलन २०४६ पछि प्राप्त गरेको स्वतन्त्रता, हक र अधिकारलाई मुर्त रूप दिनका लागि सर्वसाधारण नेपालीको प्रतिनिधि छनौट भएर सत्तामा पूगेका नेताहरूले प्रजातन्त्रलाई नै सङ्कटमा पारेर भ्रष्ट र भोगविलासी भएको कटू यथार्थलाई र देशमा चलेको तत्कालीन द्वन्द्वले निम्ताएको हत्या-हिंसा तोडफोडका कारण नेपाली जनताले भोग्नू परेको दू:खपुर्ण अवस्थालाई सहजपाराले आफ्ना कवितामा उतारेका छन् ।

विभिन्न खालका बिम्ब र प्रतीकको प्रयोगले ओभिलो बनेको कविताको भाषा सरल र सम्प्रेषणीय रहेको छ । कूनै-कूनै कविताहरू प्रथम सङ्ग्रहको कवितासँग शीर्षक र विषयवस्तू पूनरावृत्ति भएको पाइन्छ भने भावहरू पनि एकैखालका रहेका छन् । यथार्थ विषयवस्तूमा भावना, कल्पना र लेखन कूशलतालाई संयोजन गरेर रचिएका यस सङ्ग्रहका कविता नेपाल र नेपालीहरूका यथार्थ पीडासँग सम्बन्धित रहेका छन् ।

## ४.४ 'उजाड वसन्त' कविता - सङ्ग्रहको अध्ययन

**उजाड वसन्त** कवि रमेशप्रसाद गौतमको तेस्रो साहित्यिक पूस्तकाकार कृति हो । यस सङ्ग्रहमा पत्रपत्रिकामा प्रकाशित भएका र नभएका गरी त्रिपन्नवटा कविताहरू सङ्गृहीत छन् । यस कृतिमा कवि गौतमद्वारा वि.सं. २०५४ सालदेखि २०६२ सालसम्म रचिएका गद्यलयका कविताहरू सङ्कलन गरिएका छन् । वि.सं. २०६२ सालमा प्रकाशित भएको **उजाड वसन्त** कवितासङ्ग्रहको प्रकाशन श्रीमती सविता गौतमबाट काठमाडौंमा भएको हो ।

### ४.४.१ सङ्ग्रहको नामकरण

प्रस्तूत कवितासङ्ग्रहमा कविले देश र जनताका पीडा, वेदना, आशा, निराशा, राष्ट्रियता, प्रकृति आदि अनूभुतिलाई कविताका रूपमा प्रस्तूत गरेका छन् । कविले आफु उभिएको मातृभुमि स्वर्गजस्तो नभई उजाड हूँदै गएको र उजाड अनि अशान्त भुमिमा जति वसन्तका बहार छाए पनि रचनात्मक कार्य हून नसकेको कारण नेपाली जनताले सार्थक अस्तित्व प्राप्त गर्न नसकेको यथार्थ स्थितिलाई उद्धृत गरेका छन् । विभिन्न खालका बाधा व्यवधानले गर्दा स्वर्गजस्तो शान्तिप्रिय नेपाल उजाड र सन्त्रासमय हूँदै गएको छ भन्ने यथार्थलाई लक्षित गर्दै यसै सङ्ग्रहभित्रको एउटा कविताको शीर्षकबाट यस सङ्ग्रहको नामकरण **उजाड वसन्त** गरिएको हो ।

### ४.४.२ संरचना

संरचनात्मक हिसाबले यस सङ्ग्रहभित्र कवि गौतमले लघूत्तम देखि लामा कवितासम्मको रचना गरेका छन् । गद्यलयमा रचिएका यस सङ्ग्रहभित्रका कवितालाई निम्नानूसार तालिकामा प्रस्तूत गरिएको छ :

| क्र.सं. | कविताको शीर्षक | पृष्ठ सङ्ख्या | अनूच्छेद सङ्ख्या | हरफ सङ्ख्या |
|---|---|---|---|---|
| १ | उजाड वसन्त | १ | १ | २३ |
| २ | सूरम्य नेपाल | २ | १ | २३ |
| ३ | शरद ऋतू | ३ | १ | २४ |
| ४ | नेपाल | ४ | १ | २३ |
| ५ | वसन्त बैंसमा | ५-६ | ११ | २२ |
| ६ | शान्तिको रेखाकोर | ७ | ४ | १८ |
| ७ | शान राखौं | ८-९ | १० | ४१ |
| ८ | गूलाफको फुल | १०-११ | १ | ३७ |
| ९ | मेरो स्कुल | १२-१३ | १ | ४० |
| १० | विद्यार्थी | १४-१५ | ६ | २४ |

| | | | | |
|---|---|---|---|---|
| ११ | नेपालको माया | १६-१७ | ७ | ३२ |
| १२ | सबै समयका कैदी हून् | १८ | १ | २१ |
| १३ | हाम्रो नेपाल | १९ | १ | १२ |
| १४ | शान्तिको दुत भएर आऊ ! | २०-२१ | १ | २९ |
| १५ | शिर उठाउन गाह्रो भो | २२-२३ | १ | ४९ |
| १६ | प्रजातन्त्र | २४-२५ | ७ | ४१ |
| १७ | शान्ति कामना | २६-२९ | १ | ८९ |
| १८ | भानूजयन्ती | ३० | १ | २६ |
| १९ | अल्छी | ३१ | १ | १६ |
| २० | निरर्थक | ३२-३३ | १ | ४९ |
| २१ | अनिश्चित | ३४-३५ | १ | ४२ |
| २२ | मेरो नेपाल | ३६-३७ | १ | ३८ |
| २३ | हरायो | ३८-३९ | १० | ४० |
| २४ | नाट्यशाला | ४०-४१ | १ | ४० |
| २५ | हातपसार्न आउँदिन | ४२-४३ | १ | ३४ |
| २६ | मित्र | ४४-४५ | १ | ३८ |
| २७ | बूद्ध तिमी फेरि जन्मिएर आऊ | ४६ | १ | २६ |
| २८ | नसोध कसैलाई | ४७ | ५ | १८ |
| २९ | तन्द्राको रात | ४८-५१ | ७ | ८४ |
| ३० | चिरायू शान्ति कामना ! | ५२ | १ | १४ |
| ३१ | मेरो मन | ५३ | १ | २२ |
| ३२ | कसले के पो गर्न सक्छ ? | ५४ | ४ | २३ |
| ३३ | नेता | ५५ | ३ | १२ |
| ३४ | स्वार्थ मोह | ५६ | १ | १५ |
| ३५ | ढ्वाङ के फूक्ने ? | ५७ | १ | १६ |
| ३६ | शान्तिभुमिको दूर्भाग्य | ५८ | १ | २७ |
| ३७ | आमाको चित्कार | ५९-६० | १ | ३६ |
| ३८ | आमाप्रति | ६१-६२ | ८ | ३२ |
| ३९ | मायालूको देश | ६३ | १ | १२ |
| ४० | माया | ६४ | १ | ८ |
| ४१ | अन्याय | ६५-६६ | १ | २९ |
| ४२ | प्रजातन्त्र | ६७-६८ | १ | २७ |
| ४३ | पत्तै भएन | ६९-७० | १ | ५० |
| ४४ | सभा | ७१ | १ | २४ |
| ४५ | माया | ७२ | ३ | १० |
| ४६ | इतिहास गर्भमा छ | ७३-७६ | १ | १०९ |
| ४७ | प्रेमको खाँचो | ७७-७८ | १ | २७ |
| ४८ | कल्पनापारिमा | ७९ | १ | १३ |
| ४९ | बाडूल्की | ८० | ९ | १८ |
| ५० | मेरो तीर्थयात्रा | ८१-८२ | १ | ३५ |

| | | | | |
|---|---|---|---|---|
| ५१ | पद्मोदय गान | ८३ | ५ | १४ |
| ५२ | नवयूगको सिर्जना | ८४ | १ | ५ |
| ५३ | प्रतीक्षा | ८५-८६ | ६ | २४ |

**उजाड वसन्त** कवितासङ्ग्रहमा घटीमा ५ हरफदेखि बढीमा १०९ हरफ सम्मका कविताहरू सङ्गृहीत छन् । कविताका शीर्षकहरू पदगत (**नेपाल** पृ.४, **विद्यार्थी** पृ.१२, **अल्छी** पृ.३१ आदि), पदावलीगत (**उजाड वसन्त** पृ.१, **शान्तिको रेखाकोर** पृ.७, **शान्ति भुमिको दूर्भाग्य** पृ.५९, आदि) र वाक्यगत (**शान्तिको दुत भएर आऊ!** पृ.२०, **कसले के पो गर्न सक्छ ?** पृ.५४) आदि रहेका छन् । वाक्यगत र पदगत शीर्षकभन्दा पदावलीगत शीर्षकहरू नै गौतमले बढी प्रयोगमा ल्याएका छन् । यस्तै गौतमले विशेषण शीर्षक पनि प्रयोग गरेका छन्, जस्तैः **अल्छी, निरर्थक** र **नेता** आदि । यस सङ्ग्रहमा सबैभन्दा छोटो कविता **नवयूगको सिर्जना** शीर्षकको मूक्तक कविता रहेको छ । सबैभन्दा लामा कविता **इतिहास गर्भमा छ** १०९ हरफको रहेको छ भने **शान्ति कामना** ८९ हरफ र **तन्द्राको रात** ८४ हरफको रहेको छ । तूलनात्मक रूपमा ३० हरफ देखि ५० हरफसम्मको रचना बढी मात्रामा गरेका छन् ।

यस सङ्ग्रहभित्रका कवितामा हरफको सङ्ख्यामा असन्तूलन भएजस्तै हरफको आकार पनि असन्तूलित देखिन्छ । यसमा प्रयूक्त भएका हरफ कूनै ज्यादै लामा, कूनै ज्यादै छोटा छन् भने कूनै-कूनै हरफ एक शब्दको मात्र भएको पाइन्छ, जस्तै :

**लामो हरफ भएका :**

"मनभित्र अनेक तरङ्ग र भरङ्गका छालहरू छचल्कन थाले
किन होला यो शान्ति भुमिमा मन अशान्तिको कोलाहल"

**'मेरो मन' पृ.५३ ।**

"यस्तै रहेछ चौरासी लाख जूनीको भारतको तीर्थयात्रा भार तिर्नूपर्ने
म आफै तर्सिन्छू धर्मभीरुहरूको आडम्बरी चालदेखि
यस्तै देखेर शंकालू मनले तर्सिरहन्छू तीर्थयात्रा ।"

**'मेरो तीर्थयात्रा' पृ.८२ ।**

**छोटो हरफ भएका :**

"नर्कलाई स्वर्ग
अशान्तिलाई शान्ति
विमतिलाई सहमतिमा,
रुपान्तरित गरिदिन सक्छ"

**'सबै समयका कैदी हून्' पृ.१८ ।**

"प्रेमको रंगले
बहन्छ हूरीको आँधी
लछारी यताउती,
भाचिन्छ कति हाँगाविंगा"

**'मित्र' पृ.४४ ।**

**एक हरफ भएका :**

"मानौं
आफ्नो कौमार्यको सून्दरतामा
यौवनका छटाहरूले
कूतकूताइरहेको झैं"

**'गूलाफको फुल' पृ.१० ।**

"परन्तू-
आज दिनदहाडै
हत्या र हिंसाले कोलाहल छ
कसैको वीरगति र कसैको शहीद घोषणा हून्छ"

**'शिर उठाउन गाह्रो भो' पृ.२२ ।**

**मूक्तक कविता :**

"भाषा सेवा गरिकन सबै लाग्दछन् उच्च माथि
रम्छन्, गम्छन्, सबकन यहाँ बनी साहित्य साथी ।
भाषा हाम्रो साहित्य राम्रो सकलजनले लोक शान्त पार्दछन्
त्यस्तै चहकिलो ज्योति चमचम गरी साहित्यले फार्दछ,
उस्तै भाषा साहित्य सबजनमा नवयूग सिर्जना गर्दछ ।"

**'नवयूगको सिर्जना' पृ.८४ ।**

यसप्रकार प्रस्तूत सङ्ग्रहभित्रका कविताको संरचना सङ्ख्या र आकारका दृष्टिले असन्तूलित देखिन्छ । लामा-छोटा हरफको साथसाथै अति छोटा हरफसहितको संयोजनमा **उजाड वसन्त** सङ्ग्रहका कविताहरूको संरचना निर्मित भएको छ ।

### ४.४.३ विषयवस्तू

गौतम भावूक र शान्तिप्रिय कवि भएकाले आफ्ना कविताहरूमा पनि आफ्नो मातृभुमिमा शान्तिको विगूल फूकोस भन्ने चाहन्छन् । वि.सं. २०४६ सालपछि देशमा केही उल्लेखनीय कार्य होला जस्तो भएको थियो तर माओवादी द्वन्द्वका कारण देशको संरचनाहरू तहसनहस अवस्थामा पूगे भने देशमा अशान्तिको कालो बादलले गर्दा जनताहरू सधैं भयमा बाँच्नू पर्ने अवस्थामा पूगेको पाइन्छ । यसरी आफ्नै परिवेशभित्र आफुले देखे, भोगेका, कटू-मधू अनूभवलाई आफ्ना कविताहरूमा कविले उतार्न पूगेका छन् । राष्ट्रियता, सून्दर प्रकृति, यथार्थ परिवेश, सामाजिक विसङ्गति, विकृत राजनीति, द्वन्द्व, विश्वबन्धूत्वको भावना, आशा, निराशा, शान्तिको कामना, जीवनभोगाइका भावहरू, शैक्षिक अनूभुति जस्ता विषयवस्तूलाई कविले आफ्नो लेखनीका माध्यमबाट उद्घाटक गरेका छन् । देशमा वर्तमानमा भएका हत्या, हिंसा, बन्दूक, बारूदको खेलप्रति कविको विमति छ । समग्र सङ्ग्रहमा पङ्क्ति-पङ्क्तिमा स्वस्थ्य सामाजिक न्यायको अपेक्षा गरिएको छ ।[४] वनमा पनि वसन्त आइरहेको थियो र सूगन्धी वासना मग्मगाइरहेको थियो । परन्तू दूर्भाग्यवस त्यसमा बारूदी दूर्गन्ध मिसियो । मनमा पनि वसन्त आइरहेको थियो, सदाशयको सूवास आइरहेको थियो, त्यसमा पनि बारूदको दूर्गन्ध फैलियो । अनि यूगौदेखि परस्पर मिलेर बसेका नेपाली-नेपालीहरूमा अविश्वास र सन्त्रास फैलियो ।[५] सधैं देशको निर्माण र परस्पर माया प्यार चाहने कविले यही शास्वत सत्यलाई तत्कालीन समसामयिक सन्दर्भ दिएर जीवन्त बनाइ आफ्ना कविताका माध्यमबाट व्यक्त गरेका छन् । गौतमका यस सङ्ग्रहका कवितामा व्यक्त विषयगत प्रवृत्ति र तिनले व्यक्त गर्न खोजेको भावलाई निम्न बूँदाहरूमा देखाउन सकिन्छ :

### ४.४.३.१ द्वन्द्व र निराशा

यस कवितासङ्ग्रका कविताका केही हरफहरूमा द्वन्द्व र द्वन्द्वले निम्ताएको निराशालाई समेटिएको पाइन्छ । गौतम शान्तिप्रिय कवि भएकाले देशमा दाजूभाइ लडेर रगतको खोला बगेको हेर्न चाहँदैनन् । विश्वमा चिनिएको शान्ति क्षेत्रको देशमा आज आएर वसन्त याममा समेत बहार आउन सकेको छैन । धुवाँ, बम, बन्दूक र बारूदको दूर्गन्धले सिङ्गो नेपाललाई नै दूर्गन्धित बनाएर वसन्तको सूवासलाई नै उजाड तूल्याइदिएको छ भन्ने मार्मिक मनका वेदनालाई कविले आफ्नो कवितामार्फत यसरी पोखेका छन् :

४. **उजाड वसन्त** कवितासङ्ग्रहको *भुमिका* खण्डबाट ।
५. ऐजन ।

"धुवाँ, बम, बन्दूक र बारूदको दूर्गन्धले

आखिर नयाँ पालूवा फेर्न नसकी
जति वसन्त आए पनि वहार बन्न सकेन ।
मौसमी परिवर्तनको जति आशा गरे पनि
हाम्रो वसन्तको सूगन्ध बम र बारूदले सोसेको छ ।"

**'उजाड वसन्त' पृ.१ ।**

हिंसा र हत्याबाट टाढैं रहेको नेपालमा अहिले आएर शान्ति भङ्ग गरी देश विनाश गर्न लागिपरेका आफ्नै सन्तानको घृणीत बानी देखेर नेपाल आमाको मन रोएको छ ।

"छल कपट हिंसा र हत्या थिएन नेपालमा ।
सधैं नै थियो अहिंसा प्रेम शान्तिको नेपालमा ॥
विनाश गर्ने जनता लूट्ने थिएन यहाँ कोही ।
देखियो ऐले हिंसा र हत्या नेपाल आमा रोई ॥"

**'शान राखौं' पृ.८ ।**

देशमा छाएको यूद्धको चपेटाले मानिस अस्तित्वविहीन भएका छन् । न्याय अन्यायको कूनै सीमा छैन । आफ्नै दाजूभाइ शक्तिको प्रदर्शनमा लागेका छन् । कविले देशको विषम परिस्थितिलाई यसरी चित्रण गरेका छन् :

"आफ्नो सन्तानका कूरा
कति फरक हून थाल्यो ?
एउटाले बारुद र बम बोक्छ,
त्यो बूझ्न खोज्दानखोज्दै
अर्काले फाल्छ ढूंगा,
यत्तिकैमा के भयो भनी
निहाल्न खोज्दानखोज्दै
अर्को उदाउन थाल्छ भूत्ते खूकूरी
आखिर सबैको जूध्ने थलो भएछ ।"

**'शिर उठाउन गाह्रो भो' पृ.२२ ।**

जनताको ज्यानको कूनै ठेगान छैन । हिंसा र आतङ्क गाउँदेखि शहरसम्म छाएको छ । देशको यस्तो भताभूङ्ग अवस्थाले हरेक नेपालीको मनोबल गिरेको र शिर झूकेको छ।

"जसले पनि जसको हत्या गर्नसक्छ,
गोली पड्कन सक्छ, जमीन भास्सिन सक्छ

यहाँ हिंसा र आतङ्कले डेरा जमाएको छ ।"

**'अनिश्चित' पृ.३४ ।**

यस शान्तिभुमिमा अशान्तिको ज्वाला तराई, पहाड र हिमाल सर्वत्र फैलिइरहेको हिंसाका कारण बिनाकसुर निर्दोष व्यक्तिहरूले ज्यान गुमाउनूपरेको देखेर प्रत्येक देशप्रेमीको मन व्याकूल हूँदै गएको निराशाजनक भावलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

"किन होला यो शान्ति भुमिमा मन अशान्तिको कोलाहल
तराई पहाड र हिमाल सर्वत्र मडारिएको
दिनदिनै बिनाकसुर निर्दोषहरू मारिएको
अपशकूनले बन्नगएको मेरो देश भएको छ "

**'मेरो मन' पृ.५३ ।**

हत्या र हिंसाको आतङ्कले देशलाई शान्तिक्षेत्र भन्ने अवस्था छैन । यूद्धमा जसले जिते पनि जसले हारे पनि पहिचान नेपाली नै हो । नेपाली-नेपालीलाई लडाएर मृत्यूको मूखमा पूऱ्याउने र समवेदना प्रकट गर्ने प्रवृत्तिप्रतिको निराशाजनक भावलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

"हत्या र हिंसाको क्षेत्रलाई
शान्तिक्षेत्र कसले पो भन्ने ?
सर्वत्र नेपालीले पराजय भोगेको अवस्थामा
जीत नेपालीको हो भनेर कसले भन्ने ?
लासमाथि राजनीति गरेर
मरेकालाई संवेदनाको ढ्वाङ के फूक्ने ?"

**'ढ्वाङ के फूक्ने' पृ.५७ ।**

द्वन्द्वमा परेका सूदुरपश्चिमेली जनताले बिहान उदाउने सुर्यको किरणसँगै देशमा शान्ति बहालीको प्रतीक्षा गर्दै आएका छन् ।

"भोलि उदाउने सुर्यको आतूरसँगै
सूदुरेलीहरूको मन छट्पटाउँदै
गोलाबारूदको आवाजले रात कचल्टाउँदै
भोलि बिहानीसँगै आउने शान्तिको प्रतीक्षारत रहँदै ।"

**'प्रतीक्षा' पृ.८६ ।**

### ४.४.३.२ राष्ट्रप्रेम / राष्ट्रियता

गौतम राष्ट्रियता प्रति सधैं सचेत रहने कवि हून् । उनका कतिपय कवितामा

राष्ट्रचेतनाको प्रतिध्वनि गून्जिरहेको पाइन्छ । आफ्नो मातृभुमिलाई अन्तर्हृदयदेखि नै माया गर्ने गौतमले नेपाली भएर राष्ट्र र राष्ट्रियतालाई सबै मिलेर विश्वभर परिचित गराउनू पर्ने र नेपालीप्रति गौरव गर्नूका साथै असीम प्रेमको मुल फूटाउनूपर्ने विचारलाई यसरी अभिव्यक्त गरेका छन् :

"नेपाल हाम्रो सबको हो साझा ।
मिलेर बस्ने सब जाति माझ ॥
छरेर सौन्दर्य विशाल विश्वमा ।
नेपाली जाति पहिचान गर्नमा ॥"

**'सूरम्य नेपाल'** पृ.२ ।

भावूक हृदयका कवि गौतमले जस्तो सूकै बाधा र व्यवधान सहेर पनि देशको स्वाभिमान बचाउनू र जोगाउनू पर्ने भावना यसरी प्रकट गरेका छन् :

"नेपाल रहे नेपाली रहन्छ,
प्रजातन्त्र मौलाउँछ ।
देश नै नरहे कोही पनि रहन्न,
सबै नै मासिन्छ ।"

**'नेपाल'** पृ.४ ।

वीर गोर्खालीहरूले बनाएको नेपालको पहिचानलाई, तेन्जिङ्गले सगरमाथाको शिर अझ उच्च बनाए । यस्तो नेपाल र नेपाली जातिको गौरवमय इतिहासको वर्णन कविले यसरी गरेका छन् :

"झूकेन कैले अग्लियो नेपाल हिमाली जातिको ।
रमेको नेपाल टल्केको हिमाल गोर्खाली साथीको ॥
तेन्जिङ्ग पूगे हिमालमाथि नेपाल उठाए ।
गाडेर उनले राष्ट्रिय झण्डा गौरव बढाए ॥"

**'शान राखौं'** पृ.८ ।

विश्वको इतिहासमा वीर नेपालीहरूले गरिमामय चिनारी बनाएका छन् । नेपाल र नेपालीको अस्तित्व जोगाउन आफ्नो ज्यान हत्केलामा राखेर नेपालप्रति आँखा गाड्नेसँग लड्ने यिनै गौरवमय नेपाली गाथालाई कविले आफ्ना कवितामा यसरी व्यक्त गरेका छन्:

"हाम्रा पूर्खाहरूले झिक्नै परे झिक्दथे खूकूरी
आइकट गर्ने माथि जाइकट गर्दथे

ज्यान जोखिममा राखेर बैरीसँग लड्दथे,
एक मूठी सास रहेसम्म पछिपर्दैनथे
यही नै हाम्रो वीरताको पहिचान थियो"

**'निरर्थक' पृ.३३ ।**

सुर्यको पहिलो किरणको आगमनसँगै हरिया पाहाडको घूम्टोबाट हिमालले चियाउने देश नेपाल, सधैं स्वच्छ, हराभरा र रमाइलो प्राकृतिक वातावरणमा रमि रमाएको छ ।

"हरियाली पहाडको घूम्टोबाट
हिमालले चियाएको नेपाल
सधैं निर्मल स्वच्छ र रम्य छ
यो मेरो देश नेपाल ।"

**'मेरो नेपाल' पृ.३७ ।**

दासत्व भन्दा मृत्यू प्यारो लाग्ने स्वाभिमानी नेपालीहरूको पहिचान विश्वमा कहिल्यै पनि डगमगाउने छैन ।

"दासत्वभन्दा मृत्यू नै प्यारो
गर्दछौ वरण,
झूक्दैनौ कैले लूक्दैनौ हामी
चिनाउँछौ नेपाल,"

**'शान्तिभुमिको दूर्भाग्य' पृ.५८ ।**

देश र जनताका लागि ज्यानदिने शहीदको रगत सूक्न नपाउँदै अरू कैयौं नेपाली शहीद हूनूपर्ने अवस्था आफ्नो देशमा आएकोमा त्यसप्रति असहमति दर्शाउँदै आफ्नो भावना यसरी व्यक्त गरेका छन् :

"प्रजातन्त्रको लागि,
शहीद हूनेको रगत सूकेको छैन,
तिनको आत्मामा शान्तिको
चिराग बाल्न भ्याइएको छैन,"

**'पत्तै भएन' पृ.६९ ।**

नेपाल र नेपालीको पहिचान गराउने राष्ट्रिय विभुतिहरूको कविले अन्तर्हृदयदेखि श्रद्धा र सम्मान प्रकट गरेका छन् । इतिहासका पानामा छाएका राष्ट्रिय विभुति भीमसेन थापा, अमरसिंह थापा र पृथ्वीनारायण शाहले वीर गोर्खाली भनेर आफ्नो पहिचान गराए भने गौतम बूद्धले संसारभरि शान्तिको दीप जलाए त्यस्तै अरनिकोले आफ्नो कला विश्वमा

पहिचान गराएर नेपाल र नेपालीको गौरवमय इतिहासलाई विश्वको मानचित्रमा कोर्न सफल भए । अहिले विदेशीको नक्कल गरी आफ्नै इतिहासको उपहास गरेकोमा कविले दू:खी हूँदै मनका भाव यसरी अभिव्यक्त गरेका छन् :

"तर म देख्छू
आधूनिक इतिहासमा पनि
भीमसेन थापा र अमरसिंह
त्यस्तै तेन्जिङ शेर्पा
नेपाल निर्माता पृथ्वीनारायण
अनि सम्झन्छू भगवान् गौतम बूद्ध
जसले शान्तिको दीप जलाए
अरनिको कलाले संसार चिनायो
तर अपसोच छ
विदेशीको नक्कल गरी
आफ्नै रगतको उपहास ।"

**'इतिहास गर्भमा छ' पृ.७५ ।**

भाषिक एकीकरणका महान् व्यक्ति भानूभक्तले नेपालीले बूझ्ने सरल भाषा नेपालीको प्रतिपादन गरे । मातृभाषा र मातृभुमिप्रति असीम प्रेम गर्दै नेपाल र नेपालीको गरिमा र महिमा उच्च राख्दै राष्ट्रियताको स्वरलाई चर्काउने कविलाई आज सबैले निस्वार्थ भावनाले हेर्नूपर्ने विचारलाई कविले यसरी व्यक्त गरेका छन् :

"जसले साहित्य दिए जसले भाषा दिए,
आधूनिक कालको बिहानी दिए,
नेपाली जातिको मानसपटलमा
शान्तिको दियो जगाए,
प्रत्येक घर, आँगनमा रामायणको पाठ पढाए ।"

**'भानूजयन्ती' पृ.३० ।**

## ४.४.३.३ प्रकृति प्रेम

प्रकृति मानवको हरेक दू:ख-सूखको साथी हो । प्रकृति मातृत्व हो, शिक्षालय हो तथा कला, साहित्य, संस्कृति एवं अध्यात्मचेतनाको मुल उद्‌गमस्रोत हो । प्रकृतिप्रेमी कवि गौतमले पनि यस सङ्ग्रहका कवितामा सून्दर प्रकृतिको चित्रण गर्न चूकेका छैनन् । हिमाल, पहाड, फुल, हावा, पानी, घाम, आकाश आदि प्राकृतिक देनलाई सहज रूपमा

कविताका हरफहरूमा उतारेका छन् । शरद ऋतूमा फूल्ने फुलहरूसँगै मानिसहरूको खूसीका उमङ्गहरू भरिएर आएका छन् । खेतमा झूल्ने पहेँलपूर धानका बालासँगै मानिसको घर आँगनमा सयपत्री र गोदावरीले दशैंको स्वागत गरिरहेका छन् भनी प्रकृति र मानवबीचको तादात्म्य रहेको भावलाई यसरी अभिव्यक्त गरेका छन् :

"कति रमाइलो प्रकृतिको सौन्दर्य
किसानका खेतहरू पहेँलपूर सून फलेझैं
सयपत्रीफुल र गोदावरीले घर आँगन छाएको छ,
प्रत्येक ढोका, दैलोमा दशैं चिहाएको छ ।"

**'शरद ऋतू' पृ.३ ।**

गौतमले आफ्नो देशमा रहेका प्राकृतिक उपहार सून्दर हिमाल, लेक र बेंसीमा गाइने गीतका सूरिला भाका, हरियाली पहाड, हिमाली काखका सून्दर बस्तीले आफ्नो मातृभुमिलाई सूरम्य बनाएको छ भनी प्राकृतिक सौन्दर्यको छाललाई भावनात्मक तरेलीमा उनेर यसरी चित्रण गरेका छन् :

"त्यो माछापूच्छ्रे सून्दर हिमाल, उत्तर दिशाको ।
हिमाली पाखा, सूरिलो भाका लेक र बेसीको ॥
त्यो गम्य पहाड, सूरम्य नेपाल, हिमाली काखमा ।
सून्दर रम्य, हिउँले टम्म, भरिलो पाखामा ॥"

**'शान राखौं' पृ.८ ।**

फुल प्रकृतिको वरदान र रमाइलो कोसेली हो । फुलको प्राकृतिक आनन्द मानिसहरूले मात्र होइन, कीरा, चरा, पशू सबैले अनूभव गर्दछन् । फुलको सूगन्ध र रङ्गले हाम्रो जीवनलाई रमाइलो पार्दछन् । त्यस्तै गौतमले पनि प्रकृतिको सून्दर उपहार गूलाफको फुललाई मानवीकरण गरी जीवनसँग गहिरो सम्बन्ध रहेको भावलाई यसरी व्यक्त गरेका छन् :

"अबोध बालकको ओठबाट निस्किएको मूस्कानझैं
आफ्नो इतिहासबाट सिर्जिएको हाँसोलाई
मानवजातिका लागि अर्पण गर्दै
हाँसिरहेको गूलाफको फुल ।"

**'गूलाफको फुल' पृ.११ ।**

### ४.४.३.४ यथार्थ प्रस्तूति

समाजमा विद्यमान रहेका यूगीन यथार्थलाई कविले यस सङ्ग्रहका कविताका

हरफहरूमा उतारेका छन् । **शान्तिको रेखाकोर** कवितामा समयको महत्त्व दर्शाउँदै वर्तमान परिवेशमा समयको आफ्नै मुल्य छ भन्ने विचार व्यक्त गरेका छन् । आज जे छ भोलि त्यो हून सक्दैन । यस्तो शक्तिशाली समयलाई सदूपयोग नगरे भोलिको नेपालको सून्दर भविष्य अनिश्चित हूनेछ भनी कविले समयलाई बूझेर देशहितको मार्ग पहिल्याउनूपर्ने यथार्थलाई यसरी प्रकट गरेका छन् :

"आजको समय भोलि आउने आशा नगरौ,
समयले कसैलाई प्रतीक्षा गरिरहदैन,
यो घडीको टिकटिके आवाजको चाल मात्र होइन,
यो बडो भाग्यमानी र शक्तिशाली पनि छ,
आजको समयलाई सदूपयोग नगरे भोलि नेपाल अन्धकार हूनेछ ।"

**'शान्तिका रेखाकोर'** पृ.७ ।

समून्नत नेपालको संवृद्धिका लागि आवश्यक जोशिला जागरिला यूवावर्ग सबै विदेशतिर पलायन हूने र देशका राजनीतिक दलका नेताहरू आफ्नै शक्तिका लागि मात्र लडिरहने प्रवृत्तिले गर्दा देश विकासका लागि आवश्यक कर्मठ योद्धाको अभावमा देश कसरी विकासपथमा लम्किन सक्छ भन्ने प्रश्न गर्दै कविले आफ्ना अभिव्यक्ति यसरी दिएका छन् :

"देशका होनहार शक्ति बाहिरै मात्र जाने
नवयूवक र यूवतीको स्वार्थ मै दृष्टि जाने
दलबलहरू यी छन् शक्ति हत्याउन जाने
अब कसरी भनौ लौ यो देश बन्ने ?"

**'नेपालको माया'** पृ.१६ ।

हामी सबै समयका कैदी हौं । समय यति शक्तिशाली र सिर्जनशील छ, यसलाई चिनेर सदूपयोग गरेमा हाम्रो जीवन सार्थक बन्न सक्छ । यसले स्वर्गलाई नर्क र नर्कलाई स्वर्गसमेत बनाउन सक्छ । त्यसैले समयलाई घडीको टिकटिके आवाज मात्र नसम्झेर यसको सही सदूपयोग गरी कार्य गरेमा सफलता पाइन्छ । यो सम्पुर्ण ब्रह्माण्डको धडकन हो । हाम्रो अस्तित्व समयमा समाहित भएको यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् :

"यो समय सबैको समय हो,
यस्लाई टार्न कसैले सक्दैन,

यो शक्तिशाली र सिर्जनशील छ,
यस्ले स्वर्गलाई नर्क
नर्कलाई स्वर्ग
अशान्तिलाई शान्ति
विमतिलाई सहमतिमा,
रूपान्तरित गरिदिन सक्छ"

**'सबै समयका कैदी हून्' पृ.१८ ।**

देशका ठुलाबडा भनाउँदाहरूको दू:ख दिने प्रवृत्तिलाई कविले आफ्ना कविताका हरफमा उतारेका छन् । ठुलो मान र प्रतिष्ठामा पूगेका व्यक्तिलाई कूनै कार्यक्रम वा सभा गर्नूपरेमा अतिथिको रूपमा बोलाउने चलन र समयको पावन्दीलाई नाघेर समयमा नै उपस्थित नहूँने हेपाहा व्यवहार भएका व्यक्तिलाई कविले व्यङ्ग्यात्मक पाराले यसरी चित्रण गरेका छन् :

"कयौं बसेका थिए प्रतीक्षामा घण्टौं कूरी
आउलान् समयमा प्रमूख अतिथि हाम्रा यी भनी ।
कति पत्रकारदेखि टेलिभिजनसम्म फर्किए,
बाँकीजतिले फेरि कहिले आउला भनी घडी हेरी झूली रहे ।"

**'सभा' पृ.७१ ।**

कवि, गाँसवास र कपासको खोजीमा सधैं भौंतारिरहनू परेका निरीह गरीब गूरुवाहरूको भलाइका लागि आवाज उठाउँछन् । समाज सूधारका लागि उठ्नूपर्ने कलिला हातहरू भोक र प्यास मेट्ने खोजीमा पशू समान जीवन बिताइरहेका छन् । उनीहरूले फोहरको कन्टेनरमा जीविकोपार्जनका सामग्री जूटाउने गरेको तथ्यलाई यसरी प्रकट गरेका छन् :

"भोक र पानीको तिर्खा मेट्न
फोहरका डूङ्गूरमा खोस्रन
बाध्य भएका छन्,
फलामका अंकूशे छडी बोकेर
कन्टेनरको फोहर खोस्रिरहेका छन्
यस देशका भविष्यहरूले ।"

**'इतिहास गर्भमा छ' पृ.७६ ।**

## ४.४.३.५ प्रेमप्रणय मूलकता

सामान्य जीवनमा हूने स्वभाविक प्रेम प्रसङ्गलाई गौतमले आफ्ना कविताको

माध्यमबाट चित्रित गरेको पाइन्छ । मानिस स्वभाविक रूपमा भावूक हून्छन् । आफ्ना वैयक्तिक भावहरूलाई कविताका माध्यमबाट पनि पोख्ने गर्छन् । प्रेमलाई आदर्श मान्ने गौतमका कवितामा उच्छृङ्खल प्रेमालापयूक्त भावहरूलाई प्रश्रय दिइएको छैन । कवि गौतमका यस कवितासङ्ग्रहमा पनि प्रेम प्रसङ्गका कविताहरू रहेका छन् । उनका कवितामा मानवीय प्रेमका भावनाहरू छचल्किएको पाइन्छ । प्रेयसीको सम्भनाले आँखाबाट आँसूका दाना टिलपिल गर्दै खस्न लागेका छन् भने वेदनाले भित्री मन रोइरहेको छ भनी गहन रूपले मानवीय प्रेमका भावना व्यक्त गरेका छन् ।

"तरेलीबाट खसेका आँसू कसरी गनुँ म ?
लाएको माया सम्झेर यहाँ कसरी बिर्सु म ।
जून माया मैले आफ्नो पो ठान्थे अर्केको भएछ,
जसलाई सम्भी आनन्द लिन्थे दूःख दिई गएछ ।"

**'वसन्त बैंसमा'** पृ.५ ।

लामो समयदेखि प्रेमिकाको प्रतीक्षामा रहेका कविले मायालू आउने बाटो कूरिरहेका छन् । जहाँ प्रकृतिको मनोरम बास छ त्यहाँ आफ्नी प्रेमिका रहेकी छिन् र त्यहीँ वातावरणमा बोट बिरुवा लहलहाएझैँ आफ्नो प्रेम पनि पूष्पित र पल्लवित हूँदै सूरम्य बनेको प्रेममय भावनाहरू नवीन रूपमा अभिव्यक्त गरेका छन् ।

"सम्झिरहन्छू मायालूको देश,
जहाँ प्रकृतिले मनोरम बास गर्छ
त्यहाँ प्रेमको स्वाद राम्रो हून्छ,
अनन्तसम्मको रस स्वादनले
सूरम्य बनाइदिन्छ"

**'मित्र'** पृ.४४ ।

कवि गौतमले मनकी मायालूलाई सम्झदै आफु पनि मायालूसँग छिट्टै भेट गर्न आउने तरखरमा रहेको कूरा व्यक्त गरेका छन् । मायालूको बैंस लालीगूराँस ढकमक्क फूलेझैँ फूलेको होलान्, वसन्तका विविध रूप, रङ्ग र तरङ्गले प्रियाको मनलाई विथोलेको होला, चढ्दो बैंस र नयाँ उमङ्गहरू त्यसै-त्यसै सेलाएका होलान, उनको कोमल भावना र कल्पनामा चिसो वतास पसिसकेको होला भन्दै आफ्नो प्रेयसीलाई भेट्ने तीव्र इच्छालाई यसरी प्रकट गरेका छन् :

"मेरो मनकी मायालूले पर्खिरहेकी होलिन्
साथी ! तिमीले चाँडै म आउँदैछू भनिदिनु

मेरी माया रिसाएर झोक्किएकी होलिन्
आउँदै छु म भनेपछि खामस खाई बस्लिन् ।"

**'मायालूको देश' पृ.६३ ।**

आफ्नो दिलमा रोपेको माया ओइलिँदै गएको देखेर कवि दु:खी छन् । हाट मेलामा भेटेको मायालुलाई सम्झदा मन सधैं तड्पिइरहेको हून्छ । जति बिर्सन खोज्दा पनि नदीको छालझैं झन उर्लिआउने माया, मूटूको ढूकढूकीमा पनि व्यथा, पीडा र चोटको भाषा गून्जिरहेको हून्छ ।

"रोपेको थिएँ त्यो तिम्रो माया यो मेरो दिलमा,
ओइली गयो बिलेर गयो यो पापी संसारमा ।
नलाउने माया कसरी लाएँ दिलको कूनामा,
फक्रेर आउँछ ओइलेर झर्छ नजान्ने ठाउँमा ।"

**'माया' पृ.६४ ।**

प्रेम नै आत्मा र सून्दर वस्तू ठान्ने कविलाई सल्लाघारीको चिसो हावासँगै मायालूको मायाले नजिक-नजिक तानेको छ र प्रेयसीको सम्झनाले बाडूली लाग्ने गरेको प्रेममय भावभुमिलाई यसरी प्रकट गरेका छन् :

"सल्लाघारी सूसाएर चिसो हावा चल्यो
मायालूको पछ्युउरीले वरवर तान्यो ।
प्रत्येक राति आकाशले मंगल दीप बाल्छ,
प्रियसीको संझनाले बाडूलीलाई डाक्छ ।"

**'बाडूल्की' पृ.८० ।**

## ४.४.३.६ शान्तिको कामना

कवि आफ्नो देशमा हरहालतमा शान्ति भएको हेर्न चाहन्छन् । शान्तिको क्षेत्र भनी चिनिएको देशमा फेरि पनि शान्तिले बास गरोस् भन्ने कामना गर्दछन् । जनयूद्धले निम्त्याएको अशान्तिलाई हृदयदेखि विमति जनाउँदै शान्ति बिना हामी नेपालीको अस्तित्व सम्भव नभएको र हत्या-हिंसा छाडेर शान्ति पथमा आउनका लागि आह्वान गरेका छन् । शान्तिका दुत बूद्धको मार्ग पहिल्याएर नेपालको सून्दर मूहार विश्वभर चम्काउनू पर्ने विचारलाई यसरी अभिव्यक्त गरेका छन् :

"हिंसा र हत्या छाडेर सबै
शान्तिमा आउन

बूद्धको पाठ पढेर सबले
मूहार हँसाऊ ।"

**'नेपाल'** पृ.४ ।

यूद्धको चपेटामा परेका हर नेपाली दाजूभाइ शान्ति पूनर्वहालीका निम्ति नयाँ बूद्धको खोजीमा रहेको कूरा **शान्तिको दुत भएर आऊ !** भन्ने कवितामा देख्न पाइन्छ । देशमा छाएको जटिल र विषम परिस्थितिले गर्दा देशमा अशान्ति फैलिएको र मानवता पिँजडामा कैद भएका बेला कवि मान्छेको मौनतालाई नियालिरहेका छन् । कवि गौतमले दू:खी हूँदै शान्तिका अनूयायी गौतम बूद्ध फेरि नया रूप लिएर नेपाललाई स्वर्ग बनाउन आउनू पर्ने तथ्यलाई यसरी प्रकट गरेका छन् :

"बूद्ध तिमी आउन ढिला भइसकेको छ,
अब तिम्रो हार्दिकताभित्र
देश प्रेम लहरले छाउने छ
अहिलेसम्म झाँगिएको स्वर्गको ऐजेरु
तहस नहस पार्दै,
शान्तिको दुत बनेर
नयाँ गौतम बूद्ध भएर आऊ ॥"

**'शान्तिको दुत भएर आऊ !'** पृ.२० ।

आफुहरू लडाइ गरेमा अरूले फाइदा उठाउँछन् । आफ्नो घर उजाड बनाउनतिर नलागेर वार्ताको माध्यमबाट आफ्ना समस्या समाधान गर्नूपर्छ र स्वाभिमानी नेपालीको पहिचान जोगाउनूपर्छ । यसैबाट शान्ति र देश निर्माण गर्ने आसाका किरण झूल्किने छन् भन्ने विचारलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

"आपसमा नलडौं र आफ्नो घर नभत्काऊँ
मिलिजूली शान्ति देश बनाऊँ
यसका लागि वार्ता हाम्रो चाहना
शान्ति प्रत्येक नेपालीको कामना"

**'शान्ति कामना'** पृ.२९ ।

नेपाल र नेपालीको विश्वमा पहिचान गराउने शान्ति भए तापनि हाल आएर यो भनाइमा मात्र सीमित भएको छ । जताततै छाएको रक्तपातपुर्ण यूद्धले गर्दा देशलाई अशान्तिको कालो बादलले ढाकेको छ । हर नेपालीलाई अमनचैनकासाथ बाँच्नका लागि शान्तिको आवश्यकता छ । कहिल्यै नमेटिने शान्तिको प्यास जागेको बेलामा शान्ति जागृत गराउने स्थान नै मरुभुमि भएको छ भनी कविले आफ्ना भावहरूलाई यसरी व्यक्त

गरेका छन् :

"आज नेपालीलाई नमेटिने शान्तिको प्यास लागेको छ,
अढाइकोटि नेपाली शान्तिको आराधना गरिरहेका छन्,
शान्ति नेपालीको अनादिकालदेखिको बर्चश्व भए तापनि
अहिले शान्तिको मूहान सूकेर सूख्खा र जर्जर भएको छ ।"

**'निरर्थक' पृ.३२ ।**

कविले मातृभुमिको रक्षा गर्न बूद्धलाई नै घरिघरि सम्झिरहेका छन् । उनको **बूद्ध तिमी फेरि जन्मिएर आऊ** भन्ने कवितामा नेपालमा फैलिएको शान्ति विरोधीको रूपमा रहेको हत्या र हिंसा निर्मुलपार्नका लागि बूद्धको धेरै खाँचो भएको आशय प्रष्टिएको पाइन्छ । बूद्धले शान्तिको चहकिलो दियो बालेर आउनूपर्ने र यो विश्वलाई नै सही मार्ग देखाउनू पर्ने विचारलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

"अब आउँदा शान्तिको चहकिलो दियो बालेर,
संसारको मूहार हँसाऊ ।
यहाँ हत्या, हिंसा र आतंकको विरोध गर्न
एउटा बूद्ध जन्मनूपरेको छ,
विश्वलाई सही बाटो देखाउने
शूद्ध बूद्ध चाहिएको छ ।"

**'बूद्ध तिमी फेरि जन्मिएर आऊ' पृ.४६ ।**

नेपालीले, नेपाललाई विश्वमा शान्ति क्षेत्र भनी चिनाएको पहिचानलाई कहिल्यै बिर्सने छैनन् । शान्तिको अग्रदुत गौतम बूद्ध जन्मेको देशमा अवश्य पनि शान्तिको बहाली हून्छ । हाम्रो तन, मन, धर्मले नेपालमा चिरायू शान्तिको कामना गर्नूपर्छ । अवश्य पनि एक दिन हाम्रो पूकारको सूनूवाइ हून्छ भनी कविले आफ्नो भावूक मनभित्रको भावना यसरी प्रकट गरेका छन् :

"म साथ दिन्छू देशको सहाय दू:ख सूखमा
सबै छ प्राण प्राणमा चिरायू कै छ कामना ।
अनन्त ज्योति ज्योतिमा तरङ्गले तरङ्गिई
निरन्तरै चलिरहोस् उमङ्गमा उमङ्गले ।"

**'चिरायू शान्ति कामना' पृ.५२ ।**

नेपाली-नेपाली बीच कून तत्त्वले द्वन्द्वको मूखमा घचेटेको हो ? हामी कूनै पनि हालतमा आफ्नो दाजूभाइको हत्या भएको हेर्न चाहँदैनौ हामी सबै मिलेर शान्तिको गीत गाउँदै एक आपसमा मिलेर मित्रताको गाँठो कस्न चाहन्छौं ।

"गाउँछौं गीत शान्तिको दीप
नेपाली मित्रमा ।
चाहन्नौ हामी हिंसा र हत्या
यो शान्ति भुमिमा"

**'शान्तिभुमिको दूर्भाग्य' पृ.५८ ।**

### ४.४.३.७ शिक्षा

शिक्षा समाजको अभिन्न अङ्ग हो । समून्नत देश निर्माणमा शिक्षाले नै महत्त्वपुर्ण भुमिका खेलेको हून्छ । शिक्षाको महत्त्व बूझेका गौतमले पनि आफ्ना कवितामा शिक्षाको महत्त्वलाई दर्शाएका छन् । देशका कूनै पनि बालबालिकालाई शिक्षा आर्जन गर्नबाट वञ्चित गरिन नहुने र यी देशका कर्णधारहरूलाई साथ र सहयोग दिएर पढ्न लेख्न दिनुपर्ने यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् :

"केटाकेटीको अधिकार छिन्न नखोज
तिनलाई निर्धक्क भएर पढ्न देऊ !
कूनै पनि बालबालिकालाई निहित स्वार्थमा नपार,
निर्धक्क भएर पढ्ने र बढ्ने अधिकार नखोस !
सबैलाई साथ, सहयोग दिएर पढ्न लेख्न देऊ ।"

**'शान्तिका रेखाकोर' पृ.७ ।**

कविले आफुले देखेका वर्तमान परिस्थितिलाई आफ्ना कवितामा चित्रण गरेका छन् । **मेरो स्कुल** कवितामा वर्तमान शिक्षा प्रणालीमा राजनीतिको प्रवेशले शिक्षा उत्पादनमुलक र व्यावहारिक बन्न सकेको छैन । आफ्नो स्कुल रहेको परिवेशमा दर्दनाक वातावरण देखेर भावी सन्ततिको भविष्य माथि भएको खेलवाडप्रति असहमति दर्शाउँदै शिक्षालय जस्तो पवित्र स्थल र शैक्षिक क्षेत्रलाई विकृत राजनीति र द्वन्द्वको चपेटाबाट मूक्ति दिलाउनूपर्ने विचारलाई यसरी अभिव्यक्त गरेका छन् :

"मेरो स्कुलमा
हरेक दिन ध्वनिप्रदुषण छ
यो न कसैले रोक्न खोज्छ
खाली एकले अर्कालाई दोष थोपर्छ
अनि हल्ला र ध्वनिलाई चर्काउँछ
मौका परे इँटा र ढूंगा बर्साउँछ"

**'मेरो स्कुल' पृ.१३ ।**

कविले देश बनाउने जिम्मा विद्यार्थीहरूलाई सूम्पेका छन् । नेपाललाई वैज्ञानिक शिक्षा पद्धतिसँगै नौलो शैक्षिक गतिबिधिबाट संसारभर चिनाउनूपर्ने र पूराना कूरीति हटाइ नयाँ स्वच्छ समाजको निर्माण गर्नूपर्ने विचारलाई यसरी व्यक्त गरेका छन् :

"फेर पूराना पद्धति, ल्याऊ नयाँ सूमति
बनाऊ देशलाई सबै मिली झिलिमिली
हटाऊ देशका सारा जति बसेका छन कूरीति
अनि रोप नयाँ पालूवा फक्रन्छन् कति कति ।"

**'विद्यार्थी'** पृ.१४ ।

कविले आफ्नो विद्यालय र विद्यालयमा पढ्ने बालबालिकालाई समेटेर कविता रचेका छन् । **पद्मोदय गान** शीर्षकको कवितामा राष्ट्रलाई चिनाउने चम्किला दीप बनेर पद्मोदयको शान राख्दै भविष्यमा सून्दर नेपाल निर्माणमा दत्तचित्त भएर लागिपर्ने छन् भनी आफ्नो अभिव्यक्ति यसरी प्रकट गरेका छन् :

"यो राष्ट्रको क्षितिजमा प्रदीप्त दीपझैं बनी
निष्पट्ट अन्धता र अचेतना मास्दछौं ।
फूलेर पद्मोदयमा स्वदेश यो फूलाउँछौ
बनेर योग्य हामीले स्वदेश यो रङ्ग भर्दछौं ॥

**'पद्मोदय गान'** पृ.८३ ।

## ४.४.३.८ राजनीतिक दृष्टिकोण

नेपालमा विद्यमान राजनीतिक नेताहरूको प्रवृत्तिले कैयौं नेपालीको मन दूखेको छ । देश विकासको मार्गमा लाग्नूपर्ने नेताहरू सबै कूरा बिर्सेर सम्मानित पदका लागि होडबाजीमा लागेका छन् । कामभन्दा कूरा धेरै गर्ने बानीले गर्दा देशको अस्तित्व नै बिलाउने अवस्थामा पूगेको छ ।

"वरपर सबै नेता एकसे एक ठुला
देख्न सकिने जैले हो काम भन्दा छ हल्ला,
बकबक मूख चल्ने निरर्थक स्वार्थ बोल्ने

अनि त अब कति उठ्ने यस्तैमा छ राष्ट्र ढल्ने ।"

**'नेपालको माया'** पृ.१६ ।

जनताले स्वतन्त्रताको खोजी गर्दै ल्याएको व्यवस्थालाई महसूस गर्न नपाउँदै खतरामा पार्न लागिपरेका राजनीतिक व्यक्तित्वहरूमाथि कविले व्यङ्ग्य प्रहार गरेका छन् ।

"प्रजातन्त्र आयो भन्दा खूशी लाग्यो,
प्रजातन्त्र हराएमा बिस्मात् लाग्ला
सिन्को नभाँची प्रजातन्त्रको नेता बन्ने
खेतै नरोपी बाली काट्न जाने"

**'प्रजातन्त्र'** पृ.२४ ।

सत्ताको मोहले गर्दा सार्वजनिक सम्पत्ति ध्वस्त हूँदै गएको र भौतिक संरचनाको अस्तित्व गायब हून लागेको यथार्थलाई कविले यसरी चित्रण गरेका छन् :

"सार्वजनिक सम्पत्ति ध्वस्त पार्न जानाले
कयौं संरचना भत्काए,
सयौं कूर्सी जलाए,
विद्यायल र कलेजको पूस्तकालय जलाए"

**'शान्ति कामना'** पृ.२७ ।

देशको भलाइमा लाग्नूका सट्टा शक्ति र सत्ताका लागि मरिमेट्ने राजनीतिक दल र दलका नेताहरूको प्रवृत्तिलाई कविले मार्मिक ढङ्गले व्यक्त गरेका छन् । गरीब र असमानताले विकराल रूप लिएको बेलामा खालि भाषण र नारामा मात्रैं सीमित राख्दै जनतालाई झूक्याउने अनि पदको दूरुपयोग गरी भ्रष्टाचारलाई प्रश्रय दिने नेताहरूप्रति कविले आफ्ना विचार यसरी अभिव्यक्त गरेका छन् :

"यहाँ जहिले पनि शक्ति र सत्ताको होडबाजी छ,
गरीबी र असमानताको गगनभेदी नारा छ,
त्यसैको भऱ्याङ्ग चढेर नेता चूलीमा पूग्छ
जनताको शिरमा कूल्चेर माथि माथि बढ्छन्
पदको दूरुपयोग गरी भ्रष्टाचारको आहलमा डूब्दछन् ।"

**'निरर्थक'** पृ.३२ ।

नेताहरू केवल सत्ताका भोका रहेका कारण आफ्नो मात्र भूँडी भर्न तयार हूने नेताहरूको चरित्रलाई कविले यसरी चित्रण गरेका छन् :

"नेता सेता सबै पियत्ता
मौका परे खाने बेपत्ता,
कोही होइन जनताका नेता
केवल भोकाछन् सत्ताका ॥"

**'हरायो'** पृ.३८ ।

एकातिर सत्ताधारीहरूले सूविधाका लागि महँगा-महँगा गाडी झिकाउने र भोगविलासी जीवन बिताएका छन् भने अर्कातिर देशका निमूखा जनताहरू गाँसवास र कपासका लागि सधैं भौंतारिरहनू परेको छ ।

"सांसद सूविधाको नाममा पजेरो झिकायो
महँगा गाडी नेतासेता सबैले चलायो
जूवा र रक्सी सब थोक खाई रमायो
यस्तो विजोग चाला गरी देश चलायो ॥"

**'हरायो'** पृ.३९ ।

राजनीतिक दलका नेताले सीधासादा जनतालाई झूक्काएर आफु नायकको भुमिका निर्वाह गर्दै सबैको मन जित्न सफल भएका छन् । देशलाई नाट्यशाला बनाउँदै देशको प्रभूत्व आफ्नो हातमा लिएका वर्गलाई कविले यसरी चित्रण गरेका छन् :

"यही चाला नाट्यशैली नेपालमा पनि
राजनीति नाट्यशाला, राजनीतिज्ञ नर्तकी
खेल्दछन् खेल यिनैले जे मन लाग्छ उही मति
त्यसैमा ताल दिन्छन्
यिनका कार्यकर्ता धाकिति धाकिति"

**'नाट्यशाला'** पृ.४० ।

सत्तामा पूग्नू अगाडि जनताको मन जित्न अनेक बहाना बनाउने तर सत्ताको स्वाद लिएपछि घूडा फर्काउने प्रवृत्ति भएका नेताहरूको स्वार्थी प्रवृत्तिलाई कविले यसरी चित्रण गरेका छन् :

"मन खोलेर गरेको सेवा भए पो राम्रो हून्थ्यो,
आडम्बरी नेताको ढवाङ्ग्रे आवाजले के पो गर्थ्यो ?
सीधा जनताको मन छचल्काउनमा नै व्यस्त हून्थे,
आखिर जनताको मन जित्न कोही लाग्दैन थिए ।"

**'नेता'** पृ.५५ ।

स्वार्थमा बाँचेका र दाउपेचमा हूर्केका नेताहरूले जनताको मन जित्न सक्दैनन् ।

"बाँचेका छौ, आफ्नै स्वार्थमा
हूर्केका छौ अनेक दाउपेचमा
न त तिमीमा त्याग छ,
न कूनै नवीन जोश छ,

तिमीसँग मिथ्या र निहित स्वार्थ छ

त्यही स्वार्थ मोहमा बाँचेका छौ ।"

**'स्वार्थ मोह' पृ.५६ ।**

देश बनाउने जिम्मा पाएका उच्च तहका मानिसले आफ्नो देशको माटोलाई चूम्नूको सट्टा अरू देशको सिको गर्दै उनीहरूकै पक्षमा वकालत गर्ने र आफ्नो देशको निम्ति केही नगरी छलछाममा जिन्दगी बिताउने प्रवृत्ति अङ्गालेका नेताप्रति कविले यसरी आफ्ना विचार व्यक्त गरेका छन् :

"देशको माया बिर्सेर परदेशको भजन गाउँछन्
सिन्को नभाँची छलछालमा जिन्दगी बिताउँछन् ।"

**'प्रजातन्त्र' पृ.६७ ।**

## ४.४.३.९ सामाजिक विसङ्गति

विभिन्न क्षेत्रमा देखापरेका विकृति एवं विसङ्गतिलाई कवि गौतमले व्यङ्ग्यात्मक अभिव्यक्तिका माध्यमले आफ्ना कवितामा प्रकट गरेका छन् । उनका कवितामा सामाजिक विसङ्गति, गतिहीन विकास एवं राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका अनेक विसङ्गतिको प्रस्तुति भेटिन्छ । आधूनिक यूगका छटपटी, यूगको चाहना, मान्छेको आका ङ्क्षा, वास्तविक भोगाइ, सार्थकता र निरर्थकताका घात-प्रतिघातबाट मान्छे पून: बाँच्न चाहिरहेको हून्छ । निरर्थक र अस्तित्वहीन जीवन बाँचिरहेका आजका मान्छे मानव मुल्यको खोजी गर्न लागेका छन् । आफ्ना देशका होनाहार यूवाहरू दाल भातको खोजीमा विदेशीका ढोका चाहर्न पूगेका छन् भने कोही यूद्धमा होमिएका छन् । स्वाभिमानी नेपालीले भोगेका दू:खपुर्ण परिस्थितिलाई कविले यसरी अभिव्यक्त गरेका छन्:

"गाउँमा ठुला ठालुको शोषणबाट मूक्त हूने आशामा
विदेशीको पराधीनमा बाँच्नू परेको छ
यसरी बनाएको आरोह र अवरोहको कथाले
सिङ्गो देशलाई नै विकलाङ्ग बनाएको छ ।"

**'शान्ति कामना' पृ.२६ ।**

खेतबारी बेचेरै भए पनि रोजीरोटीका लागि आफ्नो देश छाडेर विदेश जानू पर्ने बाध्यता र विदेशमा गएर पनि त्यसको प्रतिफलको रूपमा आफ्नो बलि चढाउनू पर्ने यथार्थ घटनालाई कविले यसरी चित्रण गरेका छन् :

"गैरी खेत र बाटूले पाटो बेचेर

श्रम लाइसेन्सका लागि जनशक्ति कार्यालय धाए,
आफ्नो सर्वस्व त्यसैमा लगाए,
प्रतिफलमा शुन्य पाए
कतिले ज्यानै गूमाए
इराकमा पासविक हत्याबाट बलि चढे ।"

**'तन्द्राको रात' पृ.४९ ।**

एउटै आमाका सन्तान भए पनि एकले अर्काको हत्या गरिरहेका छन् । यस्ता सन्तानका लासहरूको दृश्यले भाव विह्वल भएका आमाहरू आफ्ना कोखलाई धिक्कार्दै रोइरहेका छन् भन्ने सामाजिक विकृतिको कविले यसरी अभिव्यक्ति दिएका छन् :

"एउटा सन्तानले अर्को सन्तानलाई
मारेको दृश्य देखेर
यसरी आफ्नै कोखबाट
हत्यारा र ज्यानमारा बनेर
भक्रान ढलेका
लासहरूलाई देखेर
आमाहरू झाँक्रो फिजी रोईरहेका छन् ।"

**'आमाको चित्कार' पृ.५९ ।**

बाँचून्जेल सबैतिरबाट अन्याय सहनूपर्ने बाध्यताले जकडिएको जीवनप्रति कविले यसरी आक्रोश व्यक्त गरेका छन् :

"म सर्वत्रबाट थिचिएको छू,
जति राम्रो गर्न खोजे पनि
सबैबाट तिरस्कृत हूँदै छू,
अनि लात र वात सहन सक्ने भएको छू ।"

**'अन्याय' पृ.६५ ।**

देशमा छाएको हत्या, आतङ्क, तस्करी, लोभ र व्यभिचार जस्ता नराम्रा प्रवृत्तिले गर्दा मानिसको जीवनमा मर्ने र बाँच्नेको कूनै टूङ्गो नभएको घटनाको नाङ्गो रूप देखाउँदै सामाजिक बेथिति र विसङ्गतिको चित्रण यसरी गरेका छन् :

"गरीबी र आतंकको मारमा परी
अनिष्ठा छायो सबैको मन भरी
बाँच्ने र मर्ने दोसाँधमा छट्पटी

केवल गर्न लागे अस्तित्व खोजी ।"

**'प्रतिक्षा' पृ.८५ ।**

### ४.४.३.१० आमाप्रति गर्व

कविले आफुलाई जन्मदिने आमालाई सम्झँदै **आमाप्रति** कवितामार्फत श्रद्धा-सूमन अर्पण गरेका छन् । कवि यस धर्तीमा पहिलो पाइलो टेक्न लगाउने आमाप्रति गर्व गर्दछन् । आमाले अबोध बालकलाई स्नेह र ममताले हूर्काइन । सन्तानको सानो पीडा पनि आमालाई असह्य हूने मातृत्वपनप्रति गर्व गर्दै प्रेमकी प्रतिमुर्ति ममतामयी जननीप्रतिको सम्झनालाई कविले यसरी व्यक्त गरेका छन् :

"म जन्मलिँदा एक अबोध बालक थिएँ
तिम्रै स्नेह र लालनपालनले हूर्के र ठुलो भएँ
तोते बोली बोल्न खोज्दा क्षमता कूनै थिएन
ओल्टे कोल्टे सर्ने र झर्ने शक्ति ममा भएन ॥"

**'आमाप्रति' पृ.६१ ।**

सन्तानप्रति चोखो माया गर्ने यस्ती देवीको प्रतिमुर्ति आमाको याद झन गहिरो हूँदै गएको र आमाले आफुलाई लगाएको गूनको भारलाई आमा सम्झी श्रद्धासूमनबाट तिर्दछू भन्ने भावानात्मक विचार यसरी प्रकट गरेका छन् :

"सम्झी झट्ट सबतिर तिमी याद आयो मलाई
बिर्सुभन्दा अझ गहन भै माया तिम्रो पलाई ।
आमा तिम्रो जीवनभरमा ऋणको भारलाई
सम्झी श्रद्धा सूमन तिमीमा तिर्दछू गून गाई ॥"

**'आमाप्रति' पृ.६२ ।**

### ४.४.३.११ ईश्वरप्रति दृष्टिकोण

कवि आस्तिक प्रवृत्तिका व्यक्ति भएकाले बेलाबखतमा मन्दिरहरूको भ्रमण पनि गर्ने गरेको पाइन्छ । सामाजिक संस्कारलाई बचाइराख्न विभिन्न तीर्थस्थल जानूपर्ने परम्परालाई थाती राख्दै उनले भारतको विभिन्न तीर्थस्थल गएको सम्झना स्वरूप **मेरो तीर्थयात्रा** कविता रचेका छन् । धार्मिक स्थलहरूमा श्रद्धालूहरूलाई दू:ख दिने प्रवृत्ति देखेर निराश हूँदै कविले धार्मिक स्थल, ईश्वरप्रति जिज्ञासा, रहस्य र केही प्रश्नहरूको पेटारोलाई यसरी उदाङ्गो पारेका छन् :

"पाण्डाले जति भने पनि तिर्नै पर्ने नियति

भन्दथे जसले दिन्छ धेरै दक्षिणा उसले तार्छ आफ्ना पितृ
यसै गरीकरले विनय गरीगरी घटायौं केही भेटी
सक्यौं श्राद्ध परदेशको पाण्डाजीको आशीर्वाद लिई
अन्तिम यात्रा थियो बोधगयाको लाग्यौं त्यसैतर्फ
बस्यौं राती रमणीय स्थल बूद्धको ज्ञान ज्योति,
अहो रात्रै बस्यौं सकल जना आनन्दले रमायौ,
झूकायौं माया राखी बूद्ध गयाको कल्प वृक्षमा ।"

**'मेरो तीर्थ यात्रा' पृ.८१ ।**

गौतमका कविता नैतिकताका पाठ सिकाउने खालका पनि छन् । मानिसलाई कर्मशील हून प्रेरित गर्दै रिस, राग त्याग्नूपर्ने शिक्षा र सन्देश पनि उनका कवितामा पाइन्छ । सबैको भलो गर्दा आफ्नो पनि भलो हूने सत्यबोधका कूराहरू कवितामा यसरी पोखिएका छन् :

"अब पसिना बगाएर खान नजाने
अस्तित्वविहिन भएर समाप्त हूनेछन्,
त्यसैले अब जान, समयको पहिचान गर,
समय खेर फालेर अल्छी नगर,
सबैले ठान आफ्नो मात्र भलोगर्ने हार्छन्,
अनि जान, सबैको भलो भित्र नै आफ्नो भलो हून्छ ।"

**'अल्छी' पृ.३१ ।**

## ४.४.४ लयविधान

गौतमका अन्य कवितासङ्ग्रहमा जस्तै यस कवितासङ्ग्रहका कविताहरू पनि मूक्तलयमा नै रचना गरिएका छन् । गद्यलयमा कविता रचना गरे तापनि कूनै-कूनै कवितामा पद्यलयको आभास पाइन्छ । श्रूतिमधूर, कोमल र सरल अनूकरणात्मक शब्द चयन र साङ्गीतिक चेतले कविताहरू श्रूतिरम्य बनेका छन् । उनका कविताहरूमा अनूप्रास, द्वित्व र वर्णगत समानान्तरता जस्ता विधिको प्रयोगले सून्दर र स्पष्ट लयको सिर्जना भएको पाइन्छ ।

### ४.४.४.१ अनूप्रास

गौतमका यस सङ्ग्रहभित्रका कविताहरूलाई विभिन्न अनूप्रासको संयोजनले श्रूतिरम्यता बनाएको छ । यस सङ्ग्रहमा आद्यानूप्रास, मध्यानूप्रास, अन्त्यानूप्रास र आन्तरिक अनूप्रासको प्रयोगले कवितालाई लययूक्त बनाएको छ, जस्तै :

**आद्यानूप्रास :**

"माया प्रीति लाएपछि धोका पाएँ साथी
छायाँ तिम्रो लाग्दाखेरि गल्ती गरेँ साथी"

**'माया'** पृ.७२ ।

"बनाऊ देशलाई सबै मिली झिलिमिली
हटाऊ देशका सारा जति बसेका छन् ती कुरीति"

**'विद्यार्थी'** पृ. १४ ।

**मध्यानूप्रास :**

"झलमल दलको देश हाम्रो उज्यालो
हरपल जन बलको शान्ति हाम्रो छ प्यारो"

**'नेपालको माया'** पृ. १७ ।

**अन्त्यानूप्रास :**

"तीखा, सूरिला गीतको छ गान ।
अगम्य हाम्रो छ नेपाल जान ॥"

**'सूरम्य नेपाल'** पृ.२ ।

"उराठ लाग्दो त्यो लेक बेसी भावना बारीमा
कथेर बसें भावना लहर कल्पना पारीमा"

**'कल्पनापारिमा'** पृ.७९ ।

**आन्तरिक अनूप्रास :**

"मनको पाटो दिलको साटो कसरी फेरौँ म ?
झन् गाह्रो हुन्छ, दिल यो रुन्छ, मन नै भरङ्ग ।"

**'वसन्त बैंसमा'** पृ.५ ।

"अठोट हाम्रो संकल्प राम्रो शान्ति यो क्षेत्रको"

**'शान राखौं'** पृ.९ ।

"भावना वारी कल्पना पारी रोपेको फूलवारी
हृदय भरी सम्झना गरी आइरहने धरधरी ।"

**'कल्पनापारिमा'** पृ.७९ ।

माथिका उदाहरणहरूमा रेखाङ्कित गरिएका **माया-छायाँ**, **बनाऊ-हटाऊ**, **दलको-**

**बलको, गान-जान, बारीमा-पारीमा, पाटो-साटो, हून्छ-रुन्छ, हाम्रो-राम्रो, वारी-पारी, भरी-गरी** जस्ता अनूप्रासयूक्त शब्दको प्रयोगले कवितामा लयको सिर्जना भएको छ ।

### ४.४.४.२ द्वित्व

शब्दको पूनरावृत्तिले पनि गौतमका कवितामा लयको सिर्जना भएको पाइन्छ, जस्तै:

"नयाँ नयाँ पालूवा राखी फूल्दछन् सिर्जनाहरू
नवीन चेतना उम्री फक्रिरहने प्रतिभाहरू ।"

**'विद्यार्थी'** पृ.१४ ।

"हटाऊ देशका सारा जति बसेका छन् ती कूरीति
अनि रोप नयाँ पालूवा फक्रन्छन् कति कति ।"

**'विद्यार्थी'** पृ.१४ ।

"यिनका कार्यकर्ता धाकिति धाकिति
गीत गाउँदछन्"

**'नाट्यशाला'** पृ.४० ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **नयाँ-नयाँ, कति-कति, धाकिति-धाकिति** जस्ता शब्दहरूको पूनरावृत्ति भएर कविता लययूक्त बनेका छन् ।

### ४.४.४.३ समानान्तरता

यस कवितासङ्ग्रहभित्रका कविताका पङ्क्तिहरूमा वर्ण, पद र वाक्यगत रूपमा आएको समानान्तरताले पनि लयको सिर्जना भएको छ, जस्तै :

**वर्णगत समानान्तरता** :

"कति रमाइला हरियाली रुखहरू सजिन नपाउँदै
धूवाँ बम, बन्दूक र बारुदको दूर्गन्धले
आखिर नयाँ पालूवा फेर्न नसकी
जति वसन्त आए पनि वहार बन्न सकेन ।"

**'उजाड वसन्त'** पृ.१ ।

"तिनमा भित्रभित्रै जवानीले उन्माद भरिदिएको छ
यौवनका मनहरू कूतकूतिएर सौन्दर्य बिम्ब छरेका छन् ।"

**'शरद ऋतू'** पृ.३ ।

माथि रेखाङ्कित गरिएका र, न, ब, व, स, भ, त्र, क, त जस्ता वर्णहरूको

आवृत्तिले कवितामा लयको सिर्जना भएको छ ।

**पदगत समानान्तरता :**

"म तिम्रो घरमा बराबर आउँछु,
मलाई तिम्रो घर-परिवार आफ्नै जस्तो लाग्छ,
हून त तिम्रो घर मेरो भन्दा ठुलो छ
म भन्दा तिमी अमीर छौ"

**'हातपसार्न आउँदिन'** पृ.४२ ।

**वाक्यगत समानान्तरता :**

"खोइ त्यो दिन !
खोइ त्यो रात !"

**'शिर उठाउन गाह्रो भो'** पृ.२२ ।

माथि प्रस्तूत गरिएका वर्ण, पद र वाक्यगत समानान्तरताले कवितालाई लयात्मक बन्न सहयोग पुऱ्याएको पाइन्छ ।

### ४.४.५ भाषाशैली

यस सङ्ग्रहभित्रका सम्पुर्ण कविताहरूको प्रयूक्त भाषाशैली सरल, सरस र सूबोध्य छन् । कवि गौतमका कविताहरूको भाव जटिलताले ग्रसित छैन साथै बौद्धिकताले थिचिएको पनि पाईंदैन । सामान्य जनस्तरमा प्रयूक्त भाषालाई नै गौतमले आफ्ना कविताका अभिव्यक्तिको माध्यम बनाएका छन् । सामान्यतया कविताहरूमा पाइने शब्द चयन कलात्मक र उपयूक्त देखिन्छ । पद र वाक्य रचना सरल छन् । **उजाड वसन्त** कवितासङ्ग्रहमा कविले आलङ्कारिक साथै सरल वर्णनपरक गद्यात्मक भाषा प्रयोग गरेका छन् । कवितामा आवश्यकताअनूसार पुर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्‌गार चिन्ह आदिको प्रयोग गरिएको छ । कविले तत्सम, तद्‌भव र आगन्तूक नेपाली शब्दको समूचित प्रयोग गर्दै भाव पक्षलाई सबल पारेका छन् । जसलाई निम्नानूसार देखाउन सकिन्छ :

**तत्सम शब्दको प्रयोग :**

"समून्नत नेपालको भविष्य आजका बालिका नै हून्"

**'शान्तिका रेखाकोर'** पृ.७ ।

"शरद ऋतूको आकाशले
निर्मल झर्नाको पानीझैँ"

**'गूलाफको फुल' पृ.११ ।**

"शिशिर ऋतूका उजाड रूखहरू झैँ
निस्तेज भएका इतिहासका पानाहरू
निर्लज्ज भएर टाँसिएका छन्"

**'इतिहास गर्भमा छ' पृ.७५ ।**

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **भविष्य**, **बालिका शरद**, **ऋतू**, **आकाश**, **निर्मल**, **उजाड**, **निस्तेज**, **इतिहास**, **निर्लज्ज** आदि तत्सम शब्दको प्रयोग गौतमको यस कवितासङ्ग्रहमा भएको छ ।

**तद्भव शब्दको प्रयोग :**

"त्यहाँका कञ्चन र शूद्ध नदीनालामा
रातो रगत मिसिन थाले छ"

**'शिर उठाउन गाह्रो भो' पृ.२३ ।**

"घरको छाना चूहिएको छ,
आमाको चौबन्दी चोली र धोती फाटेको छ,"

**'तन्द्राको रात' पृ.५१ ।**

"मेरा बाबूले घिउ र भात खान्थे
मेरो हात सूग, सूगको संस्कृतिले
कत्ति पिरोलिएको छ हाम्रो समाज"

**'अल्छी' पृ.३१ ।**

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **रातो**, **रगत**, **घर**, **आमा**, **बाबू**, **घिउ**, **भात** जस्ता तद्भव शब्दहरूको प्रयोग यस सङ्ग्रहमा भएको छ ।

**आगन्तूक शब्दको प्रयोग :**

"प्रत्येक किसानको ढोका दैलोमा दशैँ चिहाएको छ ।"

**'शरद ऋतू' पृ.३ ।**

"अति सौम्य र शान्त
गूलाफको फुल ।"

**'गूलाफको फुल' पृ.१० ।**

"सधैं मेरो स्कुलको परिपरि
नारा जूलूसको भीड छ,"

**'मेरो स्कुल'** पृ.१३ ।

"आज नेपालीलाई नमेटिने शान्तिको प्यास लागेको छ ।"

**'निरर्थक'** पृ.३२ ।

"लासहरूलाई देखेर
आमाहरू झाँक्रो फिजी रोइरहेका छन् ।"

**'आमाको चित्कार'** पृ.५९ ।

"एक छाक खानका लागि बेचिएका वीर बहादूरहरू,"

**'तन्द्राको रात'** पृ.४९ ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएका **ढोका** शब्द नेवारी भाषाबाट, **गूलाफ** फारसी भाषाबाट, **स्कुल** शब्द अङ्ग्रेजी भाषाबाट, **जूलस** शब्द अरबी भाषाबाट, **प्यास** शब्द हिन्दी भाषाबाट, **लास र बहादूर** शब्द तूर्की भाषाबाट आएका शब्द हून् जसको प्रयोग यस कवितासङ्ग्रहका कवितामा भएको छ ।

**अनूकरणात्मक शब्दको प्रयोग** :

"यो घडीको टिकटिके आवाजको चाल मात्र होइन,
यो बडो भाग्यमानी र शक्तिशाली पनि छ,"

**'शान्तिको रेखाकोर'** पृ.७ ।

"चमकचमक उचालिएर
एक्लैएक्लै मूस्काइरहेको"

**'गूलाफको फुल'** पृ.१० ।

"फेर पूराना पद्धति, ल्याऊ नयाँ सूमति
बनाऊ देशलाई सबै मिली झिलिमिली"

**'विद्यार्थी'** पृ.१४ ।

"भूलक्कड झैं दिन्छन् खाली स्वार्थकै लहडमा
अनि भन त यहाँ लौं देश बन्ने कसको पहलमा ?"

**'नेपालको माया'** पृ.१६ ।

यस सङ्ग्रहमा प्रयोग भएको भाषालाई कविले विभिन्न शैलीका माध्यमबाट प्रस्तूत

गरेका छन् । गौतमका कविताहरूमा सम्बोधात्मक, प्रथम पूरुषात्मक, द्वितीय पूरुषात्मक, तृतीय पूरुषात्मक भाषाशैली पनि पाइन्छ । यी सम्पुर्ण कविताहरू स्वच्छन्दतावादी भावधारामा प्रस्तूत गरिएको पाइन्छ । कवि गौतमको अभिव्यक्ति सरल, सूस्पष्ट, स्वभाविक हूनका साथै सरल संरचनाभित्र कथ्य र भावको समायोजन गरिएको पाइन्छ । यसरी गौतमले विभिन्न भाषाका शब्दहरूको समूचित प्रयोग गर्दै सम्प्रेषणीय रूपमा वर्णनात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक, सम्वोधात्मक, प्रथम पूरुषात्मक, द्वितीय पूरुषात्मक, तृतीय पूरुषात्मक स्वच्छन्द भाषाशैलीको प्रयोग गरी लयात्मक गद्यकविता रचना गरेका छन् । यिनै भाषाशैलीगत विशेषताहरू उनका कवितामा पाइन्छन् ।

### ४.४.६ रसविधान

यस सङ्ग्रहभित्रका कवितामा विभिन्न प्रकारका रसहरूको प्रयोग भएको पाइन्छ, जस्तै :

**श्रृङ्गार रस :**

"उकाली र ओराली सँगैचढी ओर्लियौं
चिसो हावा खाएर माया प्रीति लगायौं ।"

**'बाडूल्की' पृ.८० ।**

**वीर रस :**

"कसैको पराधीन नखेपेको नेपालीले
अरूको दासत्व स्वीकार्न सक्दैन"

**'तन्द्राको रात' पृ.५० ।**

**करुण रस :**

"भक्रान ढलेका
लासहरूलाई देखेर
आमाहरू भ्याँक्रोफिजी रोईरहेका छन् ।"

**'आमाको चित्कार' पृ.५९ ।**

**बीभत्स रस :**

"त्यहाँका कञ्चन र शूद्ध नदीनालामा
रातो रगत मिसिन थालेछ
आफ्नैले आफ्नैलाई मारेर

आफ्नो घर चिहान बनाउन थालेछन् ।"

**'शिर उठाउन गाह्रो भो'** पृ.२३ ।

**शान्त रस :**

"जन्मन्छन्, सिर्जनाका फुलहरू आफ्ना भाग्यका साथमा
बाल्दछन् शान्तिको दियो, उज्यालो चिन्हको हातमा"

**'सभा'** पृ.७१ ।

### ४.४.७ अलङ्कार

यस सङ्ग्रहभित्रका कवितामा शब्दलङ्कारका विभिन्न प्रकारको प्रयोग पनि भएको पाइन्छ, जस्तै :

"बैभवशाली बनेको नेपाल, यो विश्व माझमा ।
यो रम्य भुमि सूरम्य बन्यो जूनेली साँझमा ॥"

**'शान राखौ'** पृ.८ ।

"हिमाल बेंसीकन भै छ राम्रो ।
मिलेर बस्ने गूण, शील हाम्रो ॥"

**'सूरम्य नेपाल'** पृ.२ ।

माथिका उदाहरणमा प्रस्तूत गरिएका कविताशंमा **माझमा-साँझमा**, **राम्रो-हाम्रो** जस्ता अनूप्रासयूक्त शब्दको प्रयोग गरेर अन्त्यानूप्रास अलङ्कारको प्रयोग भएको छ ।

"सृष्टि र सिर्जनमा नैरत्तर्यता पाएर पनि
वसन्तको उमङ्ग छरिन नपाउँदै"

**'उजाड वसन्त'** पृ.१ ।

"वन उपवनमा उमङ्गले छाइदिएका छन्,
कति रमाइलो प्रकृतिको सौन्दर्य"

**'शरद ऋतू'** पृ. ३ ।

माथिको कवितांशमा **सृष्टि** र **सिर्जनमा** शब्दमा **स** वर्णको, **वन** र **उपवन** शब्दमा **व** वर्णको एउटै क्रममा एकपटक मात्र आवृत्ति भएर  छेकानूप्रास अलङ्कारको प्रयोग भएको छ ।

"अब कलिला बालबालिकाको क्षेत्रमा कूनै स्वार्थ नपसोस्
तिनलाई घात र प्रतिघातका समाचार नपढाऊ"

**'शान्तिका रेखाकोर' पृ.७ ।**

"जीवन पनि रहेछ सबैको रामकहानी
कसैको सफलताको त कसैको असफलताको
यसैबाट बन्दोरहेछ आफ्नो घर समेत पराइ ।"

**'नसोध कसैलाई' पृ.४७ ।**

"यसैले गर्दा धेरै युवायूवती परदेशिएका छन्
देश दिनप्रतिदिन उजाड बन्दै गएको छ"

**'तन्द्राको रात' पृ.५१ ।**

माथिका कबितांशमा **ब**, **ल**, **क**, **न**, **र**, **स**, **य**, **द** वर्णको अनेक पटक आवृत्ति भएर वृत्यनूप्रास अलङ्कारको प्रयोग भएको छ ।

### ४.४.८ बिम्ब तथा प्रतीक

कवि गौतमले यस कविता सङ्ग्रहभित्रका कवितामा **श्रव्य**, **दृश्य**, **ताप**, **गति**, **स्पर्श**, **गन्ध** सम्बन्धी विभिन्न बिम्बहरूको प्रयोग गरेका छन् । तल केही उदाहरण प्रस्तूत गरिएको छ :

**श्रव्यसम्बन्धी** :

"सिर्जनका धूनहरू गून्जिएका छन्,
रंगीन फुलहरू फूलेर"

**'शरद ऋतू' पृ.३ ।**

**दृश्यसम्बन्धी** :

"अन्धकार मेटाई सर्वत्र उज्यालो गराउन
पुर्वबाट झूल्कियो घाम रमाए सब विद्यार्थीजन"

**'विद्यार्थी' पृ.१४ ।**

**तापसम्बन्धी** :

"प्रदीप्त एक दीपझैं सदासदा बलिरहोस्
अनन्त दीपदेशको निरन्तरै रहिरहोस् ।"

**'पद्मोदय गान' पृ.८३ ।**

गतिसम्बन्धी :

"दलगत स्वार्थको पछि दौडेका जत्थाहरूले
बनाएको इतिहास छ हाम्रो"

**'इतिहास गर्भमा छ' पृ.७४ ।**

गन्धसम्बन्धी :

"पड्किएको बम बारूद र धूवाँका दूर्गन्धले
वसन्तको सूवासलाई नै उजाड तूल्याइदिएको छ,"

**'उजाड वसन्त' पृ.१ ।**

स्पर्शसम्बन्धी :

"सल्लाघारी सूसाएर चिसो हावा चल्यो
मायालूको पछेउरीले वरवर तान्यो ।"

**'बाडूल्की' पृ.८० ।**

माथि प्रस्तूत गरिएका विभिन्न खालका बिम्बहरूको प्रयोग भए जस्तै विभिन्न खालका प्रतीकहरूको प्रयोग पनि यस सङ्ग्रहमा भएको पाइन्छ । प्रतीकविधान पनि कविताको अर्को सशक्त पक्ष हो । सफल कविले प्रतीकविधान तर्फ विशेष ध्यान दिएको हून्छ । कवि गौतमले सामाजिक यथार्थ, राजनैतिक प्रसङ्ग, सामाजिक विकृति तथा कूप्रवृत्ति जस्ता पक्षको उद्घाटन गर्न सहज रूपले आफ्ना कवितामा प्रतीकविधान चयन गरेका छन् । यस सङ्ग्रहका कविताबाट टिपिएका केही प्रतीकहरूलाई यहाँ उल्लेख गरिएको छ ।

"वसन्त ऋतूको यामसँगै मितेरी गाँसेर आएका
प्रकृतिका पारखीहरूलाई ओभेलमा पारिदिएको छ ।"

**'उजाड वसन्त' पृ.१ ।**

माथिको कवितांशमा रेखाङ्कित गरिएको **प्रकृतिका पारखीहरू** शब्द विभिन्न प्राकृतिक दृश्य मन पराउने पर्यटकहरूको प्रतीकको रूपमा आएको छ ।

"सप्रन्न कैले क्रुरको बस्ती शान्तिलाई छलेर
बन्दैन मूलूक हिंसा र हत्या नबसे त्यागेर ॥"

**'शान राखौ' पृ.९ ।**

माथिको कवितांशमा रेखाङ्कित गरिएको **क्रुरको बस्ती** शब्दले खराब नियत भएका मान्छेहरूको समुहको प्रतीकको रूपमा आएको छ ।

"पढाए शान्तिको सन्देश, मेटाए अन्धकार
उदायो पुर्वमा सुर्य सर्वत्र लालीको भर"

**'विद्यार्थी' पृ.१५ ।**

माथिको कवितांशमा रेखाङ्कित गरिएको **अन्धकार** शब्द देशमा फैलिएको अशान्तिको प्रतीकको रूपमा आएको छ भने **सुर्य** शब्द परिवर्तित समयको प्रतीकको रूपमा आएको छ ।

"धनपति र दलपतिको साम्राज्य हाम्रो
अनि बनिरहेछन् ती रक्तका पिपासू"

**'नेपालको माया' पृ.१६ ।**

माथिको कवितांशमा रेखाङ्कित गरिएको **धनपति** शब्द नेपालका पैसावाल व्यक्ति र व्यापारीको प्रतीकको रूपमा प्रयोग भएको छ भने **दलपति** शब्द बेकम्मा नेताहरूको प्रतीकको रूपमा आएको छ । **रक्तका पिपासू** शब्द गरीब जनतामाथि शोषण गर्ने प्रवृत्ति भएको व्यक्तिहरूको रूपमा प्रयोग भएको छ ।

"अहिलेसम्म झाँगिएको स्वर्गको ऐंजेरु
तहस नहस पार्दै,
शान्तिको दुत बनेर
नयाँ गौतम बूद्ध भएर आऊ"

**'शान्तिको दुत भएर आऊ' पृ.२१ ।**

माथिको कवितांशमा रेखाङ्कित गरिएको **स्वर्गको ऐंजेरु** शब्द देशलाई अवनतितिर धकेल्न लागिपरेका खराब नियत भएका व्यक्तिको प्रतीकको रूपमा प्रयोग भएको छ भने **शान्तिको दुत** शब्दले जनतामाझ शान्तिको सन्देश पूऱ्याइ देशलाई शान्ति क्षेत्र बनाउन सक्ने व्यक्तिको प्रतीकको रूपमा प्रयोग भएको छ ।

"संस्कृति बिथल्ने कामचोरहरू
कूरामात्र गरेर खान पल्केका छन्"

**'अल्छी' पृ.३१ ।**

माथिको कवितांशमा रेखाङ्कित गरिएको **कामचोर** शब्द कूराकोमात्र भरमा बाँच्ने अल्छी प्रवृत्ति भएका मानिसको प्रतीकको रूपमा आएको छ ।

### ४.४.९ निष्कर्ष

**उजाड वसन्त** कवि गौतमको तेस्रो प्रकाशित साहित्यिक पूस्तकाकार कृति हो ।

यस सङ्ग्रहमा त्रिपन्नवटा कविताहरू रहेका छन् । आफुले दैनिक जीवन व्यतीतको क्रममा डूली, देखी, भोगी बटूलेका अनूभवहरूलाई मुल विषय बनाइ स्वच्छन्दतावादी ढङ्गमा उनले प्रस्तूत गरेका छन् । आफ्ना कविताका प्रतिपाद्य विषयका रूपमा राष्ट्रियता, देशप्रेम, यूगबोध र यूगीन यथार्थको प्रस्तूति, नारी महिमा, सामाजिक विसङ्ति, विश्वबन्धूत्वको भावना, व्यक्ति, समाज र सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक चित्रण गरी कविता लेख्ने कवि हून् । उनका कविताहरू श्रमजीवीवर्गको पक्षमा बोलिरहेका छन् । गद्यकविताहरू भए तापनि अनूप्रास, रस, अलङ्कारहरूको स्वभाविक प्रयोगले सूमधूर, लयात्मक र गेयात्मक बनेका छन् । नवीन र पूरातन बिम्ब-प्रतीकहरूको सम्मिश्रणबाट कविताका हरफहरू बहेका छन् । जसले गर्दा कविताको भावपक्ष प्रबल बनेको छ । स्वच्छन्दतावादी भावधाराभित्र मानवता, यथार्थ, व्यङ्ग्य, स्वतन्त्रता, समानता र एकता जस्ता विषय समेटी कविता रचना गर्दा वर्णविन्यासमा केही कसरमसर देखिए पनि भाषाशैलीको विविधतामय प्रयोगले विषय वस्तू, भाव र शिल्पबीच सङ्गति नै कायम गरेको छ । स्वच्छन्दतावादी भावधारालाई मानवतावादी र सामाजिक न्यायका चेतनामा पूऱ्याइ सामाजिक विकृति-विसङ्गतिप्रति विमति देखाउँदै शान्तिपुर्ण सहअस्तित्व र सामाजिक सांस्कृतिक सूधारको अपेक्षाको भाव पोखिएका कविताहरूको सङ्ग्रह **उजाड वसन्त** कवि गौतमको उल्लेखनीय कवितात्मक उपलब्धि ठहरिन्छ ।

## ४.५ 'देशको दूर्दशा' फूटकर कविताको अध्ययन

रमेशप्रशाद गौतमको *देशको दूर्दशा* नामक कविता **कौशिकी** प्रत्रिकामा वि.सं. २०६६ साल असोजमा प्रकाशित भएको छ । यस कविताको शीर्षकले आजको समयलाई सङ्केत गरेको छ । विषयवस्तूमा गहिरिएर हेर्दा आजको सामाजिक परिवेशको झलक यस कविताबाट पाउन सकिने हूँदा कविता र शीर्षकबीच सङ्गति मिलेको देखिन्छ । त्यसैले यस कविताको शीर्षक सार्थक रहेको छ ।

एउटा उज्ज्वल भविष्य बोकेको मानिस विभिन्न वेदना र पीडामा रुमलिएको छ । वर्तमान परिवेशमा कूनै पनि व्यक्तिको अस्तित्वको मुल्य छैन । एकतामा आबद्ध हून नसक्दा कैयौं जनताको अस्तित्व र पहिचान गूम्न लागेको छ । कतिले देशका लागि आफ्नो बलिदान दिए तर त्यस त्यागको उपलब्धि हून सकेन । देशका राजनीतिक दल र नेताहरूको स्वार्थीपनले गर्दा देश र जनताको भविष्य लथालिङ्ग र गतिहीन अवस्थामा पूगेको छ । भित्री मन दूखिरहँदा पनि बाहिर देखावटी हाँसो देखाएर भौंतारिरहनूपर्ने बाध्यता छ । आफ्नो देशको वर्तमान परिस्थितिको अवस्थाबाट कवि अति विचलित हूँदै राष्ट्रिय समस्याबारे यसरी आक्रोश व्यक्त गरेका छन् :

"रुन्चे हाँसो बोकेर
ठिङ्ग उभिएको मान्छे
आफ्नै पीडाले लर्खराएका खूट्टाहरू
टेकेको माटो र हेरेको आकाश नियाल्दै
पाइला सार्दै अजङ्गको मान्छे
अस्तित्व र पहिचानको खोजीमा
उकालीओराली र मैदानमा
भित्रभित्रै नियाली हेर्दै
नेपालभित्र बज्रिएको राष्ट्रिय समस्यामा
सुर्य-चन्द्र अङ्कित भण्डा बोकेर
एकतामा आबद्ध हून नसक्दा
करोडौं नेपालीको मूटूको चस्का बनेर
छटपटाइरहेको नेपालीको मनमा
चम्किलो भोलिको सपना हेरेर
बत्तीको ओभ्केलमा पर्न लागेको छ ।"

**'देशको दूर्दशा'** *कौशिकी,* पृ.२६१ ।

हाम्रो देशमा क्रान्ति गरीबको नाउँमा गरिन्छ । शान्ति सम्भौता पनि गरीबकै नाउँमा गरिन्छ । विदेशीसँग लिइने कैयौं सहयोग पनि गरीबीकै कारण हून्छ, तर ती गरीबहरूले कहिल्यै नाङ्गो शरीर र भोको पेट भर्न पाएनन् । उनीहरूको नाउँबाट ठुलाबडाले नै देश हाँक्न थाले । सीमित व्यक्ति मोटाए तर देश र गरीब जनता जहिले पनि गरीबीको मारमा नै परेका छन् । यस कवितामा नाङ्गो देश, सामाजिक विषमता र गरीबीको कहानी तथा गरीब व्यक्तिको शारीरिक अवस्थालाई समेत प्रस्तूत गरिएको छ ।

"अहिले पनि गरिबीलाई नै
दूहूनो गाई बनाउँदै आइरहेका छन्
यसरी इतिहासका दौडमा
धेरै शासन बदलिए
तर व्यवहारमा खै परिवर्तन आएन
गरीबले नारा र भण्डा मात्र पाए
नाङ्गो शरीर र भोको पेट भर्न पाएनन्"

**'देशको दूर्दशा'** *कौशिकी,* पृ.२६१ ।

देश र समाजका यस्ता वर्तमान यथार्थ परिवेशलाई विषयवस्तू बनाएर त्यसमा परिवर्तनको तीव्र आकाङ्क्षा प्रस्तूत गरिएको यस कवितामा सरल-सरस तत्सम, तद्भव र आगन्तूक शब्दयूक्त मिठासपुर्ण भाषाशैलीको प्रयोग गरिएको छ । पाँच अनूच्छेद र अठ्चालीस पङ्क्ति रहेको यस कविता मूक्त लयमा रचना गरिएको छ । विभिन्न सामाजिक बिम्ब तथा प्रतीकको आयोजना गरिएको प्रस्तूत कविता निकै सशक्त, प्रभावकारी र समसामयिक परिस्थितिसँग गाँसिएको देखिन्छ ।

# परिच्छेद - पाँच

# उपसंहार

कवि रमेशप्रसाद गौतमको जन्म वि.सं. २००६ साल फागुन ११ गते काठमाडौं जिल्लाको स्यूचाटार गा.वि.स. वडा नं. ८ मा भएको हो । बाबू गोविन्दप्रसाद गौतम र आमा महकूमारी गौतमका छ सन्तानमध्ये उनी साहिँला सूपूत्र हून् । उनका बाल्यकालका स्वर्णिम दिनहरू सून्दर हरियाली गाउँको वातावरणमा नै बिते ।

कृषि पेसा भएका मध्यमवर्गीय परिवारमा जन्मेका गौतमले प्रारम्भिक शिक्षा आफ्नै गाउँबाट हासिल गरे । उनले प्रवेशिका परीक्षा भने जनप्रभात माध्यामिक विद्यालयबाट वि.सं. २०२० सालमा उत्तीर्ण गरे । उनले उच्च शिक्षा चाहिँ प्राइभेट विद्यार्थीको रूपमा वि.सं. २०३३ सालमा उत्तीर्ण गरे । यसरी अध्ययनमा अत्यन्त चाख लिने र तीक्ष्ण बूद्धि भएका गौतममले विभिन्न बाधाहरूलाई पार लगाउँदै आफ्नो सम्पुर्ण औपचारिक शिक्षा पुरा गरेका थिए ।

जीवनयापनको क्रममा उनले अध्ययनसँगसँगै जागिर पनि गर्न थाले । यसै क्रममा वि.सं. २०२१ सालमा जनप्रभात माध्यामिक विद्यालयमा प्रौढ शिक्षा पढाउन सूरु गरे । वि.सं. २०३० सालमा सरकारी जागिरमा प्रवेश गरेका गौतमले वि.सं. २०३५ सालमा आएर जिल्ला शिक्षा अधिकारीको पदमा नियूक्ति पाए । वि.सं. २०४८ सालसम्म विभिन्न ठाउँको जि.शि.अ. भएका गौतम हाल पद्मोदय मा.वि.मा प्रधानाध्यापक पदमा कार्यरत रहेका छन् । उनको पारिवारिक जीवन वि.सं. २०२८ सालमा सविता ढकालसँग विवाह भएपछि सूरु भएको हो । उनीहरूका तीन छोरीहरू रहेका छन् ।

रमेशप्रसाद गौतम साहित्यिक चेत भएका व्यक्ति हून । विद्यालय जीवनदेखि नै साहित्य सिर्जनामा लागेका गौतम वि.सं. २०२५ सालमा **परिवर्तन** कविता छापिएपछि औपचारिक रूपमा नै कविता लेखन र प्रकाशनमा सार्वजनिक भए । शैक्षिक क्षेत्रको विभिन्न गतिविधिमा लागेका गौतम शैक्षिक चेत भएका व्यक्तित्व पनि हून् । शिक्षासेवी गौतमका विभिन्न पत्रपत्रिकाहरूमा शैक्षिक लेखहरू प्रकाशित भएका छन् भने शैक्षिक लेखहरूको सँगालोको रूपमा कृतिहरू पनि प्रकाशित छन् । साहित्यका विभिन्न विधामा कलम चलाए पनि उनको रुचि भने कविता लेखनमै देखिन्छ । चार दशकको साहित्यिक यात्रामा उनका तीनवटा काव्य कृतिहरू प्रकाशित छन् । **भावनाको बगरमा** कविता-सङ्ग्रह (२०५०), **वसन्तका बोटहरू** कविता-सङ्ग्रह (२०५४), **उजाड वसन्त** कविता-सङ्ग्रह (२०६२), उनका प्रकाशित काव्यकृति हून् । यसका अतिरिक्त उनका बेलाबेलामा फूटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । साहित्य सिर्जना र कविता लेखनमा

सक्रिय भएका गौतमलाई विभिन्न पूरस्कार र सम्मानबाट सम्मानित गरिएको छ ।

कवि गौतमका हालसम्म प्रकाशित भएका कृतिहरूले उनी एक साहित्यिक व्यक्तित्वको रूपमा स्थापित भइसकेका छन् । साहित्यकार गौतमका सम्पुर्ण रचनाहरूको भुधरातल निम्नवर्गीय नेपालीहरूको जनजीवन रहेको देखिन्छ । उनका रचनाहरूमा सामाजिक जनजीवनका कूनै न कूनै मर्म, वेदना र कटू वास्तविकताहरूले स्थान पाएका छन् । उनले आफ्ना कवितामा वर्गीय समाजमा व्याप्त आर्थिक, राजनैतिक र सामाजिक विसङ्गतिको अभिव्यक्ति दिएका छन् । वर्गीय तथा असन्तूलित समाजमा जीवन निर्वाहका निम्ति रातदिन पसिना चूहाएर कडा परिश्रम र सङ्घर्ष गर्ने निम्नवर्गीय श्रमजीवीप्रति सहानूभुति प्रकट गर्दै तिनीहरूको दयनीय जीवनावस्थालाई अनूभुत यथार्थका आधारमा गौतमले आफ्ना रचनाहरूमा प्रस्तूत गरेको देखिन्छ ।

उनी परम्परागत नेपाली समाजमा चलिआएको कूसंस्कार, शोषक तथा सामन्तवर्गहरूद्वारा तल्लावर्गप्रति गरिएको शोषण, दमन र उत्पीडनको प्रतिफल हो भनेर भन्दछन् । त्यसैले उनी त्यस्तो घृणीत तथा नराम्रो संस्कार, कूरीति र शोषणको पुर्ण रूपमा निर्मूल गरेर मात्र समाजमा समानता, स्वतन्त्रता र बन्धूत्वको भावना जागृत गराउन सकिन्छ भन्ने सङ्घर्षशील धारणाहरू अभिव्यक्त गर्दछन् ।

कवि गौतमलाई एक सफल समसामयिक कविका रूपमा पनि स्वीकार गर्न सकिन्छ । उनका कविताले समसामयिक विषयवस्तूलाई उठाएका छन् र देशको तत्कालीन अवस्थाको चित्रण गर्न पनि सफल भएका छन् । त्यस्तै उनका कवितामा राष्ट्रप्रेम र प्रकृतिप्रेमको भावना छताछूल्ल पोखिएको पाइन्छ । व्यक्तिले आफ्ना लागि होइन कि राष्ट्रका लागि केही गर्नूपर्छ भन्ने राष्ट्रिय भावना उनका कवितामा पाइन्छ । उनले कविताका माध्यमबाट संस्कृति र रीतिरिवाजलाई उचित तरिकाले संरक्षण गर्नूपर्ने आवश्यकतामाथि जोड दिएका छन् । अनावश्यक आडम्बरको विरोध गर्दै हाम्रो संस्कृति र परम्परालाई जोगाइ राख्न कवितामार्फत सम्पुर्ण नेपालीलाई उनले आग्रह गरेका छन् । विश्वभरि नै शान्तिको सन्देश छर्ने भगवान् गौतम बूद्धको देशमा अशान्ति फैलिइ राष्ट्र विभिन्न समस्याले घेरिएको र शान्तिको देश भनेर चिनिने नेपालले आफ्नो परिचय गूमाउन लागेको चिन्ता प्रकट गर्दै राष्ट्रको उन्नति र प्रगतिका लागि एकजूट भई अगाडि बढ्न आग्रह गरेका छन् । यसरी कवितामा उनी राष्ट्रभक्त कविका रूपमा प्रस्तूत भएका छन् ।

उनको पहिलो प्रकाशित कवितासङ्ग्रह **भावनाको बगरमा** हो । यसमा चौंतीस वटा कविताहरू सङ्गृहीत छन् । यो वि.सं. २०५० सालमा प्रकाशन भएको थियो । उनले यस सङ्ग्रहमा प्रकृतिप्रेम, राष्ट्रप्रेम, सामाजिक यथार्थ, सामाजिक विसङ्गति, मानवतावादी

चिन्तन, विश्वबन्धूत्वको भावना एवं यूद्ध र त्यसले निम्ताएको निराशालाई विषयवस्तु बनाएका छन् । उनले यस कृतिमा पञ्चायतकाल, प्रजातन्त्रकालका यथार्थलाई कवितामा प्रस्तुत गरेका छन् ।

कवि गौतमको दोस्रो प्रकाशित कवितासङ्ग्रह **वसन्तका बोटहरू** हो । यस सङ्ग्रहमा चौंतीसवटा कविताहरू सङ्गृहीत छन् । यसमा वि.सं. २०५० सालदेखि वि.सं. २०५४ सालसम्म लेखिएका कविताहरू रहेका छन् । यस कृतिमा उनले वि.सं. २०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातन्त्र र त्यसले ल्याएको परिवर्तित समयलाई समेटेका छन् भने प्रकृतिप्रेम, राष्ट्रप्रेम, राजनैतिक चित्रण, मानवीयप्रेम, श्रमिकवर्गको जीवन भोगाइलाई पनि कवितामा प्रस्तुत गरेका छन् ।

उनको अन्तिम प्रकाशित साहित्यिक कृति **उजाड वसन्त** कवितासङ्ग्रह हो । यो कृति वि.सं. २०६२ सालमा प्रकाशित भएको हो । यसमा त्रिपन्नवटा कविताहरू सङ्गृहीत छन् । उनले यस सङ्ग्रहमा विशेष गरी वि.सं. २०५२ सालमा सूरु भएको माओवादी आन्दोलन र त्यसले निम्त्याएको द्वन्द्वको अवस्थालाई चित्रण गरेका छन् । राष्ट्रियता, सामाजिक यथार्थ, विकृत राजनीति, शान्तिको कामना, आशा र निराशालाई समेत कवितामा प्रस्तुत गरेका छन् ।

कवि गौतमले स्वच्छन्दतावादी भावधारामा रहेर कविताहरू रचना गरेका छन् । उनले परम्परित शास्त्रीय शैलीमा कविता लेख्ने प्रयास गरेनन् । उनी गद्य कवि हून् । उनले गद्यशैलीमै स्वच्छन्द ढङ्गले आफ्ना अनूभुतिलाई कवितात्मक रूप दिएका छन् । कविता निर्माणका क्रममा उनले कहिल्यै भाषा, लय र शैलीको अभ्यास एवं प्रयोगको अनूसरण गरेनन् बरु आफ्ना भावना र विचारलाई काव्यसौन्दर्य प्रदान गर्ने अभ्यासिक प्रयासभन्दा सहज ढङ्गको स्वच्छन्द प्रस्तूतिलाई उनी सच्चा कविता मान्दछन् । यसले गर्दा उनका कवितामा भाव र शैलीको परिष्कारधर्मी सन्तूलन भएको छैन । उनले परम्परित शास्त्रीय छन्द, लय र अलङ्कारबिना आफ्ना भावना र विचारको अभिव्यक्ति गरी आधूनिक गद्यकवि बनेका छन् । कवि गौतम कवितालाई परिष्कार परिमार्जन गरी प्रकृति र विचारलाई एकीकृत गरी मानवीकरणमा सजीवता पस्कन्छन् ।

नेपाली साहित्यको कविताको फाँटमा कलम चलाएका कवि रमेशप्रसाद गौतमका काव्यात्मक कृतिहरूको अध्ययन र विश्लेषणबाट उनका काव्यगत प्रवृत्तिलाई यसरी देखाउन सकिन्छ ।

### १) सामाजिक यथार्थता

रमेशप्रसाद गौतमका रचनाहरूमा नेपाली समाजको यथार्थ चित्रण पाइन्छ । उच्च वर्ग र निम्नवर्गको द्वन्द्व उनका कृतिहरूमा पाइन्छ । नेपाली समाजको अभावग्रस्त

जनजीवनलाई गौतमले आफ्ना रचनाहरूमा समावेश गरेका छन् । उपल्लावर्गले निम्नवर्गमाथि गरेको थिचोमिचो देखाउँदै विपन्नताको चापमा पिल्सिएर अभावग्रस्त जीवन बिताउन बाध्य नेपालीहरूको चित्रण उनका कृतिहरूमा पाइन्छन् । सम्पन्नवर्गले अनेकौं जालझेल, षड्यन्त्रमा पारेर निम्नवर्गीय जनताहरूको शोषण र दमन गरिरहेछन् भने अर्को तिर विपन्नवर्ग रातदिन कठोर परिश्रम गर्दा पनि हातमूख जोर्न दिनहूँ पिरोलिरहेछन् । यसरी समकालीन नेपाली समाजका बाध्यता, विवशता र जल्दाबल्दा आर्थिक समस्यालाई केलाएर सर्वसाधारण जनताको मर्म, वेदना र ढूकढूकीहरूको वास्तविक रूपरेखा गौतमले आफ्ना रचनाहरूमा प्रस्तूत गरी नेपाली समाजको नग्न यथार्थलाई स्पष्ट पारेका छन् ।

## २) राष्ट्रियता

रमेशप्रसाद गौतमका रचनाहरूमा राष्ट्रियताको भावना प्रकट भएको पाइन्छ । देश तथा जनताप्रति माया, ममता र सद्भाव प्रकट गर्नू राष्ट्रियता हो । ऐतिहासिक वीर पूरुषहरूको सम्मान गर्नू, देशको प्राकृतिक सम्पदाहरूको समूचित उपयोग गरी देश विकास गर्ने कार्यमा जोड दिनू, नेपालको सून्दर भविष्यप्रति आशावादी बनी जनचेतना जगाउने कार्यमा संलग्न हूनू नै उनमा रहेको राष्ट्रियताको भावनाको उदाहरण प्रस्तूत हूनू हो । नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण संवर्द्धन गर्ने कार्यमा अग्रसर भई विदेशी भाषा, साहित्य र संस्कृतिप्रति खिन्नता प्रकट गरेका छन् । नेपाल र नेपाली आत्मनिर्भर हूनूपर्छ भन्ने उनको आफ्नै मौलिक धारणा रहेको पाइन्छ । विदेशी सामग्रीका बढी मात्रामा आयात गरेमा देश खोको र गरीब हून्छ । त्यसैले आफ्नै देशका सामग्रीहरू उपयोग गरी हामी स्वावलम्बी बन्नूपर्छ भन्ने उनको राष्ट्रिय चिन्तन रहेको देखिन्छ ।

## ३) मानवतावाद

रमेशप्रसाद गौतमका रचनाहरूमा मानवतावादी चिन्तन पाइन्छ । मानिसले मानिसलाई मानवीय दृष्टिले हेर्नूपर्छ भन्ने उनको धारणा रहेको देखिन्छ । नेपाली समाजका निम्नवर्गीय जनजीवनको दू:ख-कष्ट, अभाव र कठिनाइहरूमा सहानूभुति प्रकट गर्दै मानवतावादी धारणा उनका रचनाहरूमा अभिव्यक्त भएका छन् । समाजका अन्यायी, अत्याचारी र शोषकवर्गहरूको निरङ्कूश व्यवहारविरुद्ध सङ्घर्ष गर्दै अघि बढ्न उत्प्रेरित गरिरहेका छन् । उनले मानिसहरूबीच मानवीयताको भावना प्रतिबिम्बित हूनूपर्ने विचार प्रस्तूत गरेका छन् ।

### ४) सरलता

साहित्य सरल र सरस हूनूपर्छ भन्ने गौतमका धारणा रहेको पाइन्छ । त्यही मान्यताअनूरूप उनका रचनाहरू सरल र गेयात्मक पाइन्छन् । साहित्य सर्वसाधारण वर्गले पनि बूझ्न सक्नूपर्छ भन्ने मान्यताअनूरूप उनका रचनाहरूमा क्लिष्टता, दूरुहता र अति बौद्धिकता आउन नदिन सरल, सरस र सूबोध भाषा-शैलीको प्रयोग गरिएको पाइन्छ । नेपाली जनमानसमा चलेका बिम्ब र अलङ्कारहरू प्रयोग गरी गौतमले शब्दाडम्बर र क्लिष्ट बिम्बलाई परै पन्छाएका छन् । सरल भाषिक प्रयोगको कारण उनका रचनाहरू मार्मिक बन्न पूगेका छन् । सलल बगेको भाषाले गर्दा रचनाहरू गेयात्मक र श्रूतिप्रिय बनेका छन् ।

### ५) विविध

गौतमका रचनाहरूमा वर्तमान समाजलाई विकृति र विसङ्गतिहरूले सताइएकाले उनी वर्तमान जीवनको भोगाइबाट असन्तूष्ट बनी भविष्यप्रति आशावादी देखा परेका छन् । नेपाली साहित्याकाशमा उनलाई स्वच्छन्दतावादी आधूनिक कविका रूपमा लिन सकिन्छ । समाजमा विद्यमान कूरीति कूप्रथाप्रति व्यङ्ग्य गर्दै अन्धविश्वास रूढिवादी र कूसंस्कारले निल्न लागेको नेपाली समाजमा जनचेतना जगाइ यसलाई सूधारको बाटोमा लैजाने सूधारवादी सन्देश वाहकका रूपमा गौतमले आफुलाई प्रस्तूत गरेका छन् । देखेका भोगेका कूरालाई सत्य र तथ्यसहित इमान्दारीपुर्वक प्रस्तूत गरी आफ्नो वैचारिक अडानलाई विचलित नगरी यथार्थको चित्रण गरेकाले उनलाई वैचारिक अडानमा प्रतिबद्ध भएका इमान्दार कविका रूपमा लिन सकिन्छ ।

निष्कर्षमा, नेपाल जस्तो अल्पविकसित देशका अधिकांश नागरिकहरू सामाजिक, राजनैतिक र आर्थिक दृष्टिले ज्यादै पछाडि छन् । नेपालको वर्गीय समाजमा प्रचलित अन्याय, अत्याचार, शोषण र दमन भोग्दै दयनीय जीवन बिताउन बाध्य भएका नेपाली जातिको दू:खमय जीवनबाट उद्वेलित भएर साहित्य साधनातर्फ अग्रसर भएका रमेशप्रसाद गौतम सूरुमा आफ्नै भोगाइ र परिवेशका कविता लेख्न थाल्छन् । नेपाली साहित्यको क्षेत्रमा उनको पनि महत्त्वपुर्ण योगदान रहेको पाइन्छ । रमेशप्रसाद गौतमका तीनवटा कवितासङ्ग्रहमा क्रमश: कवित्व प्रतिभाले उत्तरोत्तर सिद्धि प्राप्त गर्दै गएको छ । यी कृतिहरूमध्ये **उजाड वसन्त** कवितासङ्ग्रह सबैभन्दा उत्कृष्ट रहेको छ । उनी महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र माधवप्रसाद घिमिरेको स्वच्छन्दतावादी कविताबाट प्रभावित कवि हून् । उनले अग्रज कविहरूलाई उछिन्न नसके पनि तिनीहरूको परम्परालाई निरन्तरता दिने काम गरेका छन् । काव्यको सम्प्रेष्य वस्तूलाई कल्पनाशील

धरातलमा बिम्बिकरण गर्न एवं सम्प्रेषणीय कथ्यलाई कलात्मक रूपमा प्रस्तूत गर्नमा गौतम कविका रूपमा सफल देखिएका छन् । कविता सर्वसाधारणले पनि बूझ्ने हूनूपर्छ भन्ने गौतमका रचनाहरूले सिङ्गो नेपाली साहित्यको गूणात्मक फाँटलाई हराभरा बनाउन नसके पनि ती कवितामा भएका भाव वा विचारका दृष्टिले ती रचनाहरू स्वच्छन्दतावादी नेपाली कविता फाँटमा मुल्यवान रहेका छन् । उनको जीवनमा उनले गरेका विविध क्षेत्रका योगदानहरूमा कविताको क्षेत्रमा गरेको योगदानले गर्दा उनी नेपाली साहित्यमा एक स्थापित कविका रूपमा परिचित भएका छन् । समसामयिक सामाजिक जनजीवनका घटनाहरू विकृति, विसङ्गतिजस्ता कूराहरूलाई विषयवस्तू बनाएर लेखिएका उनका कविताहरूमा उनले भाव र शिल्प अनि शैलीको सन्तूलित प्रयोग गरेका छन् । विषय छनौट, शैली र शब्द प्रयोगकै ढाँचामा गौतमले देखाएको कूशलताबाट उनका रचनाहरू नेपाली कविता फाँटमा ज्यादै उपलब्धिपुर्ण मानिन्छन् । उनले शैक्षिक गतिविधिको क्षेत्रमा साथै नेपाली साहित्यको फाँटमा महत्त्वपुर्ण योगदान गरेका छन् ।

## सन्दर्भग्रन्थसुची


### (क) पूस्तकहरू

१. खगेन्द्रप्रसाद लूइटेल र अन्य, **नेपाली कविता**, काठमाडौं : विद्यार्थी पूस्तक भण्डार, २०५४ ।

२. गौतम, रमेशप्रसाद, **भावनाको वगरमा**, काठमाडौं : सविता गौतम, २०५० ।

३. ______________, **वसन्तका बोटहरू**, काठमाडौं : सविता गौतम, २०५४ ।

४. ______________, **शिक्षा सौगात**, काठमाडौं : सविता गौतम, २०५८ ।

५. ______________, **उजाड वसन्त**, काठमाडौं : सविता गौतम, २०६२ ।

६. ______________, **नागरिक शिक्षा**, काठमाडौं : सविता गौतम, २०६२ ।

७. ______________, **शिक्षाको उज्यालोमा द्वन्द्वको बादल**, काठमाडौं : सविता गौतम, २०६२ ।

८. ______________, **शिक्षा र नयाँ नेपाल**, काठमाडौं : सविता गौतम, २०६५ ।

९. **गौतम वंशावली**, काठमाडौं : गौतम समाज, २०५८ ।

१०. जोशी, कूमारबहादूर, **देवकोटाका कविता-यात्राको विश्लेषण र मुल्याङ्कन**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४७ ।

११. बराल, कृष्णहरि, **कवि भुपि : विश्लेषण र मुल्याङ्कन**, दो.सं., काठमाडौं : विद्यार्थी पूस्तक भण्डार, २०५९ ।

### (ख) पत्रपत्रिकाहरू

१. कवितासङ्ग्रह लोकार्पण, **गोरखापत्र,** (२०५४ भदौ २८ गते), पृ.३ ।

२. कवितासङ्ग्रहको विमोचन समारोह, **हाम्रो प्राङ्गण,** (वर्ष २, अङ्क २/३, २०५४-०५५), पृ.८८ ।

३. जगदीशचन्द्र गौतम र घनश्याम गौतम, गौतम समाजको स्थापना र यसको नालीबेली, **गौतम समाज स्मारिका,** (वर्ष १, अङ्क १, २०५६), पृ.५-९ ।

४. दूर्गाबहादूर घर्ती, नेपाली साहित्यमा गौतम-बन्धूहरू, **गौतम समाज स्मारिका,** (वर्ष १, अङ्क १, २०५६), पृ.३२-३५ ।

५. देशको कथा, **कान्तिपूर,** (२०६२ साउन १५ गते), पृ.७

६. पूस्तक विमोचन, **गोरखापत्र,** (२०६२ जेष्ठ ५ गते), पृ.२ ।

७. पूस्तक समीक्षा, **नेपाल समाचारपत्र,** (२०६० साउन १६ गते), पृ.५ ।

८. रमेशप्रसाद गौतम, मनवती खोलामा छलाङ्, **कान्तिपुर,** *कोपिला* (२०६३ माघ ५ गते), पृ.घ ।

९. रमेशप्रसाद गौतम, म र म भित्रको कविता, **हाम्रो प्राङ्गण**, (वर्ष २, अङ्क २/३, २०५४-०५५) पृ.२२ ।

१०. रमेश बानियाँ, साक्षात्कार, **प्रतिप्रश्न,** (२०६२ साउन २८ गते), पृ.३ ।

११. विमोचन, **मधूपर्क,** (वर्ष २६, अङ्क ४, २०५० भदौ), पृ.६३ ।

१२. व्यक्तित्व र कृतित्व, **अजेण्डा,** (वर्ष १, अङ्क ३५, २०६३ साउन २४ गते), पृ. ।

## परिशिष्ट : १

जीवनी, योगदान, विचार आदि विषयमा शोधनायकसँग **२०६६ भाद्र ६** गते विशेष कूराकानी गर्ने अवसर पाएको थिएँ । मैले उक्त दिन उहाँसँग जे जति कूराकानी गरेको थिएँ, त्यसको सारसङ्क्षेप यहाँ प्रस्तूत गरेको छू ।

**१. यहाँको जन्म कहिले र काहाँ भएको हो ?**

मेरो जन्म वि.सं. २००६ साल फागून ११ गते काठमाडौंभित्रको रमणीय गाउँ स्यूचाटार गा.वि.स. वडा नं. ८ मा भएको हो ।

**२. यहाँको दाजूभाइ र दिदी बहिनीहरू कति छन्, ती मध्ये यहाँ कून भाइ हूनूहून्छ?**

मेरो, म सहित पाँच दाजूभाइहरू र एक बहिनीका साथैं म साहिँला छोरा हूँ ।

**३. यहाँले उच्च शिक्षा कतिसम्म हासिल गर्नू भएको छ ?**

त्यो बेलाको शिक्षा त्यति सहज तरिकाले लिन सकिँदैंन थियो । मैले समय र परिस्थितिसँग जूद्धै एम.ए, बी.एड सम्म उत्तीर्ण गरेको छू ।

**४. यहाँको विद्यार्थी जीवनको केही अनूभव बताइदिनू हून्छ कि ?**

मेरो विद्यार्थी जीवनको सूरुआतहरूमा पढ्न निकै कष्ट गर्नू परेको थियो । स्कुल नजिक नहूँदा एक/डेढ घण्टा हिँडेर स्कुल जानूपर्थ्यो । मलाइ सानैदेखि पढ्न धेरै रुचि थियो तर स्कुल टाढा भएको हूनाले घरबाट स्कुल जान बेला-बेलामा बिभिन्न कारणबाट रोकिन्थ्यो । त्यसबेला म शान्ति निकून्ज स्कुलमा पढ्थे । सानो कक्षामा हूँदा म धेरै बोल्दैन थिएँ । गल्तीको विरोध गर्थे । साथीहरूको गल्ती औँल्याइदिँदा बेला-बेलामा साथीहरूसँग झगडा पर्दथ्यो । म लेखपढ गर्न तेज भएको हूनाले गूरुहरूले मलाइ मन पराउनूहून्थ्यो । मैले जनप्रभात स्कुलबाट वि.सं. २०२१ सालमा एस.एल.सी. उत्तीर्ण गरेको हूँ ।

**५. यहाँको प्रथम प्रकाशित कविता कून हो र कहिले प्रकाशित भएको थियो ?**

मेरो पहिलो प्रकाशित कविता 'परिवर्तन' वि.सं. २०२५ सालमा प्रकाशित भएको थियो ।

**६. यहाँले अन्य विधाभन्दा कवितालाई नै जीवन-यात्रामा महत्त्व दिनूको कारण के होला ?**

मैले कवितालाई नै सूख-दू:खको अभिन्न साथी बनाएँ । बौद्धिक मन्थनको आरोह र अवरोहमा कविताले मलाई बढी सन्तोष दिएकोले म यस विधातर्फ आकर्षित भएँ ।

**७. यहाँको हालसम्म प्रकाशित कृतिहरू कति वटा छन् ?**

हालसम्म मेरो आठवटा कृतिहरू प्रकाशित भएका छन् । त्यसमा पनि साहित्यिक कृतिहरू तीनवटा, **भावनाको बगरमा**, **वसन्तका बोटहरू** र **उजाड वसन्त** रहेका छन् भने अन्य शैक्षिक लेखहरूको सँगालोको रूपमा **शिक्षा सौगात**, **सम ग्लिमसेज अफ सिभिक एजूकेसन**, **नागरिक शिक्षा**, **शिक्षाको उज्यालोमा द्वन्द्वको बादल** र **शिक्षा र नयाँ नेपाल** हून् ।

**८. यहाँको विचारमा साहित्य के हो ?**

जीवनको यथार्थ वस्तूस्थिति समाजकै सामून्ने प्रस्तूत गर्ने कला साहित्य हो।

**९. साहित्य सिर्जनाका प्रेरणाका स्रोतहरू के के हून् ?**

मेरो सानैदेखि साहित्यमा रुचि भएकोले आफ्नो परिवेशभित्रका हरेक क्रियाकलापले मानसपटलमा घच्घच्याइरहेका हून्थे । रमणीय वातावरण अनि आफुले देखेका र भोगेका कूराहरूलाई व्यक्त गर्न हात सलबलाइरहेका हून्थे भने साहित्यकारहरूको भेटघाटमा पनि साहित्य सिर्जना गर्न प्रेरणा मिली रहन्थ्यो ।

**१०. यहाँ कून-कून साहित्यकारहरूबाट बढी नै प्रभावित हूनूहून्छ ?**

प्राय: मलाई सबै साहित्यकारहरू मनपर्छ । त्यसमा पनि विशेष गरेर **महाकवि लक्ष्मीप्रसाद देवकोटा** र उहाँको कृतिहरूबाट बढी नै प्रभावित भएको छू।

**११. यहाँको खानपान र अरू के कस्तो रुचिहरू छन् ?**

खानामा साधारण नेपालीहरूले जे खान्छन् म त्यस्तै खाना खान रुचाउँछू भने लगाउने कूरामा चाहिँ आफुलाई सूहाउने खालको कूनै पनि लूगा लगाउने गर्दछू । फूर्सदको समयमा अन्य साहित्यकारहरूको कृति पढ्न रुचाउँछू ।

# परिशिष्ट : २

## गौतम वंशवृक्ष

